# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २८ बिहीबार, ५ चैत २०८२ | SOURYA NATIONAL DAILY | Thursday, 19 March 2026 | पृष्ठ : ८+२ मूल्य रू. ५


## समानुपातिक सांसद्‌लाई आज प्रमाणपत्र, आजै राष्ट्रपतिलाई प्रतिवेदन बुझाइने

■ सौर्य समाचार

काठमाडौँ । निर्वाचन आयोगले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदहरूलाई आज (बिहीबार) प्रमाणपत्र वितरण गर्ने भएको छ। सोमबार समानुपातिकतर्फका ११० सांसदको सूची सार्वजनिक गर्दै आयोगले चैत ५ मा प्रमाणपत्र दिइने पूर्वजानकारी गराइसकेको छ। आज बिहान साढे ११ बजे आयोगको परिसरमा प्रमाणपत्र प्रदान गरिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। फागुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट ६ दलले समानुपातिकतर्फको सिट पाएका थिए।

आयोगले सोमबार सार्वजिनक गरेको विवरणअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिकतर्फ ५७ सांसद निर्वाचित भएका छन् भने नेपाली कांग्रेसबाट २०, नेकपा एमालेबाट १६, नेकपाबाट ९, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट ४/४ जना सांसद निर्वाचित भएका छन्। त्यस्तै, प्रत्यक्षतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले ९, नेकपा ८, श्रम संस्कृति पार्टी ३, राप्रपा र स्वतन्त्र १/१ स्थानमा निर्वाचित भएका छन्। दलहरूले समानुपातिक बन्दसूचीबाट सोहीअनुसारको नाम आइतबार आयोगलाई बुझाएका थिए भने आयोगले सोमबार निर्णय गर्दै निर्वाचित उम्मेदवारहरूको नामावली सार्वजनिक गरेको थियो। समानुपातिकतर्फ निर्वाचित सांसदहरूलाई प्रमाणपत्र दिएपछि आजै 'प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२' को निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बुझाउने कार्यतालिका छ। यसका लागि आयोगले राष्ट्रपति कार्यालयसमक्ष दिउँसो ४ बजेको समयसमेत माग गरिसकेको छ। राष्ट्रपतिसमक्ष निर्वाचन परिणामसहितको प्रतिवेदन बुझाएपछि संविधानको धारा ७६(१) अनुसारको सरकार गठनका लागि आह्वान गर्ने बाटो खुल्नेछ। आयोगले आजै बेलुकी साढे ५ बजे आयोगको केन्द्रीय कार्यालयस्थित मिडिया सेन्टरको हलमा पत्रकार सम्मेलनसमेत गर्ने भएको छ।

# झन्डै दुई तिहाइको सरकारलाई 'लगाम कस्ने' प्रतिपक्षी कति बलियो ?



**कमजोर देखिनेछ प्रतिपक्षीको संख्यात्मक उपस्थिति**

| | |
|---|---|
| कांग्रेस | ३८ |
| एमाले | २५ |
| नेकपा | १७ |
| श्रम संस्कृति | ७ |
| राप्रपा | ५ |
| स्वतन्त्र | १ |
| जम्मा | ९३ |

■ कृष्ण उप्रेती

काठमाडौँ । लोकतान्त्रिक पद्धति अनाइएका देशमा संसद् सञ्चालनमा मुख्य जिम्मेवार भनेकै विपक्षी दल हुन्। कार्यपालिकाले बाटो बिराएमा त्यसलाई ट्र्याकमा ल्याउने मुख्य जिम्मेवारी नै विपक्षीको हुन्छ। नेपालको सन्दर्भमा पनि प्रतिनिधिसभाको मुख्य काम हेर्ने हो भने सरकार निर्माण, कानुन बनाउने, बजेट पारितसँगै संसदीय अनुगमन र संसदीय सुनुवाइ पनि हो। जति बलियो विपक्षी हुन्छ, सरकार पनि त्यति नै सजग हुन्छ भन्ने मान्यता संसदीय अभ्यासमा हुन्छ।

यस पटक प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी करिब दुई तिहाइ बहुमतसहित उपस्थित हुँदै छ। संख्यात्मक हिसाबमा हेर्ने हो भने यस पटक प्रतिपक्षीको उपस्थिति कमजोर देखिनेवाला छ। तर, विपक्षीको आवाज बुलन्द भए सत्ता पक्षले त्यसलाई सहजै अस्वीकार गर्ने अवस्था पनि हुँदैन। त्यसका लागि सांसदहरूको तर्फबाट प्रतिनिधित्व गर्ने नेतामा पनि निर्भर रहन्छ। यसअघिको प्रतिनिधिसभामा राप्रपा संख्यात्मक हिसाबमा सानो भए पनि दलको नेताका रूपमा राजेन्द्र लिङ्देन र प्रमुख सचेतक ज्ञानेन्द्र शाहीको हरेक प्रस्तुति र आवाज समाचारका मुख्य शीर्षक बने। उनीहरूले उठाएका विषयले आमनागरिकको दैनन्दिनलाई पनि छुने गरेका थिए। त्यस्तै, नेमकिपाका प्रेम सुवाल एक्ला सांसद थिए भने अमरेशकुमार सिंह स्वतन्त्र सांसद थिए। तर, उनीहरूले संसद्‌मा उठाएका विषय र सत्तापक्षलाई सचेत गराएका विषय अहिले पनि सान्दर्भिक देखिन्छन्। भलै त्यसबेला सत्तापक्षले उनीहरूको आवाज दबाउने भरपूर प्रयास गरे। २७५ सिटमध्ये प्रतिनिधिसभामा रास्वपा १८२, नेपाली कांग्रेस ३८, नेकपा एमाले २५, नेकपा १७, श्रम संस्कृति ७, राप्रपा ५ र स्वतन्त्र १ सिटसहित उपस्थित हुँदै छन्। जसमा रास्वपाबाहेक सबै प्रतिपक्षमा हुनेछन्। जसमा नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी हुनेछ।

यसअघिका प्रतिनिधिसभामा विपक्षीहरूको उपस्थिति करिब सत्तापक्ष जत्तिकै बलियो हुने गरेको थियो। सरकार बनाउँदा नै गठबन्धनमार्फत् जोडजाड गर्नुपर्ने बाध्यता हुने गरेकाले प्रतिपक्ष संख्यामा सत्तापक्ष जत्तिकै बलियो हुने गरेको थियो। जसकारण हप्तौं-महिनौंसम्म पनि अधिवेशन अवरोध भएका थिए। तर, यस पटक करिब दुई तिहाइसहित एउटा दल सत्तापक्षमा बस्दा बाँकी ९३ जना प्रतिपक्षमा हुनेछन्। कांग्रेस ३८ सिटसहित संसदीय दलको सूचीमा दोस्रो र प्रमुख प्रतिपक्षी दलको स्थानमा हुनेछ भने अघिल्लो संसद्‌मा ७९ सिटसहित दोस्रो स्थानमा रहेको एमाले २५ सिटसहित तेस्रो स्थानमा रहनेछ। ३२ सिटसहित २०७९ को प्रतिनिधिसभामा तेस्रो शक्ति रहेको तत्कालीन माओवादी केन्द्र (हालको नेकपा) १७ सिटसाथ चौथो, पहिलो पटक संसद् प्रवेश गरेको श्रम संस्कृति पार्टी ७ सिटसहित पाँचौं तथा राप्रपा ५ सिटसहित छैटौं स्थानमा रहनेछन्। स्वतन्त्रतर्फ महावीर पुन १ जना मात्र देखिनेछन्।



### विरोधभन्दा पनि विषयकेन्द्रित हुन जरुरी

● **विपिन अधिकारी**, *संविधानविद्*

संविधान र लोकतन्त्रको मर्मलाई पालना गर्ने हो भने रास्वपा प्रतिपक्षी दलहरूसँगको सहकार्यमै अघि बढ्ला भन्ने अपेक्षा छ। अघिल्ला उदाहरणलाई दोहोऱ्याउने हो भने त्यसले अस्थिरता निम्त्याउँछ। प्रतिपक्षहरू पनि विरोधभन्दा विषयमा केन्द्रित हुन जरुरी छ।

## ■ कुन पार्टीले कसलाई बनाउँदै छन् दलको नेता ?

> दलको नेतामा नेकपाबाट प्रचण्ड, श्रम संस्कृतिबाट हर्क साम्पाङ, राप्रपाबाट ज्ञानेन्द्रबहादुर शाहीको टुंगो लागिसक्दा कांग्रेसले छलफल नै अघि बढाएको छैन भने एमाले अध्यक्ष ओली पितृशोकमा भएकाले सांसदहरूको शपथपछि मात्र दलको नेता टुंगो लाग्नेछ

निर्वाचन आयोगले राष्ट्रपतिसमक्ष निर्वाचनसम्बन्धी अन्तिम प्रतिवेदन बुझाएसँगै संसदीय दलको नेता चयन प्रक्रिया सुरु हुने भए पनि संसद्‌मा उपस्थित हुने सबै दलले नेता चयनका लागि छलफल सुरु गरिसकेका छन्। नेकपा र श्रम संस्कृतिको दलको नेता करिब टुंगो लागिसके पनि बाँकी दल भने आन्तरिक छलफलमै छन्। यस पटकको निर्वाचनमा पार्टीका शीर्ष नेता तथा पदाधिकारीहरू नै पराजित भएका कारण दलको नेता चयनमा अलमल देखिएको छ। नेकपाबाट संयोजक पुष्पकमल दाहाल प्रचण्ड स्वयं निर्वाचित भएकाले उनी नै दलको नेता चयन हुनेछन्। त्यस्तै, श्रम संस्कृतिमा पनि अध्यक्ष हर्क साम्पाङ नै दलको नेता बन्नेछन्। उता, राप्रपाले प्रत्यक्षतर्फ १ मात्र निर्वाचित ज्ञानेन्द्रबहादुर शाहीलाई दलको नेता बनाउने अनौपचारिक निर्णय गरिसकेको छ भने कांग्रेस र एमालेले भने परिस्थितिअनुसारका अनुहार चयन गर्ने भन्दै यसबारे कुनै औपचारिक तयारी सुरु गरेका छैनन्।

कांग्रेसबाट जम्मा ३८ जनाले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्दै छन्। संसद्‌मा कांग्रेसको कमजोर उपस्थिति हुँदै गर्दा दलको नेतामाथि नै अबको ५ वर्ष कांग्रेसको संसदीय यात्रा निर्भर हुने देखिन्छ। यस पटक कांग्रेसका कोही पनि पदाधिकारी सांसद चुनिएनन्। प्रत्यक्षतर्फ टेकबहादुर गुरुङ, मोहन आचार्य र जनक गिरी निर्वाचित भएका केही पुराना नेता हुन् भने समानुपातिकतर्फ वरिष्ठ नेता अर्जुननरसिंह केसी र भीष्मराज आङ्देम्बे जस्ता अनुभवी नेताहरू चयन भएका छन्। ▸▸▸ बाँकी पृष्ठ ६

## ■ दुई तिहाइको भिडमा दबिन सक्छ प्रतिपक्षको आवाज

यस पटक प्रतिनिधिसभामा जम्मा ६ दलको उपस्थिति हुनेछ भने रास्वपाबाहेक सबै दल प्रतिपक्षमा रहनेछन्। यससँगै प्रतिपक्षमा रहने दलहरूको उपस्थिति र उनीहरूको भूमिकामा सबैको नजर रहनेछ। अहिलेको अवस्थामा एकल सरकार बन्ने भएकाले सरकारको सम्भावित निरंकुशतामाथि नियन्त्रण र संसद्‌प्रति जबाफदेही बनाउन प्रतिपक्षको भूमिका अहम् हुनेछ। त्यसका लागि भने दलहरूले चयन गर्ने संसदीय दलको नेता र प्रमुख सचेतक नै मुख्य जिम्मेवार हुन्छन्। विपक्षका सबै दल मिल्दा पनि ९३ जनामात्र हुने भएकाले १८२ को भिडमा ती ९३ जनाको आवाज दबिन सक्ने अनुमान विश्लेषकहरूको छ। तर, फरक परिस्थितिमा 'नयाँ' सांसदले भरिएको प्रतिनिधिसभा भएकाले पुराना दृष्टान्तहरू पुनरावृत्ति नहुने संविधानविद् विपिन अधिकारी बताउँछन्।

'संविधान र लोकतन्त्रको मर्मलाई पालना गर्ने हो भने रास्वपा प्रतिपक्षी दलहरूसँगको सहकार्यमै अघि बढ्ला भन्ने अपेक्षा छ। अघिल्ला उदाहरणलाई दोहोऱ्याउने हो भने त्यसले अस्थिरता निम्त्याउँछ,' अधिकारी भन्छन्, 'प्रतिपक्षीहरू पनि विरोधभन्दा विषयकेन्द्रित हुन जरुरी छ।' यस पटक दलहरूले स्वस्थ प्रतिपक्षीको भूमिका निभाउने अधिकारीको अनुमान छ। तर, फेरिएको मत परिणाम र सोहीअनुसार सरकार बन्दै गर्दा बिचौलियाहरूले दलका नेताहरूलाई प्रभावमा पारेर प्रतिनिधिसभामा अस्वस्थ सहभागिता बनाउन हरप्रयास गर्ने भएकाले त्यसतर्फ सत्ता र प्रतिपक्ष दुवै सचेत हुनुपर्ने उनको सुझाव छ। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को परिच्छेद ५ मा संसदीय दलको व्यवस्था छ। ऐनको दफा २५ मा दलको नेता तथा दफा २६ मा अन्य पदाधिकारीको व्यवस्था गरिएको छ। जसअनुसार संसद्‌मा दलको तर्फबाट उपस्थित सांसदहरूको परिचालन संसदीय दलमार्फत् हुने उल्लेख छ। दफा २८ अनुसार दलको नेताले सदस्यलाई निर्देशन दिन सक्ने व्यवस्था गर्दै उपदफा १ मा संसदीय दलका नेताको निर्देशनबमोजिम दलको सचेतकले सरकारको विश्वास वा अविश्वासको प्रस्ताव, सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट, राष्ट्रिय वा सार्वजनिक महत्वका अन्य कुनै विषयमा ह्विप जारी गर्न सक्ने उल्लेख छ। यसरी कानुनले नै सत्तापक्षको अनुचित कदम रोक्न प्रतिपक्षी दललाई अधिकार दिएको छ।




घोडेजात्राको अवसरमा सैनिक मञ्च टुँडिखेलमा बुधबार विभिन्न कलाकौशल प्रदर्शन गरिँदै। चैत्र कृष्ण औँसीका दिन काठमाडौँ उपत्यकामा घोडेजात्रा मनाउने चलन छ। टुँडिखेलको पूर्व-दक्षिण दिशाको रूखमा बास गर्ने गुरुमापा राक्षसले सहरका बालबालिकालाई खाने गरेपछि स्थानीयले राक्षसलाई मारे। तर, उसको प्रेतात्माले बालबालिकालाई अनिष्ट गर्न सक्ने भयका कारण घोडाको टापले कुल्चाएर गुरुमापाको आत्मा दबाउने विश्वाससाथ घोडेजात्रा मनाउन थालिएको जनविश्वास छ। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

## ■ सांसदहरूलाई रविको सुझबुझपूर्ण निर्देशन

# न विपक्षीलाई गाली, न उत्तेजक अभिव्यक्ति

■ **सांसदहरूलाई लामिछानेले भने–**

> पुराना राजनीतिक दललाई जनताले ३६ वर्ष कुरे, हामीलाई ३६ महिना पनि कुर्दैनन्। हामीले आफूलाई केन्द्रमा राखेर होइन, जनता र देशलाई केन्द्रमा राखेर काम गर्नुपर्छ




■ सौर्य समाचार

काठमाडौँ । सधैँजसो उत्तेजित शैलीमा अभिव्यक्ति दिने राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने बुधबार परिपक्व र जिम्मेवार नेताका रूपमा सुनिए। नवनिर्वाचित सांसदहरूका लागि आयोजित अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रमको समापन समारोहमा बोल्दै गर्दा उनका हरेक अभिव्यक्ति सन्तुलित र विचारणीय थिए। दुई तिहाइको भारी बोक्न रविलाई गाह्रो हुने विश्लेषण हुँदै गर्दा उनले बोलेका हरेक शब्द ओजपूर्ण र परिपक्व राजनीतिक चेतका लाग्थे। रास्वपा सांसदहरूलाई अभिभावकत्व प्रदान गर्ने सवालमा पनि उनी निकै जिम्मेवार देखिए।

लामिछानेले आफ्ना सांसदलाई अभिमुखीकरण मात्र गराएनन्, रास्वपाको दायित्व र जनताका अपेक्षाबारे सबैले बुझ्ने गरी आफ्ना अभिव्यक्ति राखे। लामिछानेमा आफ्ना सांसदहरू ट्र्याकबाहिर जाने चिन्ता पनि देखिन्थ्यो भने जनताको अपेक्षा पूरा गर्नुको विकल्प रास्वपासँग नभएको छटपटाहट पनि थियो। पुराना दलहरूलाई गाली नगरी आफ्ना सांसदहरूलाई उनीहरूको दायित्व सम्झाएका उनले रास्वपाको योजना समग्र देशको विकास गर्नु रहेको स्पष्ट पारे। सांसदले आफ्नो क्षेत्रको विकास गरेर मात्रै देशले न्याय नपाउने भएकाले समग्र मुलुकको विकासमा केन्द्रित हुन सबैलाई निर्देशनसमेत दिए।

सभापति लामिछानेले पार्टीले उठाएको 'राइट टु रिकल'को व्यवस्थालाई यस पटक कडाइका साथ लागू गर्नुपर्ने बताउँदै आचरणमा नबस्ने सांसदहरूलाई पार्टीले फिर्ता बोलाउने चेतावनी पनि दिए। सांसदको संख्या घट्ला वा सरकार अल्पमतमा पर्ला भन्ने कुराको परबाह नगरी खराब आचरण गर्ने सांसदलाई पार्टी विधानले दिएको अधिकार प्रयोग गर्दै फिर्ता बोलाउने उनको भनाइ थियो। 'रास्वपाभित्र देशको अनुहार छ। अहिले जोडिएका साथीहरू यो देशको अनुहार हो। यही समाजबाट हामीले प्राप्त गरेका अनुहारहरू हौँ। हामीभित्र कसैको विवाद पनि होला, कसैको उच्च छवि होला, कसैको सामान्य किसिमको सार्वजनिक जीवन होला,' उनले भने, 'जे-जस्तो भए पनि एउटा कुरा आज मैले साथीहरूलाई राखेर स्पष्ट के बताउनुपर्छ भने- सरकार दुई-तिहाइको छ, संख्या घट्ला अथवा सरकार बहुमतमा रहन्छ, संख्या घट्ला, अल्पमतमा पर्ला भन्ने कुराको परवाह नगरीकन रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको राइट टु रिकलको व्यवस्थालाई यस पटक कडाइका साथ लागू गर्नेछ। सभापति लामिछानेले सांसदले आफ्नो क्षेत्रको विकास गरेर मात्रै देशले न्याय नपाउने भएकाले समग्र मुलुकको विकासमा केन्द्रित हुन सबैलाई निर्देशन दिए। जनताले दिएको जिम्मेवारी आफूहरूको काँधमा आइपुगेको भन्दै उनले सांसदहरूलाई जिम्मेवार भई जनहितमा काम गर्न आग्रह गरे। 'संसद्‌को लोगो लगाएपछि पनि महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्छ, पारदर्शिता राजनीतिको महत्वपूर्ण पक्ष हो। सांसद निर्वाचित भएको व्यक्तिको जनतासँग सधैँ असल सम्बन्ध हुनुपर्छ। ▸▸▸ बाँकी पृष्ठ ६

### के–के भने ?

- यस पटक यो शक्तिको दौडधुपको पसल बन्द गर्नुहोला। कानुन निर्माताका रूपमा तपाईंहरूको जिम्मेवारी, हाम्रो जिम्मेवारी अत्यन्त गहन छ।
- हामीलाई कुनै बहाना बनाउन नपाउने गरी दिल खोलेर लगभग दुई तिहाइको बहुमत दिएका छन्। अब केको बाधा ? अब केले अड्काउँछ हामीलाई ? अब अड्काउने भनेको तपाईंहाम्रो नियतले मात्रै हो।
- शक्ति प्राप्त गरिसकेपछि आँखामा जुन पट्टी आउँछ, अब त्यो पट्टी हामीले खोल्न सक्नुपर्छ।
- 'म' केन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन र देशकेन्द्रित राजनीति गर्न सकिएन भने हाम्रो हविगत पुराना राजनीतिक दलका नेताहरू भन्दा पनि बत्तर हुन्छ।
- कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा, १ कप चिया खानुभन्दा अगाडि, उसको एक घुट्को पानी खानुभन्दा अगाडि सहिदलाई सम्झिनुहोला।
- यो सामान्य चुनाव होइन, सहिदको बलिदानबाट आएको अवसर हो। त्यसैले यहाँ हल्काफुल्का अभिव्यक्ति दिने छुट कसैलाई छैन।
- दुई तिहाइ बहुमत होस् वा नहोस्, पार्टीले 'राइट टु रिकल' को व्यवस्था कडाइका साथ लागू गर्नेछ। पार्टीले अनुशासनमा कुनै सम्झौता गर्दैन।
- हामीले नागरिकसँग परिवर्तनको करार गरेका छौँ। त्यो करार अक्षरशः पूरा गर्नुपर्छ। मन्त्री बन्ने दौड, मिडिया ट्रायल बन्द गर्नुहोस्।
- इतिहासमा पुराना नेताहरूको योगदानलाई सम्मान गर्छु। विजयको उन्मादमा विपक्षीप्रति कटाक्ष नगर्नुहोस्। त्यस्तो व्यवहार कदापि स्वीकार्य छैन।

# बालेन सरकारका लागि तयार भयो 'गुड गभर्नेन्स ब्लु प्रिन्ट'

## ■ रास्वपाको बाचासँग कति नजिक छन् सुझाव ?



■ सौर्य समाचार

काठमाडौँ । भ्रष्टाचार नियन्त्रण र सुशासनलाई मुख्य एजेन्डा बनाएर चुनावबाट करिब दुईतिहाइ मत ल्याएको रास्वपा सरकार गठनको गृहकार्यमा छ। सोही विषयलाई मुख्य मुद्दा बनाएर गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनले तत्कालीन सरकार ढालेर पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा गैरदलीय सरकार बनायो। र, सोही सरकारले शान्तिपूर्ण चुनाव गराएर रास्वपा नेतृत्वको सरकारलाई सत्ता हस्तान्तरण गरेर बिदा हुने तर्खरमा छ। विशाल जनमतसहित रास्वपाको नेतृत्वमा नयाँ सरकारका लागि सरकारले सुशासनको मार्गचित्रसमेत तयार पारेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित १५ सदस्यीय उच्चस्तरीय समितिले संसद्‌को नियमित कार्य तथा सरकार र न्यायालयमा गर्नुपर्ने सुधारका विषय समेटेर 'गुड गभर्नेन्स ब्लु प्रिन्ट' तयार पारेको हो। समितिले संघ-प्रदेश-स्थानीय तहबीच समन्वय संयन्त्रलाई सक्रिय बनाउन, अन्तरसरकारी समानान्तर संरचनाहरू खारेज गर्न र प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउन सुझाव दिएको छ। त्यस्तै, स्थानीय सरकारलाई झन्झटमुक्त, प्रविधिमैत्री र नागरिकमुखी शासन प्रणालीतर्फ रूपान्तरण गर्न तथा कर प्रशासनलाई पूर्ण डिजिटाइज गर्ने नीति लिन समितिको सुझाव छ। कर्मचारी प्रशासन सुधारतर्फ पदस्थापन, सरुवा र बढुवा प्रक्रियालाई पारदर्शी, पूर्वानुमानयोग्य र सूचना प्रणालीमा आधारित बनाउनुपर्ने तथा कार्यसम्पादन मूल्यांकनलाई नतिजामा आधारित बनाउनुपर्ने समितिको सुझाव छ।

## के छ रास्वपाको बाचा ?




सरकार बनाउने तयारीमा रहेको रास्वपाले चुनावअघि नै रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार भन्दै सार्वजनिक गरेको बाचापत्रमा २०४६ सालदेखि महत्वपूर्ण सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गर्ने उल्लेख गरेको छ। त्यस्तै, अवैध रूपमा आर्जित प्रमाणित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्न स्पष्ट कार्यविधि तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, सार्वजनिक सेवा लिन लाइन लाग्नुपर्ने चलन अन्त्य गर्दै अनलाइनको नीति लिएको छ। रास्वपाको बाचापत्रमा भनिएको छ– 'राष्ट्रिय अभिलेख र डिजिटल सुशासन सुदृढीकरण गर्न नेपालमा बसोबास गर्ने सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकीकृत राष्ट्रिय डाटाबेस निर्माण गर्छौं। यसमार्फत् राष्ट्रिय अभिलेख व्यवस्थालाई सुदृढ बनाउँदै सेवा प्रवाह, सामाजिक सुरक्षा र सार्वजनिक नीति कार्यान्वयनलाई तथ्यांक-आधारित बनाई सुशासनको भरपर्दो आधार निर्माण गर्छौं।' सरकारी सेवा लिन कार्यालय-कार्यालय धाउनुपर्ने, लाइन बस्नुपर्ने, मध्यस्थको भर पर्नुपर्ने र कर्मचारीसँग अनावश्यक प्रत्यक्ष भेटघाट गर्नुपर्ने हैरानी अन्त्य गर्ने रास्वपाको बाचा छ। ' पारदर्शिता, पहुँच र उत्तरदायित्व सुनिश्चित गर्न 'डिजिटल सर्भिस डेलिभरी' को समयबद्ध कार्ययोजना स्वीकृत गरी चरणबद्ध र कडाइका साथ कार्यान्वयन गर्नेछौं,' बाचापत्रमा भनिएको छ।' रास्वपाले क्षमता, क्षेत्राधिकार, नियुक्ति प्रक्रिया, कर्मचारी छनोटलगायतमा संशोधन गरी स्वतन्त्र, सक्षम र उत्तरदायी संवैधानिक निकायहरूको संस्थागत सुशासन सुदृढ गर्ने भनेको छ। मन्त्रिपरिषद्‌ले गर्ने ' नीतिगत निर्णय'को स्पष्ट परिभाषा गर्ने रास्वपाको बाचा छ।

# सडक आश्रित मानवमुक्त घोषणा गर्दै काठमाडौँ महानगर

■ सौर्य समाचार

काठमाडौँ । काठमाडौँ महानगरपालिकाबाट करिब ८ वर्षको अवधिमा २ हजार ९१९ जना सडक आश्रितको उद्धार गरिएको छ । महानगरले २०७४ मंसिर १ गते मानव सेवा आश्रमसँग सम्झौता गरेर सडक आश्रित मानव व्यवस्थापनको काम सुरु गरेको हो । आश्रमका अध्यक्ष रामजी अधिकारीका अनुसार यसरी उद्धार गरिएकामध्ये ३१५ जनाको मृत्यु भएको छ । ७१३ जनालाई पारिवारिक पुनर्मिलन र ३३६ जनालाई सामुदायिक पुनर्मिलन गराइएको जनाउँदै उनले उद्धार गरिएकामध्ये अहिले आश्रमको संरक्षणमा २६८ जना रहेका बताए । महानगरले भौगोलिक क्षेत्रलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त घोषणा गर्ने तयारीस्वरूप उक्त कार्य गरेको महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

उनले भनिन्, 'घोषणाको तयारी थाल्दा घोषणा गर्ने मात्र नभई त्यसलाई दिगो बनाउने कानुनी, प्रशासनिक तथा व्यावहारिक पक्ष सक्रिय बनाउन लागेका छौँ । यसका लागि समन्वय र सहजीकरणको विषय सुनिश्चित गर्नुपर्छ ।' महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले सडकमा आश्रित सहयोगापेक्षीलाई उद्धार गरेर आश्रममा लैजाने क्रम अहिले पनि जारी रहेको उल्लेख गरे । महानगरले आश्रमलाई २ करोड ८४ लाख ७३ हजार २३७ रुपैयाँ प्रदान गरिसकेको छ । उद्धार कार्यका लागि आवश्यक पर्ने एउटा सवारीसाधन उपलब्ध गराएको उनले जानकारी दिए । सहयोगापेक्षीको पहिचान, सिफारिस र व्यवस्थापनमा समन्वय गर्ने काम पनि भइरहेको आश्रमका अध्यक्ष अधिकारीले बताए । सडक सेवा, पञ्जीकरण र उद्धार कार्यमा जनप्रतिनिधि, प्रशासनिक कर्मचारी, महानगर प्रहरी बलको नियमित सक्रियता छ ।

अध्यक्ष अधिकारीका अनुसार काठमाडौँका सडक आश्रितलाई उद्धार गर्दा रानीवन शाखामा २५० जनाभन्दा धेरैलाई व्यवस्थापन गर्न सकिन्छ । सामाखुसीमा ५० बढी, रानीवन शाखामा १०० बढी, प्रस्तावित चुनदेवी शाखा, धुनीबेँसी शाखा र गजुरी गाउँपालिका हरेकमा ५० जनाभन्दा बढीको व्यवस्थापन क्षमता छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य तथा अधिकारमा सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिको पुनःस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने व्यवस्था उल्लेख छ ।

यो व्यवस्थाको दिगो कार्यान्वयनका लागि नीतिगत तथा संस्थागत व्यवस्था, सहयोगापेक्षीको व्यवस्थापन र घटनाक्रमको वैज्ञानिक अभिलेखन प्रणाली, स्वास्थ्य तथा मानसिक परामर्शसहित उद्धार, पुनःस्थापना तथा पुनर्मिलनका संयन्त्रको सक्रियता र दिगोपनाका लागि सुनिश्चित आर्थिक योजना आवश्यक पर्ने पनि अधिकारीले जानकारी दिए ।


## Buddhashanti Rural Municipality
## Office of The Rural Municipal Executive
**Budhabare, Jhapa**
**Koshi Province, Nepal**

**RE-NOTICE FOR INVITATION OF ELECTRONIC BID**

**Date of First Publication: 10th February, 2026**
**Date of Second Publication: 19th March, 2026**

1. Buddhashanti Rural Municipality office invites electronic bid from Nepalese eligible bidders under National Competitive Bidding (1S1E) procedures as mentioned below.

| S. N. | Contract Id No. | Description of Project | Bid Security Amount | Bid Security Validity Period up to |
|---|---|---|---|---|
| 1 | BRM/NCB/GOODS/ 082/083-05 | Supply and Delivery of Furniture at Gadhigaau Secondary School | NRs. 1,40,000.00 | 120 days |
| Last Date and Time of bid Submission | | | 12 pm on 3rd April, 2026 | |
| Date & Time of bid Opening | | | 12:15 pm on 3rd April, 2026 | |
| Cost of bid Document | | | Rs. 3,000.00 | |

2. Bidder is open to all eligible bidders. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Admnninistrative Officer**

**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## सामाजिक विकास कार्यालय
**भैंसेपाटी, ललितपुर**

**'विपदबाट क्षति भएका सामुदायिक विद्यालय पुनर्निर्माण कार्यक्रम'का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/१२/०५**

यस कार्यालयवाट मिति २०८२/११/१३ गते 'विपदबाट क्षति भएका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार मर्मत सुधार तथा पुनर्निर्माण कार्यक्रम' का लागि प्रस्ताब माग गरिएकोमा मिति २०८२/१२/११, १७.०० बजे सम्म समयावधी थप गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना, कार्यविधि, अनुसुची फारम तथा आवश्यक जानकारीका लागि यस कार्यालयको वेवसाइट https://sdolalitpur.bagamati.gov.np/ हेर्न सकिनेछ ।

**कार्यालय प्रमुख**

**Dipayal Silgadhi Municipality**
**Water Sector Governance and Infrastructure Support Project (WaSGISP)**
## Dipayal Silgadhi Project Implementation Unit (DSPIU)
**Dipayal Silgadhi Municipality, Silgadhi, Doti**

**Letter of Intent to Award the Contract**

**Date of Publication: 2026-03-19 (AD)**

Pursuant to the clause 27, sub-clause (2) and (3) of the Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest evaluated bid has been selected to award the contract as per invitation of bid.

The Name of Contract: Construction of Sirkholisain Water Supply Project, Contract Identification Number: NP-DWSSM-511530-CW-RFB, IFB No: 05/WS/PIU/DOTI.

Name and Address of Selected Bidder: Doleshwor Mahadev Nirman Tatha Suppliers, Pvt.Ltd, Sankhamul-10, Naya Baneshwor, Kathmandu.

Bid Amount (With VAT and PS): NRs. 37,807,651.40

**Project Manager**

## बेलौरी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बेलौरी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सुचना**

**(प्रकाशित मिति: २०८२/१२/०५)**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| | Supply, Delivery of Agriculture Machinery in Belauri Municipality Invitation Number: BELMUN/NCB/G/082-083-01 | RCT Engineering Workshop Kanchanpur-3 Jhalari | रु.८४,४४,०००/- | |

**प्रमुख प्रशासकिय अधिकृत**

**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
**धनगढी , कैलाली**

**बोलपत्र रद्द गरिएको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/१२/०४ (March 18, 2026)**

यस केन्द्र बाट मिति २०८२/१०/०९ गते आव्हान भएको बोलपत्र IFB No:- PHLMCSP/G/NCB-13.1/082-083र NCB-13.2/082-083, Procurement Supply & Delivery of Reagent (Package I: Sickle Cell test kit & Package II: TB Diagnosis machine mWRD test), सम्बद्ध बोलपत्रको सम्पूर्ण खरिद प्रक्रिया केन्द्रको मिति २०८२/१२/०३ गतेको निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गरिन्छाथप जानकारीका लागि टेलिफोन नं. +977-091-524982, email: phlmcsp@gmail.com.

**निमित्त निर्देशक**

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६
को

**गैर-बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना**

(प्रकाशित मिति २०८२/१२/०५ गते)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर-बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित कार्यालयमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

तपसिल

गैर-बैकिङ्ग सम्पत्तिको विवरण

**बोलपत्र आवेदन दर्ता तथा खोल्ने कार्यालय: केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ**

१. प्राईम कमर्सियल बैक लिमिटेडको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ (सिट नं. ४/घ) स्थित कित्ता नं. ५४०, २६ र ५२२ को क्रमश : क्षेत्रफल ०-७-२-०, ०-३-२-० र ०-५-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**बैंकिङ्ग सम्पत्ति बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/१२/०५ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८२/१२/११ गते बुधबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/१२/१२ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैर- बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गारिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. गैर-बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**कोशी प्रदेश सरकार**
**खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय**
## जलस्रोत तथा सिंचाइ विकास डिभिजन
**ओखलढुंगा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति- २०८२/१२/०५**

यस डिभिजनको मिति २०८२/११/०१ गतेको बोलपत्र आह्वानको सूचना बमोजिमको निर्माण कार्य गर्न यस डिभिजनमा PPMO EGP SYSTEM मार्फत रितपूर्वक पेश भएका बोलपत्रको यस डिभिजनद्वारा गठित मूल्याङ्कन समितिले नियामानुसार गरेको मूल्याङ्कन पश्चात देहायका बोलपत्र न्यूनतम मूल्याङंकित सारभूत रुपमा प्रभावग्राहि देखिएकाले यस डिभिजनको मिति- २०८२/१२/०४ गतेको निर्णयानुसार तपसिलमा उल्लिखित बोलपत्र स्वीकृत गर्नका लागि बोलपत्रदाता तथा सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| S.N. | Contract ID | Name of the Project | Name and Address of the Bidder | Bid Price (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | WRIDD-Okhaldhunga/works/NCB-01/082/083 | Durchhim Chhokmala Pahiro Niyantran, Haleshi Tuwachung Municipality-5, Khotang | Shiva Shakti Nirman, Triyuga-08, Udayapur Chuhade | 56,85,250.39 |
| 2 | WRIDD-Okhaldhunga/works/NCB-02/082/083 | Durchhim Rabu Saraswawa Aa.Bi., Halesi Danda Gairiguth Watum and Regmitar Dash Mure Pahiro Niyantran, Haleshi Tuwachung Municipality-5,7 and 11 Khotang. | Apsara and Anil Nirman Sewa Suppliers Pvt. Ltd, Gokarneshwor-7, Kathmandu | 45,78,722.23 |
| 3 | WRIDD-Okhaldhunga/works/NCB-03/082/083 | Dhitung Bulapanthe Khel Maidan Pahiro Niyantran , Haleshi Tuwachung Municipality-8, Khotang | Mukunda Indira Nirman Sewa, khotehang RM-4 Khotang. | 66,00,826.83 |

**डिभिजन प्रमुख**

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
**प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र**
विराटनगर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/१२/०५**

यस केन्द्रबाट प्रकाशित ठेक्का नं. PHLMC-KOSHI/G/NCB-6 (Free Essential Medicnes)/2082-83 को सूचना अनुसार निर्धारित समय र मितिमा egp मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र दफा ४७(१) प्रयोजनार्थ सम्बन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|---|
| 1 | PHLMC-KOSHI/G/NCB-6 (Free Essential Medicines) / 2082-83 | Procurement of Free Essential Medicines. | श्री द सोलुसन मेडिटेक प्रा.लि.,काठमाण्डौ | Rs. 27,61,525.00 |

निर्देशक
प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर

**Dakneshwori Municipality**
**Office of the Municipal Executive**
**Pato, Saptari**
**Madhesh Province, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2082-12-05**

The Dakneshwori Municipality, Office of the Municipal Executive Invites Electronics Sealed Quotation.

1. Eligible Bidders May obtain Further information from PPMO website may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. The Name and Identification of the Contract are as follows:

| Description of Work | Estimate Amount without VAT & Contingency | Bid Security Amount NRs | Bid Fee (NRS) | Remarks |
|---|---|---|---|---|
| **DKMUN/SQ/W/2082-83-02** *Nagarpalika Bhitra rahaiko Aadhuro Nagar Prahari Bhawan Nirman* | 1,298,730.88 | 41,000.00 | *1,000.00* | |
| **DKMUN/SQ/W/2082-83-03** *wada no 8 Prawaha toll ko dakshin nahar chhaeu ma culvert nirman karya* | 1,725,402.42 | 54,000.00 | *1,000.00* | |
| **DKMUN/SQ/W/2082-83-04** *ward no.8 toll ko mugalal pandit ghar aagadi sadak surakcha ko lagi retaining wall Nirman karya* | 1,294,880.87 | 41,000.00 | *1,000.00* | |

**Chief Administrative Officer**

**संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेत**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः- २०८२/१२/०५**

यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.क.र पि.एस बाहेक) |
|---|---|---|---|
| FUDBC/Surkhet/Works/ NCB/04/082-83 | Construction of Tribhuwan MaVi Building, Narayan Municipality, Dailekh | ANS/SNS/MB JV Kathmandu | १,८३,६१,२३३/४१ |
| FUDBC/Surkhet/Works/ NCB/05/082-83 | Construction of Mahendra Ma.Vi. Bhawan Narayan Municipality- 4&5, Dailekh | Uttam Nirman Sewa Dailekh | १,८५,८१,७०२/९७ |
| FUDBC/Surkhet/Works/ NCB/07/082-83 | Construction of building of Shree Jayadev Secondary school and Himalayan Secondary school in Chamunda Bindrasaini Municipality, Dailekh | P.S Construction Surkhet | २,४४,०२,८०२/०२ |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**शिक्षा विकास निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मितिः २०८२/१२/०५)**

यस कार्यालयबाट मिति २०८२/१०/१४ मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार विधुतिय माध्यमबाट पेश भएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा योग्य रहेको देखिएकोले सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ३१ ज (५) बमोजिम तपशिलमा उल्लेखित मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं. | ठेक्का नंणरववा किमाक र . | प्राविधिक मूल्याङ्कनबाट छनौट भएका बोलपत्रदाताहरुको विवरण |
|---|---|---|
| 1 | EDD/SKT/W/NCB/26/082-083, Construction of Incomplete R.C.C. Building of Nagarik Karnali Athiti Sewa Griha Birendranagar Municipality Ward -6 Ram Mandir Surkhet | 1. M/s G.B Maha-Seabird J.V, Kathmandu<br>2. M/s Arun/Tridev J.V, mainapokhar<br>3. M/s D.E.E. C-J.C.S, agadulla Rural Municipality 6 Jhyankot Dolpa<br>4. M/s BABITA/RAJITA JV, Birendranagar,Surkhet<br>5. M/s P.S.Construction Birendranagar-2 Surkhet<br>6. M/s SHIVAYA / RAMESH J.V. , Birendranagar,3-Surkhet<br>7. M/S Hariyali Construction Pvt. Ltd, Kathmandu Ma. Na.Pa 32 |
| *मितिः २०८२/१२/१२ गते स्थानः शिक्षा विकास निर्देशनालय समयः दिउसो १:०० बजे* | | |

नि.निर्देशक


हेलिकोप्टर दुर्घटनाबारे यात्रुको बयान

# पाइलटले इन्जिन अफ गर्नाले थप क्षति हुनबाट जोगियो



■ केदार मगर

खोटाङ। केपिलासगढी गाउँपालिका-२ खार्तम्छास्थित बालाबैंसीमा बुधबार एयर डाइनेस्टी कम्पनीको हेलिकोप्टर दुर्घटना हुँदा ६ जना घाइते भएका छन्। काठमाडौंबाट ५ यात्रु लिएर दिउँसो १२ बजेर २ मिनेट जाँदा खार्तम्छास्थित बालाबैंसी आइपुगेको हेलिकोप्टर अवतरणको क्रममा भित्तामा ठोक्किएको थियो। चालक (पाइलट)सहित ६ जना सवार एयर डाइनेस्टीको नाइन एन-एएफक्यू नम्बरको हेलिकोप्टर दुर्घटना हुँदा हेलिकोप्टरमा सवार ललितपुर निवासी ६५ वर्षीय काजीबहादुर राई घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिए। दुर्घटनामा परेका काजीबहादुरको दाहिने खुट्टा र आँखामा चोट लागेको जनाइएको छ।

घाइते काजीबहादुर र चालक सविन थापालाई एयर डाइनेस्टी कम्पनीकै नाइन-एनएएनए नम्बरको अर्को हेलिकोप्टरबाट १२:३५ बजे नै उपचारका लागि काठमाडौं पठाइएको छ। खार्तम्छाका वडाध्यक्ष मिलन राईका अनुसार काजीबहादुरलाई दुर्घटनाग्रस्त हेलिकोप्टरले थिचिरहेको अवस्थामा उद्धार गरिएको हो। सो हेलिकोप्टरमा १ महिनाअघि बेलायतमा मृत्यु भएकी बालाबैंसी निवासी ७७ वर्षीया मनलक्ष्मी राईको शव अन्त्येष्टि गर्न मृतकका आफन्तहरू आएका थिए। मृतकका पति ८२ वर्षीय डाकमणि राई, छोरा ५३ वर्षीय बालकुमार राई, छोरी ४७ वर्षीया लक्ष्मी राई, आफन्त ४० वर्षीया समला राई र ललितपुर घर भएका घाइते काजीबहादुर हेलिकोप्टरमा सवार रहेको प्रहरीले जनाएको छ।

आफन्तका अनुसार मृतक मनलक्ष्मीको शव भने गाडीमार्फत आज (बिहीबार) बालाबैंसी आइपुग्ने व्यवस्था मिलाइएको थियो। हेलिकोप्टर दुर्घटनामा परेका आफन्त भने सकुशल रहेको वडाध्यक्ष राईले जानकारी दिए। दुर्घटनालगत्तै चालकले इन्जिन अफ गरेपछि थप क्षति हुन नपाएको हेलिकोप्टरमा सवार बालकुमारले बताए। 'घटना सम्झिँदा सपनाजस्तो लाग्छ। सबैको होस् उडिसकेको थियो। म अगाडिको सिटमा बसेको थिएँ,' उनले भने, 'यस्तो दुर्घटना हुँदा पनि बाँच्न सकियो। चालकले तत्कालै इन्जिन अफ गर्नुभयो। चलिरहेको इञ्जिन अफ भएपछि थप क्षति हुनबाट जोगियौं।' एयर डाइनेस्टी कम्पनीका क्याप्टेन सविनसँग ७ वर्षको कार्यअनुभव र कुल १ हजार १०५ घण्टा हेलिकोप्टर उडाएको रेकर्ड रहेको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ।

उडानका क्रममा कुनै प्राविधिक समस्या आएको हो वा अन्य कारण, त्यसबारे कम्पनीले अहिले केही खुलाएको छैन। एयर डाइनेस्टीका प्रवक्ता एवं वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितले जारी गरेको विज्ञप्तिमा घटनाको यथार्थ कारण पत्ता लगाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको उल्लेख छ। बारीको डिलमा अवतरण गरिएको हेलिकोप्टर पुनः उठाएर बारीको बीचमा लैजान खोज्दा पछाडिको भाग पल्टिएर दुर्घटना भएको थियो। दुर्घटनाग्रस्त हेलिकोप्टरको पंखा र पुच्छर टुक्रिएको अवस्थामा बारीको कुनामा थुप्रिएको छ। बालाबैंसीमा भएको हेलिकोप्टर दुर्घटनाको अनुसन्धान तथा सर्जमिन गर्न अर्को हेलिकोप्टरमा काठमाडौंबाट विज्ञ टोली आएर अनुसन्धानपछि फर्किएको स्थानीयले बताए।

# जनकपुर स्वच्छता अभियान सञ्चालन गरिने

■ सौर्य समाचार

जनकपुर। धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको जनकपुरधामलाई स्वच्छ, सुन्दर र सफा सहर बनाउने अभियान सुरु गरिने भएको छ। जनकपुरधाममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले बुधबार आयोजना गरेको सर्वपक्षीय बैठकबाट हिन्दुहरूको आस्थाको केन्द्रको रूपमा रहेका यहाँका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका लागि अभियान सञ्चालन गर्ने निर्णय भएको हो। धार्मिक क्षेत्रमा भएको अतिक्रमण हटाउने, फोहोर व्यवस्थापन गर्ने, सरसफाइमा जोड दिने तथा ट्राफिक व्यवस्थापनमा तीनै तहका सरकारका समन्वय गरी स्वच्छता अभियान सुरु गर्ने निर्णयसमेत भएको छ।

बैठकमा मधेस प्रदेश गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेस प्रदेशको राजधानी जनकपुरधामलाई विश्वका पर्यटकको लागि आकर्षकको केन्द्र बनाउने कार्ययोजनासहित रणनीति सर्वपक्षीय बैठकमा पेस गरेका थिए। उनले जनकपुरधामको मठमन्दिर, धर्मशाला र पोखरी संरक्षणसहित सडक सरसफाइ, ट्राफिक व्यवस्थापन, ई-रिक्साको व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा नगरको सौन्दर्यीकरणका लागि कार्ययोजना पेस गरेका थिए। कार्यक्रममा मधेस प्रदेशका श्रम तथा यातायातमन्त्री मनिष सुमनले मधेस प्रदेशका जिल्लामा करिब ८४ हजारको संख्यामा ई-रिक्सा रहेको बताउँदै ई- रिक्सालाई व्यवस्थित गर्नका लागि कानुन निर्माणको तयारी मन्त्रालयमा भइरहेको जानकारी दिए।

उनले मधेसमा जनचेतनाको अभाव भएका कारण आफ्नो घरको फोहोर सही तवरले व्यवस्थापन गर्न नसकेको कारणले नगर अव्यवस्थित बन्न नसकेको बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनकपुरधाममा बढ्दो जनसंख्या र बाहिरबाट आउने तीर्थयात्रीको संख्या तथा सहरी क्षेत्रको बढ्दो चाँपका कारणले नगरको व्यवस्थापनका चुनौती देखिएको बताउँदै नगर प्रहरीको संख्या बढाउन सुझाव दिए।

# नारायणगढ-मुग्लिन सडकका ४३ ठाउँ पहिरोको जोखिममा

■ सौर्य समाचार



चितवन। नारायणगढ-मुग्लिन सडकखण्डका ४३ ठाउँ पहिरोको जोखिममा छन्। सडक डिभिजन कार्यालय भरतपुरले गरेको अध्ययन अनुसार ८ ठाउँ उच्च जोखिममा, २२ ठाउँ जोखिममा र १३ ठाउँ सामान्य जोखिमको अवस्थामा रहेका छन्। कार्यालयले गरेको अध्ययनअनुसार उच्च जोखिम भनिएको तुइन खोला अति उच्च जोखिम रहेको छ। कार्यालयका इन्जिनियर अर्जुन घिमिरेका अनुसार तुइनसँगै काली र नाम्सी खोला उच्च जोखिममा छन्। यस्तै तुइन खोलाबाट चिसेन्जीको बीचको भाग, ४ किलोको २ ठाउँ, मौरी खोला र सेती दोभान पहिरोको उच्च जोखिममा रहेका उनले जानकारी दिए।

'तुइन र चिसेन्जीको बीचमा ढुंगा झर्ने समस्या छ। तुइन, काली र नाम्सी खोलाको छेउमा पहिरोको उच्च जोखिम छ। ४ किलोको २ ठाउँमध्ये एउटामा पहिरो र अर्कोमा लेदो झर्ने समस्या रहेको छ। मौरी खोला र सेती दोभानमा लेदोसहितको पहिरोको उच्च जोखिम छ,' इन्जिनियर घिमिरेले भने। साथै १६ किलो, १७ किलो, डुम्रे खोला, सिमलताललगायत ठाउँ जोखिममा रहेका उनले जानकारी दिए। गत वर्षदेखि ती ठाउँमा पहिरोको जोखिम थियो। कार्यालयका प्रमुख नारायण लामिछानेका अनुसार तुइन, काली र नाम्सी खोलामा पहिरो रोकथाम गर्न खरिद गुरुयोजना स्वीकृतिका लागि माघ २३ गते सडक विभाग पठाइसकिएको छ।

विभागले डिजाइन कार्यसमेत अन्तिम चरणमा पुऱ्याएको उनले बताए। ती ठाउँमा विपत्मार्फत विनियोजित २५ करोड रुपैयाँबाट पहिरो रोकथामको तयारी गरिएको उनले उल्लेख गरे। प्रमुख लामिछानेका अनुसार तीबाहेकका अन्य ठाउँमा पहिरो रोकथामका लागि २० करोड रुपैयाँ बजेट विनियोजन भएको छ। बोलपत्र आह्वानका लागि तयारी गरिएको जनाउँदै उनले नक्सांकन पूरा भएकाले केही दिनमा बोलपत्र आह्वान गरी बर्सातअघि जोखिम रहेका ठाउँमा पहिरो रोकथाम तथा न्यूनीकरणका काम गरिने बताए। वर्षा सुरु भएसँगै सडक पहिरोको जोखिममा पर्नसक्ने भएकाले आवश्यक तयारीसमेत कार्यालयले गरेको जनाएको छ।

केही वर्षअघि सडक विस्तारका क्रममा भित्तो काटिएको थियो। भित्तो काटिएका र नयाँ ठाउँमा समेत लेदोसहितको पहिरो खस्दा बर्सातको समयमा यस सडकमा समस्या हुने गरेको छ। यही सडक हुँदै दैनिक १० हजार रुपैयाँभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन्। राजधानी काठमाडौंका लागि यो सडक लाइफ लाइनका रूपमा लिने गरिन्छ।

## सम्पादकीय

# युद्धको बाछिटा र रित्तिँदो ढुकुटी

पश्चिम एसियामा उत्पन्न तनावसँगै विगत ३ सातायता पेट्रोलियम पदार्थको मूल्यमा भइरहेको वृद्धिलाई हेर्ने हो भने नेपालले समयमै वैकल्पिक उपायको खोजी गरिहाल्नुपर्ने जरुरी देखिन्छ । यदि वैकल्पिक उपाय अवलम्बन नगर्ने हो भने एकातिर महँगीको मारले सर्वसाधारण जनताको चुलो बल्न नसक्ने र अर्कातिर देशको ढुकुटी नै रित्तिने अवस्था नआउला भन्न सकिन्न । किनकि, हाम्रो देशसँग आफ्नै पेट्रोलियम उत्पादन छैन । पेट्रोलियम तथा यसका सह-उत्पादन आयातमा वार्षिक साढे ३ खर्ब रुपैयाँ खर्च हुने गरेको मोटामोटी तथ्यांक छ । विगत ३ साताको अवधिमा अन्तर्राष्ट्रिय बजारमा भएको सरदर ३५ प्रतिशत मूल्यवृद्धिलाई आधार मान्ने हो भने पनि यो अवधिमा थप १० अर्ब रुपैयाँभन्दा बढी खर्च भइसकेको देखिन्छ । यदि ३५ प्रतिशतको मूल्यवृद्धि कायमै रह्यो भने १ वर्षको अवधिमा थप डेढ खर्ब रुपैयाँ खर्च हुन सक्छ । तर, पश्चिम एसियाको तनाव यही ढंगले जारी रह्यो भने मूल्यवृद्धि शतप्रतिशत पुग्ने मात्र होइन, अभावसमेत सिर्जना हुन सक्ने विज्ञहरूले बताएका छन् । त्यसो त बढेको मूल्य सरकारले नभई उपभोक्ताले नै भुक्तानी गर्नुपर्ने हुन्छ, जसका कारण आमनागरिक स्वतः मारमा पर्छन् । किनकि पेट्रोलियम पदार्थको मूल्यवृद्धिले प्रायः सबै प्रकारका उपभोग्य वस्तुहरूको मूल्य बढाउँछ । उदाहरणका लागि, नेपालमा ६२ प्रतिशतभन्दा बढी पेट्रोलियम पदार्थ परिवहन क्षेत्रमा खपत हुन्छ । त्यसैले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ढुवानी भाडा पनि बढ्ने भएकाले उपभोक्ताहरू ठुलो मारमा पर्नु स्वभाविकै हो । अतः थप संकटको सन्निकट अवस्थालाई ध्यान दिँदै वैकल्पिक उपायको खोजी गर्नु अपरिहार्य छ ।

अहिलेको तनावको केन्द्रविन्दु पश्चिम एसियाका विभिन्न देशमा करिब १९ लाख नेपाली युवा कार्यरत रहेको तथ्यांक छ । उनीहरूमाथि थप सुरक्षा चुनौती आयो र उनीहरूको रोजगारी गुम्यो भने मुलुकले भोग्नुपर्ने समस्या सामान्य मस्तिष्कले कल्पना गरेभन्दा निकै भयावह हुने कुरामा शंका छैन । अहिलेकै स्थितिलाई विश्लेषण गर्ने हो भने पनि पेट्रोलियम तथा यसका सह-उत्पादनमा भएको भारी मूल्यवृद्धिका कारण सर्वसाधारण उपभोक्ता मात्रै होइन, देशकै अर्थतन्त्र डावाडोल हुने अवस्था छ । किनकि, यसको सीधा असर पुँजीगत खर्चमा पर्छ । भौतिक पूर्वाधार निर्माणका परियोजनामा खर्च हुने कुल बजेटमध्ये करिब १० प्रतिशत अंश पेट्रोलियम तथा यसका सह-उत्पादनमा खर्च हुन्छ । यसका कारण परियोजना निर्माणको लागत बढ्छ । परियोजना निर्माणको लागत बढ्नु भनेको परियोजनाको संख्या घट्नु हो । परियोजनाको संख्या घट्नु भनेको रोजगारी कटौती हुनु हो । त्यसो त, पेट्रोलियमको सह-उत्पादनका रूपमा रहेको रासायनिक मलको मूल्यमा भएको भारी वृद्धिले किसानहरूको लागत बढ्नु स्वाभाविकै हो । एकातिर उत्पादनको लगानी नउठ्ने अवस्थामा किसान पुग्नु र अर्कातिर द्वन्द्वका कारण अन्तर्राष्ट्रिय पर्यटकहरूको आगमन उल्लेख्य घट्नु भनेको मुलुकको अर्थतन्त्र टाट पल्टिने दिशातर्फ उन्मुख हुनु हो । त्यसैले अझै ठुलो समस्या उत्पन्न हुने सम्भावनालाई ख्याल गर्दै अहिलेदेखि नै उच्च सतर्कता अपनाउनु जरुरी छ ।

पेट्रोलियम पदार्थको यस्तो संकट हाम्रो देशका लागि नयाँ होइन । २०४५ र २०७२ सालमा भारतले नाकाबन्दी लगाउँदा तथा बेलाबेलामा मधेस आन्दोलनका नाममा भएका गतिविधिले पनि यस्ता संकट उत्पन्न गराएका थिए । त्यतिबेला पनि मुलुकले ठुलै आर्थिक संकट बेहोरेको हो । संकटका घडीमा अत्यावश्यकबाहेक पेट्रोलियम खर्च नगर्न सरकारले गरेको आह्वानलाई जनताले पनि साथ दिएका थिए । यतिबेला पनि सरकारले विगतमा जस्तै जनतालाई आह्वान गर्न ढिलाइ गर्नुहुँदैन । विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने, निजी सवारीधनीहरूले आफ्नो खाली गाडीमा सर्वसाधारण जनतालाई 'लिफ्ट' दिने, इन्डक्सन चुलो प्रयोग गर्न सहज हुने गरी विद्युत् आपूर्तिको व्यवस्था गर्ने र विद्युत् अपुग भए भारतसँग समन्वय गरी थप आयातको प्रबन्ध गर्नेजस्ता कामलाई अघि बढाउनु जरुरी छ । पेट्रोलियम पदार्थमा इथानोल मिसाउने नीति बेलैमा लागू गरिएको भए अहिलेको संकट समाधानमा केही न केही सहयोग पुग्थ्यो । पेट्रोलियम गाडी आयातलाई निरुत्साहित गर्दै विद्युत्बाट चल्ने गाडी आयातलाई प्रोत्साहन दिने नीति कडाइका साथ पालना गरिएको भए पनि अहिलेको संकट समाधानमा ठुलै मद्दत मिल्थ्यो । तर, समस्या आउँदा जुरमुराउने र समस्या टरेपछि कानमा तेल हालेर बस्ने सरकारी रवैयाका कारण यो संकट बल्झिएको हो । पछिल्लो समय त हाम्रो दैलेख जिल्लामा निकै ठुलो परिमाणमा प्राकृतिक ग्यास खानी रहेको पुष्टि भइसकेको छ । तर, त्यसलाई व्यावहारिक रूपमा प्रयोगमा ल्याउने सुरसार नदेखिनु अर्को विडम्बना हो । त्यसैले यस्ता समस्या सधैँ आइरहने भएकाले अल्पकालीन मात्र होइन, दीर्घकालीन समाधानका उपाय अवलम्बन गर्न कत्ति पनि ढिलाइ नहोस् ।

# बालेनको उदय, नियमित आकस्मिकता र तितो विगतको त्रास



अञ्जु कार्की

“ समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा नेपालको निर्वाचन प्रणाली सामाजिक संरचना, वर्गीय हित, जातीय पहिचान र बदलिँदो सामाजिक चेतनाको संयुक्त परिणाम हो । यो केवल सत्ता प्राप्त गर्ने प्रक्रिया मात्र नभई समाजभित्रको शक्ति सन्तुलन र पुस्तान्तरणको जीवन्त अभिव्यक्ति पनि हो

नीतिशास्त्रमा एउटा प्रसंग छ - 'एक साधारण स्याल दुर्घटनावश नीलो रङको कुण्डभित्र पस्छ र बाहिर निस्कँदा उसको रूप बदलिन्छ । उसले आफूलाई 'देवदूत' घोषणा गरेर जंगलका जनावरमाथि शासन गर्न थाल्छ । स्यालले आफ्नो वास्तविक पहिचान लुकाएर अरू जनावरलाई झुक्याउँछ । जबसम्म उसले आफ्नो 'आवाज' (सत्यता) लुकाउँछ, तबसम्म ऊ सुरक्षित हुन्छ । जब अन्य स्यालहरू कराउन थाल्छन्, निलो स्यालले आफ्नो स्वभाव रोक्न सक्दैन र ऊ पनि कराउँछ । त्यसपछि उसको वास्तविक रूप सबैका सामु छर्लंग हुन्छ ।

हाम्रो देशको राजनीति यस्तै निला स्यालहरूको दुस्चक्रमा फँसेको कुरा असत्य होइन । निर्वाचनको समयमा उम्मेदवारहरूले जनतासामु प्रस्तुत गर्ने 'नयाँ र आकर्षक चुनावी घोषणापत्र' वा 'अचानक बदलिएको छवि' लाई यो निलो रङसँग तुलना गर्न सकिन्छ । दलहरूले गर्ने लोकप्रियतावादी नाराहरू र चुनाव जित्नका लागि गरिने क्षणिक गठबन्धनहरू यसै प्रकृतिका हुन्छन् । निर्वाचन जितेर शक्तिमा पुगेपछि जब नेताहरूले जनभावना विपरीत काम गर्छन् वा पुरानै प्रवृत्ति दोहोऱ्याउँछन्, तब जनताले उनीहरूको वास्तविक चरित्र चिन्छन् ।

२००७ सालको जनक्रान्ति सम्पन्न भयो । राजा विष्णु अवतारका रूपमा देखा परे । तर १० वर्ष बित्दा नबित्दै २०१७ सालमा राजाले आफ्नो सक्कली रूप देखाए । राणाशासनभन्दा पनि कठोर दुस्चक्रमा मुलुक फँस्यो । यो दुस्चक्रबाट देशलाई मुक्त गर्न जनताले फेरि ३० वर्ष अनवरत संघर्ष गर्नु पऱ्यो । २०४६ सालमा जनआन्दोलन सफल त भयो, तर त्यसपछि जो जो निर्वाचित भएर सत्तामा पुगे, उनीहरूले निलो श्यालको कथालाई सार्थक बनाउँदै गए । 'जनयुद्ध' भन्दै १० वर्ष हिंसात्मक राजनीति गरेका पुष्पकमल दाहाल प्रचण्डलाई २०६४ सालमा जनताले भारी मत दिएर सरकारमा पुऱ्याए । सरकारमा पुग्नासाथ उनले आफ्नो सक्कली रूप देखाए ।

हाम्रो देशले बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था अवलम्बन गरेको छ । चुनाव भनेको लोकतान्त्रिक शासन व्यवस्थाको महत्त्वपूर्ण साधन हो । चुनाव केवल राजनीतिक प्रतिस्पर्धा वा सत्ता प्राप्त गर्ने माध्यम मात्र नभई समाजभित्र रहेका वर्गीय, जातीय, सांस्कृतिक तथा आर्थिक सम्बन्धहरूको प्रतिबिम्ब पनि हो । समाजशास्त्रीय दृष्टिकोणले चुनावलाई सामाजिक शक्ति, हित, पहिचान, वर्गीय सम्बन्ध र सामाजिक परिवर्तनसँग जोडेर अध्ययन गर्छ ।

### चुनाव र वर्ग संघर्ष

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा समाज विभिन्न वर्गहरूमा विभाजित हुन्छ । कार्ल मार्क्सले भनेझैँ, 'अहिलेसम्मको अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्ग संघर्षको इतिहास हो ।' नेपालको चुनावमा पनि आर्थिक वर्गले निर्णायक भूमिका खेल्छ । गरिब, श्रमिक र निम्न आय भएका वर्गहरूले सामाजिक न्याय र रोजगारीका मुद्दालाई प्राथमिकता दिन्छन् भने सम्पन्न वर्गले स्थायित्व र लगानीको सुरक्षा खोज्छन् । उदाहरणका लागि, चुनावमा हुने बढ्दो 'मनी र मसल'को प्रयोगले गर्दा विपन्न तर सक्षम नागरिक राजनीतिबाट पाखा लाग्दै गएका छन्, जसले वर्गीय खाडललाई स्पष्ट पार्छ ।

नेपाल बहुजातीय र बहुभाषिक समाज हो । समाजशास्त्री म्याक्स वेबरले सामाजिक स्थितिलाई केवल वर्गले मात्र नभई 'स्टाटस' (प्रतिष्ठा) र जातीय पहिचानले पनि निर्धारण गर्ने बताएका थिए । नेपालमा संघीयतापछि विभिन्न समुदायहरूले आफ्नो पहिचान र प्रतिनिधित्वलाई चुनावी मुद्दा बनाएका छन् । उदाहरणका लागि, मधेसी समुदायले नागरिकता र प्रतिनिधित्व, जनजातिले सांस्कृतिक अधिकार र दलित समुदायले सामाजिक न्यायको मुद्दा उठाउनुले चुनावलाई 'पहिचानको प्रतिनिधित्वको संघर्ष' बनाएको छ ।

समाजशास्त्री इमिल दुर्खिमले समाजलाई विभिन्न संस्थाहरू (परिवार, धर्म, राजनीति) मिलेर बनेको संरचना मान्छन् । नेपालको चुनावी प्रक्रियामा 'सामाजिक एकता' को प्रभाव अझै देखिन्छ । धेरै ठाउँमा मतदाता व्यक्तिगत विचारभन्दा समुदाय वा परिवारको सामूहिक निर्णयअनुसार मतदान गर्छन् । उदाहरणका लागि, ग्रामीण भेगमा अझै पनि 'जातीय क्लस्टर' वा 'सामुदायिक मुखिया'को प्रभावमा सामूहिक मतदान गर्ने प्रवृत्ति छ, जसले चुनावलाई व्यक्तिगत निर्णयभन्दा बढी सामाजिक प्रक्रियाको रूपमा देखाउँछ ।

यसैगरी म्याक्स वेबरले शक्ति र अधिकारका ३ प्रकार उल्लेख गरेका छन् - परम्परागत, करिश्माटिक र कानुनी-वैधानिक अधिकार । नेपालको चुनावमा यी तीनै पक्ष देखिन्छन् । उदाहरणका लागि, कतिपय नेता पुराना राजनीतिक घरानाका कारण (परम्परागत), कोही आफ्नो वाकपटुता र व्यक्तित्वका कारण (करिश्माटिक) र कोही संविधान र कानुनको आधारमा (वैधानिक) अनुमोदित हुन खोज्छन् । हालैका चुनावमा स्थापित दलका विरुद्ध 'नयाँ शक्ति'का रूपमा उदाएका पात्रहरूले वेबरको 'करिश्माटिक नेतृत्व'को खोजीलाई पुष्टि गर्छन् ।

व्यक्तिले समाजबाट राजनीतिक मूल्य सिक्ने प्रक्रिया नै राजनीतिक समाजीकरण हो । समाजशास्त्री मार्शल मक्लुहानले विश्वलाई 'ग्लोबल भिलेज' भनेझैँ, नेपालमा पनि सामाजिक सञ्जालले राजनीतिक चेतना निर्माणमा ठुलो भूमिका खेलेको छ । उदाहरणका लागि, फेसबुक, टिकटक र युट्युबमा चल्ने 'नो नट अगेन' जस्ता डिजिटल अभियानहरूले युवा मतदाताको धारणा निर्माणमा परम्परागत आमसभाहरूलाई भन्दा बढी प्रभाव पारेको देखिन्छ ।

समाजशास्त्री कार्ल म्यानहाइमका अनुसार नयाँ पुस्ताले पुराना मूल्यलाई चुनौती दिँदै नयाँ चेतना निर्माण गर्छ । नेपालको ठुलो युवा जनसंख्याले अहिले पारदर्शिता, सुशासन र रोजगारीलाई प्राथमिकता दिन थालेको छ । उदाहरणका लागि, स्थानीय तहको निर्वाचनमा काठमाडौँ, धरान र धनगढीजस्ता सहरहरूमा युवाहरूको आकर्षण र स्वतन्त्र उम्मेदवारहरूको विजयले परम्परागत राजनीतिक ढाँचामा ठुलो चुनौती सिर्जना गऱ्यो । त्यही धारलाई पक्डेर रवि लामिछाने लगायतका युवाहरूले २०७८ असारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गठन गरे । त्यसको ६ महिनापछि मंसिरमा भएको आमनिर्वाचनमा रास्वपाले सहरी क्षेत्रमा राम्रो पकड बनायो । एकाएक मुलुकको चौथो शक्तिका रूपमा उदायो । भरखर सम्पन्न आमनिर्वाचनमा त रास्वपाले आँधीहुरीले जस्तै सबै पुराना दलहरूलाई बढारिदियो ।

### सामाजिक ध्रुवीकरण

आधुनिक निर्वाचनमा सञ्चारमाध्यम केवल सूचनाको संवाहक मात्र नभई 'एजेन्डा सेटिङ'को मुख्य औजार बनेको छ । समाजशास्त्री जुर्गेन ह्याबरमासको 'पब्लिक स्फियर' (सार्वजनिक क्षेत्र) को अवधारणा अहिले डिजिटल माध्यममा सरेको छ । तर यससँगै सामाजिक ध्रुवीकरणको जोखिम पनि उत्तिकै बढेको छ । समाजशास्त्री म्यानुअल क्यास्टेल्सका अनुसार डिजिटल सञ्चारले मानिसहरूलाई 'इको चेम्बर' मा कैद गरिदिन्छ, जहाँ उनीहरू केवल आफ्नो विचारसँग मिल्ने सूचना मात्र सुन्छन् र विपरीत विचारप्रति असहिष्णु बन्छन् ।

जर्मन समाजशास्त्री जर्ज सिमेलले द्वन्द्वलाई सामाजिक सम्बन्धको एक हिस्सा माने पनि, जब यस्तो द्वन्द्वले 'हामी र उनीहरू' को उग्र रूप लिन्छ, तब यसले समाजको आधारभूत एकतालाई नै खलबल्याउँछ । नेपालमा चुनावका बेला सामाजिक सञ्जालमार्फत फैलाइने 'फेक न्युज' र 'हेट स्पिच'ले फरक राजनीतिक आस्था भएका छिमेकी वा समुदायबीच शत्रुतापूर्ण व्यवहार निम्त्याउने गरेको छ । यसले गर्दा स्वस्थ लोकतान्त्रिक बहसको ठाउँ 'ट्रोलिङ' र चरित्र हत्याले लिने जोखिम बढेको छ, जसले अन्ततः समाजलाई खण्डित बनाउँछ ।

समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा नेपालको निर्वाचन प्रणाली सामाजिक संरचना, वर्गीय हित, जातीय पहिचान र बदलिँदो सामाजिक चेतनाको संयुक्त परिणाम हो । यो केवल सत्ता प्राप्त गर्ने प्रक्रिया मात्र नभई समाजभित्रको शक्ति सन्तुलन र पुस्तान्तरणको जीवन्त अभिव्यक्ति पनि हो । भविष्यमा लोकतन्त्र सुदृढ बनाउन चुनावी प्रक्रियालाई अझ समावेशी, पारदर्शी र उत्तरदायी बनाउनु नै आजको मुख्य आवश्यकता हो ।

माथि उल्लेख गरिएको नीतिशास्त्रको कथा र विभिन्न समाजशास्त्रीहरूको दृष्टिकोण नेपालको सन्दर्भमा मात्रै होइन, विश्व सन्दर्भमा समेत लागू भएको देखिन्छ । बालकृष्ण समको 'नियमित आकस्मिकता' हामी नेपालीहरूले खोजेर पढ्नु वाञ्छनीय देखिन्छ । विश्व इतिहासमा पुराना र स्थापित दलहरूलाई विस्थापित गर्दै नयाँ शक्तिहरू यसरी नै भारी बहुमतका साथ उदाएका केही प्रमुख उदाहरणहरू नोटिसमा राख्नु सान्दर्भिक हुन्छ ।

सन् २०१७ मा फ्रान्सका एमानुएल माक्रौँले निर्वाचन हुनुभन्दा १ वर्षअघि मात्र आफ्नो नयाँ पार्टी 'ला रिपब्लिक एन मार्चे' स्थापना गरेका थिए । निर्वाचनमा उनले फ्रान्सका दशकौँ पुराना स्थापित दलहरू (सोसलिस्ट र रिपब्लिकन) लाई बढारेर भारी बहुमतका साथ राष्ट्रपति र संसद् दुवैमा विजय प्राप्त गरे । यो आधुनिक युरोपेली इतिहासमा नयाँ शक्तिले पुराना दललाई विस्थापित गरेको सबैभन्दा ठुलो उदाहरण मानिन्छ ।

क्यानडाको इतिहासमा सन् १९९३ को निर्वाचनमा तत्कालीन सत्ताधारी 'प्रोग्रेसिभ कन्जरभेटिभ पार्टी' को नाटकीय पतन भएको थियो । बहुमतमा रहेको सो दल १५६ सिटबाट खुम्चिएर मात्र २ सिटमा झरेको थियो । त्यसबेला नयाँ उदाएका 'ब्लक क्युबेकोइस' र 'रिफर्म पार्टी' जस्ता शक्तिहरूले स्थापित राजनीतिक संरचनालाई पूरै परिवर्तन गरिदिएका थिए । यसैगरी हास्य कलाकार बेप्पे ग्रिलोले नेतृत्व गरेको यो अभियानले सन् २०१३ को निर्वाचनमा पहिलोपटक भाग लिँदै इटालीको राजनीतिमा तहल्का मच्चायो । कुनै पनि पुराना दलसँग सहकार्य नगरी यो नयाँ शक्तिले संसद्मा सबैभन्दा ठुलो एकल दलको रूपमा उदय भएर पुराना राजनीतिक 'एलिट' हरूलाई स्तब्ध बनाएको थियो ।

आर्थिक संकटपछि भएको निर्वाचनमा श्रीलंकामा पनि परम्परागत राजनीतिक घरानाहरू (राजपाक्षे र विक्रमासिंघे परिवार) को वर्चस्व अन्त्य भयो । वर्षौँदेखि सानो शक्तिका रूपमा रहेको 'जनता विमुक्ति पेरामुना' (नेतृत्वको गठबन्धनले भ्रष्टाचार विरोधी एजेन्डाका साथ भारी बहुमत प्राप्त गर्दै सत्ता सम्हाल्यो । १९औँ शताब्दीसम्म बेलायतमा कन्जरभेटिभ र लिबरल २ दलको मात्र वर्चस्व थियो । तर १९२० को दशकमा 'लेबर पार्टी' नयाँ शक्तिका रूपमा उदायो र लिबरल पार्टीलाई तेस्रो स्थानमा धकेल्दै सत्ताको मुख्य खेलाडी बन्यो ।

यी उदाहरणहरूले के देखाउँछन् भने जब जनतामा पुराना दलहरूप्रति चरम वितृष्णा जाग्छ, तब नयाँ र वैकल्पिक शक्तिले छोटो समयमै स्थापित संरचनालाई भत्काउन सक्छन् । हाम्रो देशको हालै सम्पन्न निर्वाचन परिणामलाई पनि विश्वभरि भइरहेका यस्तै 'राजनीतिक प्रतिस्थापन'का घटनाहरूसँग तुलना गर्नु सान्दर्भिक हुन्छ । तर विश्वका अनुभव हेर्दा आकस्मिक रूपमा उदय भएका पार्टीहरू थोरै मात्र सफल र धेरैजसो असफल देखिएका छन् । यसरी उदाएका पार्टीले देश सपारेकाभन्दा देश डुबाएका नजीर धेरै छन् । नेपालका सन्दर्भमा पनि यसअघि यसरी नै उदाएको माओवादीले गतिलो ढंगले देश चलाउन सकेको भए आज देशको यस्तो हालत हुने थिएन । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निलो स्याल बन्नुको परिणाम हो यो । अब बालेन्द्र शाह र रवि लामिछाने निलो स्याल नबनुन् ।

# नेपालको कम्युनिष्ट आन्दोलन कता ?



राममणि पोखरेल

आमनिर्वाचनका लागि राजालाई दबाब दिन भएको भद्र अवज्ञा आन्दोलन, २०१५ सालको आमनिर्वाचन, २०१७ सालको प्रतिगामी कदम पछि भएको नेपाल कम्युनिस्ट पार्टीमा देखिएको वैचारिक अडानमा दरभंगाको विस्तारित बैठकदेखि तेस्रो महाधिवेशन (२०१९) सम्मको पार्टीको सैद्धान्तिक वैचारिक अडानमा पुष्पलाल अग्रिम मोर्चामा थिए ।

नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको ७६ वर्ष बितेको छ । यस अवधिमा देशमा र विश्वमा कम्युनिस्ट आन्दोलनमा धेरै उत्तारचढाव आए । अनेक प्रकारका संघर्ष भए । पार्टी स्थापनाको लगत्तै २००७ सालको परिवर्तन भयो । त्यो संघर्षमा कम्युनिस्ट पार्टीको झिनो सहभागिता रह्यो । अधिकार प्राप्तिको लागि निरंकुशता विरोधी संघर्ष र आन्दोलनमा कम्युनिस्ट पार्टीका नेताहरू अग्रिम मोर्चामा नै देखिए । तर आन्तरिक कलह मार्क्सवादलाई व्याख्या गर्दै, प्रयोग गर्ने सवालमा तीव्र मतभेद देखिँदै आए । पार्टी आन्तरिक कलहमा रुमल्लिरह्यो । यो रुमलिरहने क्रम भने २००८ सालबाट प्रारम्भ भयो ।

पार्टीको संस्थापक महासचिवलाई छोटो समयमा नै पदमुक्त गर्नु उचित थिएन । यस्तो अविवेकीकार्य किन भयो भन्ने प्रश्न यो स्तम्भकारले तत्कालीन पार्टीको केन्द्रीय सदस्य रहेका डिपी अधिकारी, देवीप्रसाद अधिकारी, कृष्णराज वर्मा र शैलेन्द्रप्रसाद उपाध्यायलाई फरक फरक सन्दर्भमा राखेको थियो । उनीहरूको तर्कको निचोड झण्डै एकैखाले थियो । पुष्पलाल काठमाडौँमुखी हुनुभयो । जनसंख्याको बाहुल्य भएको तराईप्रति उहाँको चासो नरहेको बुझिएको कुरा नीति र व्यवहारले देखाएकोले बाध्यतावश त्यस्तो कदम चालिएको हो भन्ने थियो ।

अझ कृष्णराज बर्माको भनाइ त यस्तो पनि थियो कि यदि महासचिव पुष्पलाल नै रहनु भएको भए, त्यसबेला तराईमा उठेको किसान आन्दोलन सम्भव थिएन । तथ्यहरू प्रष्ट छन् । निरंकुशता विरोधी र अधिकार प्राप्तीको संघर्षमा कम्युनिस्टहरू अग्रिम मोर्चामा रहेका भए पनि आन्तरिक व्यवस्थापनमा उनीहरू कमजोर नै रहँदै आएका देखिन्छन् । सिद्धान्तको व्याख्या एउटा पाटो हो, व्यवहार अर्को पाटो हो । मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको सिद्धान्त प्रतिपादन गरेर दर्शनको क्षेत्रमा प्रभावकारी परिवर्तन त गरे । यो तथ्यलाई वैचारिक धरातलमा उभ्याएर कार्यकर्ता र जनतालाई सचेत पार्न वाम दलहरू सक्षम भएनन् । दक्षिण एसियाली मुलुकमा यो अवस्था देखियो ।

आमनिर्वाचनका लागि राजालाई दबाब दिन भएको भद्र अवज्ञा आन्दोलन, २०१५ सालको आमनिर्वाचन, २०१७ सालको प्रतिगामी कदम पछि भएको नेपाल कम्युनिस्ट पार्टीमा देखिएको वैचारिक अडानमा दरभंगाको विस्तारित बैठकदेखि तेस्रो महाधिवेशन (२०१९) सम्मको पार्टीको सैद्धान्तिक वैचारिक अडानमा पुष्पलाल अग्रिम मोर्चामा थिए ।

विगतका संघर्षका पृष्ठभूमिकै आधारमा २०३६ सालको जनमत संग्रहपछि मात्र नेपालको राष्ट्रिय राजनीतिमा नेपालका कम्युनिस्टहरू प्रभावशाली भूमिकामा रहेका हुन् । यो भूमिका क्रमिक रूपले बढ्दै गएको हो । कुनै पनि संघर्ष र आन्दोलनलाई सफलतामा पुऱ्याउन ३ तत्त्वको जरुरत पर्दछ - सैद्धान्तिक धरातल, वैचारिक दृढता र विश्वासिलो नेतृत्व । २०४६ सालको आन्दोलनको सफलता यिनै तथ्यबाट पूरा भएको थियो । २०४८ सालको निर्वाचनमा जनताको अभिमत प्रभावकारी रूपमा नेपाली कांग्रेसलाई प्राप्त भयो । तर उनीहरू सत्ता स्वार्थमा बौलाए, अहमता देखाए, उनलाई कम्युनिस्टहरूलाई तह लगाउन दुईतिहाइ चाहियो र सत्ता स्वार्थले मातेर प्रतिनिधिसभा विघटन गरे ।

अघिल्लो चुनावमा प्रतिपक्षमा रहेको नेकपा एमाले प्रतिनिधिसभामा ठुलो पार्टी बन्यो । ९ महिने सरकार बनाउन सफल भयो । ९ महिने अल्पमतको सरकारले दुइटा महत्त्वपूर्ण काम गऱ्यो - सामाजिक सुरक्षा भत्ता र नौ 'स' । सामाजिक सुरक्षा भत्ताले देशबासीमा मनोवैज्ञानिक प्रभाव पाऱ्यो । शताब्दीयौँदेखि पीडित ज्येष्ठ नागरिक, उपेक्षित जीवन बिताउँदै आएका एकल महिला, दृष्टिविहीन र अपांगता भएका व्यक्तिहरू खुसी देखिए । जनताको मनोबल उठाउने प्रभावशाली निर्णय थियो यो । नौ 'स'ले पहाडको दुर्गम ठाउँमा कठोर जीवन जिउँदै आएका जनतालाई राहत दियो । शिक्षण संस्था खुले । सडक बने । फलफूल र कृषि उपजमा विशेष लगानी गरियो । पहाडको दुर्गम स्थानमा बस्ने जनताको सुविधाको खोजीमा बसाइँ हिँड्ने क्रम ७० प्रतिशत घट्थ्यो । पहाड गुलजार हुन प्रारम्भ भयो ।

दोस्रो विश्व युद्धपछि प्रारम्भ भएको शीतयुद्धको समाप्ती र सोभियत संघको विघटनपछि विश्वका सबै देशका कम्युनिस्ट पार्टीहरू जनताबीचमा जाने र अनुमोदित हुने प्रकृयाको थालनी भएको थियो । जनताका बीचमा नजाने राज्यले गराएको आम चुनाव भाँड्ने, बहिष्कार गर्ने, कम्युनिस्ट पार्टीका नामले चिनिएका मत प्रयोग गर्न नचाहने सामर्थ्य बनाउने नसक्ने दबाब समूह भँडुवाको रूपमा सबै देशमा रहेका छन् आज पनि । जब कि दोस्रो युद्धको हाराहारीमा, चीन र उत्तर कोरियाले क्रान्ति सफल गरेका थिए । त्यसपछिको युगले अब विश्वमा हतियार उठाएर कुनै देशको क्रान्ति पूरा गर्न सकिँदैन । यो काम सम्भव छैन भन्ने पुष्टि गरेको प्रमाण छ । सोभियत संघ र जनवादी चीन बीचको सैद्धान्तिक वैचारिक मतभेद पनि एक प्रभावकारी कारण मान्न सकिन्छ । प्रथम विश्वयुद्ध र दोस्रो विश्व युद्धको समयमा वास्तवमा कम्युनिस्टहरू विश्वमा शक्तिशाली भएका थिए । पुँजीवादी अर्थतन्त्रका विरुद्ध जनउपयोगी जनवादी अर्थतन्त्रको विकास गर्न सकेनन्, शक्ति सत्ताप्राप्तिसँग जोडिए मात्र ।

हतियारको युगको समाप्तिपछि, विश्वका कम्युनिस्टहरू पुँजीवादीहरूले बनाएको संरचनाको टाउकोमा जनमतमार्फत बस्ने प्रयासमा लागे । पुँजीवादी राज्यहरूमा सबैभन्दा माथि उच्च तहमा संसदीय व्यवस्था हुन्छ । राज्ययन्त्र, प्रशासन परम्परागत बनेका हुन्छन् । स्थायी सेना, प्रहरी, कर्मचारीतन्त्र जसलाई संसद्ले हटाउन के सामान्य सुधारसम्म गर्न सक्दोरहेनछ भन्ने प्रमाण ज्योति वसुको पश्चिम बंगालको १७ बर्षे शासनलाई सम्झँदा हुन्छ । विक्रम सम्बत २०४४ सालको अन्त्यतिर म, भरतमोहन अधिकारी र कमल कोइरालाको पछि लागेर कोलकाता पुगेको थिएँ । सौराहा चौकमा केही समय पर्खनु पऱ्यो । हामी उभियौँ । एउटा रिक्सामा २ जना मानिसलाई बसाएर गोडामा चप्पल मात्र लगाएको व्यक्तिले असिन पसिन भएर मलामी दौडे झैँ पिच सडकमा दौडँदै गरेको देखे । मलाई दास युगको सम्झना आयो । भारत विकसित देश हो त ? ज्योति बसुले राज्यमा प्रस्तुत गरेको बजेट र उनले पढेको दर्शनले त्यो मजदुरलाई के प्रभाव पाऱ्यो त ? पछि यो कुरूप दृष्य बारे साहित्यकार नारायण ढकाल र अर्थशास्त्री हरि रोकाले लेख लेखे । मैले लेख्न सकिनँ ।

नेपालमा जनताको मतबाट धेरै जना व्यक्ति प्रधानमन्त्री भए । सरकार बनाए । शासन सञ्चालन गरे । कम्युनिस्ट पार्टीको नामबाट प्रथमपटक प्रधानमन्त्री बनेका मनमोहन अधिकारी, भ्रष्टाचार र नैतिक, आचरणमा नातावादमा गन्हाएनन् । तर युवा पुस्ताका सबै प्रधानमन्त्री भएका व्यक्ति पुष्पकमल दाहाल, बाबुराम भट्टराई, माधव नेपाल, झलनाथ खनाल, खड्गप्रसाद ओली अनेकौँ काण्डमा मुछिए । यिनीहरूका पालामा स्वाभाविक प्रकृयामा केही सडक बने, पुल बने, विद्यालय स्थापना भए तर आधारभूत जनताका समस्यामा सुधार आएन ।

मार्क्सवादका व्याख्याकार हुँ भन्नेहरूले विकासका पूर्वाधारमा ध्यान दिन सकेनन् । जनताको जीवनस्तर यथावत देखियो । शताब्दीयौँदेखि रुढीग्रस्त पाराले आएको अमानवीय व्यवहार छुवाछुत प्रथाको अन्त्य भएन । अहिले पनि तराईमा दलितलाई चापाकल छुन दिइँदैन । पश्चिम नेपालका ५ जिल्लामा छाउपडी प्रथा जीवितै छ । उन्मूलन भएको छैन । प्रत्येक साल २० देखि ३० वर्ष सम्मका हाम्रा छोरीहरू छाउगोठमा ज्यान फाल्दछन् । यो मानव कलंक हो, होइन । यसबारे मार्क्सवादले के भन्दछ, व्याख्याता मौन छन् । पश्चिम नेपालका कोही जिल्लामा बादी जातिको वस्ती छ, यिनीहरूको संख्या, त्यस्तै ६० हजारसम्म होला । काठमाडौँका सम्भ्रान्त परिवारका महिला र उनीहरूको शरीरको बनौट त उस्तै हो । नेपालका आफूलाई मार्क्सवादका व्याख्याकारको बुझाइ कस्तो छ ।

भैँसेपाटीको भवनमा करौडौँ लगानी लगाउने र झापाको टावर जो अनावश्यक र उपयोगिताविहिन छ । त्यहाँ लगानी लाउने आँखामा पट्टी टाँसेका शासकको नजर ती समस्यामा किन पुग्दैन त ? मेरो बुझाइमा मार्क्सले भने जस्तो समाजवाद अब संसारमा १०० वर्षमा पनि आउन सम्भव छैन । साम्यवाद शब्द शब्दकोषबाट हटाउनु पर्दछ । नेपालको परिपेक्ष्यमा युवा पुस्ताको आन्दोलन पछि भएको आमनिर्वाचनमा कुनै समय पूर्वप्रधानमन्त्री भएका र पूर्वगृहमन्त्री भएर चुनावमा जाँदा सामान्य कार्यकर्तासँग पराजित भएका छन् । ती व्यक्तिलाई दलको ठुलो पदमा राखिराख्नु उचित हुँदैन, यथाशीघ्र पदबाट हटाउनु पर्दछ ।


मार्क्सवादी दर्शनलाई आधार मानेर गठन गरिएका विश्वका विभिन्न देशका कम्युनिस्ट पार्टीले २ धारको नीति र कार्यदिशा अपनाएर, प्रतिक्रियावादीको हातबाट सत्ता खोसे । एउटा हतियारको माध्यम, अर्को जनताको जनमतबाट । हतियार उठाएर सत्ता नियन्त्रण गर्नेहरू ज्यादै निरंकुश भए स्टालिन, मार्क्सवादको मुड्डी व्याख्या गरे । रुमानियाका चउचेस्कूको परिवारसहित हत्या गरियो । जनताले उनलाई पचाउन सकेनन् । कोरियाका किम इल सुङले मार्क्सवादी दर्शनकै विरुद्ध राजतन्त्रात्मक परिवारवाद चलाए, आफ्नै मुलुकमा । पोल्यान्डमा स्वतः पुँजीवाद स्थापना भयो । हतियार उठाउने धारको अन्त्य भयो ।

जनताको मतबाट सत्तामा पुगेका केही देशका दलका नेताहरूको आत्मकेन्द्रित र सत्तालोभको कारण उनीहरू पनि जनताबाट उपेक्षित भएर बढारिएका छन् । अब संसारको र नेपालको कम्युनिस्ट आन्दोलन कता गएर विसर्जन हुन्छ त ?

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | चिन्ता । | मिथुन | सरकारी क्षेत्रबाट लाभ । | सिंह | दुर्घटना । | तुला | विजय प्राप्त । | धनु | भय । | कुम्भ | रोग । |
| वृष | बोलीमा प्रभाव । | कर्कट | धार्मिक कार्यमा सरीक । | कन्या | सुख । | वृश्चिक | वृद्धि । | मकर | विजय । | मीन | आनन्द । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# डेंगी नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन

■ सौर्य समाचार

काठमाडौँ । सरकारले यसवर्ष पनि गर्मीयाम सुरुसँगै डेंगीको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले डेंगी संक्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहलाई सचेतना कार्यक्रम गर्न निर्देशन दिइएको बताए । 'सचेतना कार्यक्रमले डेंगी संक्रमण घट्दै गएको पाइएको छ,' उनले भने, 'गर्मी सुरुसँगै डेंगी संक्रमण जोखिम रहेका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेका छौँ ।'

### ५ गुणाले घट्यो संक्रमण

महाशाखाका अनुसार अघिल्ला वर्षको तुलनामा गतवर्ष डेंगी संक्रमण ५ गुणा घटेको पाइएको छ । सन् २०२४ को अनुपातमा सन् २०२५ मा ५ गुणा डेंगी संक्रमण घटेको छ । सन् २०२४ मा ४१ हजार ८६५ जनामा डेंगी संक्रमण देखिएको थियो भने सन् २०२५ मा त्यसको करिब ५ गुणा कम ८ हजार ५७६ जनामा डेंगी संक्रमण देखिएको थियो । शाखा प्रमुख डा. दाहालले सरकारको डेंगी संक्रमणविरुद्ध सञ्चालन गरेको अभियानले गर्दा घटेको बताए । 'डेंगी संक्रमण फैलिन नदिनका लागि डेंगी सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सबैका सहयोगभयो,' उनले भने, 'जसले गर्दा डेंगी संक्रमण सार्ने लामखुट्टे फैलिन पाएन र डेंगी संक्रमण कम भयो ।'

सरकारले प्रत्येक शुक्रबार सरकारी कार्यालयमा डेंगी संक्रमण सार्ने लार्भा खोज र नष्ट गरे अभियान सञ्चालन गरेको थियो । शाखाका प्रमुख डा. दाहालले समुदायको पहलमा नै डेंगी संक्रमण नियन्त्रण तथा रोकथाम गर्न सकिएको बताए । उनले प्रत्येक वर्ष डेंगी संक्रमण कम हुँदै गएको उल्लेख गरे । उनका अनुसार सन् २०२३ मा ५२ हजार ७९० जना, सन् २०२२ मा ५४ हजार ७८४ जनामा डेंगी संक्रमण देखिएको थियो । यस्तै गत असारदेखि भदौसम्म १ हजार युवा परिचालन गरेर डेंगी सार्ने लामखुट्टे नियन्त्रण र जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरेको थियो ।

यसवर्ष पनि गर्मीयाम सुरुसँगै डेंगीको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेको उनले जानकारी दिए । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस  प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेंगी रोग लाग्दछ ।

# केन्द्रीय कारागारबाट भागेकामध्ये १ हजारभन्दा बढी कैदीबन्दी फर्काउन बाँकी

■ सौर्य समाचार

काठमाडौँ । जेनजी आन्दोलनमा केन्द्रीय कारागार सुन्धाराबाट भागेका १ हजारभन्दाबढी कैदीबन्दी अझै फरार छन् । केन्द्रीय कारागार कार्यालयका सूचना अधिकारी बैकुण्ठ रेग्मीले जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दीमध्ये १ हजार २०० हाराहारीमा कैदीबन्दी अझै फरार रहेको जानकारी दिए । 'भदौ २४ गते बिहानसम्म केन्द्रीय कारागारमा ३ हजार ८८० कैदीबन्दी  थिए, जेनजी आन्दोलनका क्रममा ३ हजार ५१७ कैदीबन्दी भागेका थिए । तीमध्ये अधिकाशं कैदीबन्दी फिर्ता भए, हाल १ हजार २०० कैदीबन्दी अझै फरार छन्,' उनले भने ।

हाल केन्द्रीय कारागारमा ३ हजार ३१३ कैदीबन्दी छन् । जसमध्ये १ हजार ९२० कैदी, १ हजार ४९३ थुनुवा छन् । केन्द्रीय जेलमा १ हजार ७४९, भद्र जेलमा १ हजार २५० र महिला जेलमा ३१४ कैदीबन्दी रहेको सूचना अधिकारी रेग्मीले बताए । केन्द्रीय कारागारमा जेनजी आन्दोलनका क्रममा सामान्य क्षति भएको थियो । कारागारभित्र रहेका पाँचवटै भवन सुरक्षित भएकाले पुनः कैदीबन्दीलाई फर्काउन सहज भएको कारागार प्रशासनले जनाएको छ ।

# पूर्वी नवलपरासीमा ४६ हजारले लगाए जापानिज इन्सेफलाइटिसविरुद्धको खोप

■ सौर्य समाचार

पूर्वी नवलपरासी । पूर्वी नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जापानिज इन्सेफलाइटिस विरुद्ध सञ्चालन भइरहेको विशेष खोप अभियानअन्तर्गत हालसम्म ४६ हजार ७७८ जनाले खोप लगाएका छन् । खोप लगाउनेमा १९ हजार १०९ पुरुष र २७ हजार ६६९ महिला रहेका छन् । जिल्लाका सबै ८ वटै स्थानीय तहमा एकसाथ सञ्चालन गरिएको अभियानमा हालसम्म उल्लेखनीय प्रगति देखिएको र मंगलबारसम्म लक्षित जनसंख्याको ३१.१ प्रतिशतले खोप सेवा लिइसकेको प्रदेश जनस्वास्थ्य कार्यालय पूर्वी नवलपरासीकाका प्रमुख केशव चापागाईंले बताए । जिल्लाभर खोप अभियान प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । स्थानीय तहसँगको सहकार्यमा अपेक्षित उपलब्धि हासिल भएको हो ।

जनस्वास्थ्य अधिकृत प्रविणकुमार खनालका अनुसार जिल्लाका सबै स्थानीय तहमा खोप सेवा नियमित रूपमा सञ्चालन भइरहेको छ ।  विशेषगरी मध्यविन्दु नगरपालिका र बौदिकाली गाउँपालिकामा खोपको प्रगति उल्लेखनीय देखिएको छ । मध्यविन्दुमा ४९.८ प्रतिशत र बौदिकालीमा ४७ प्रतिशत प्रगति भएको छ । जिल्लामा जापानिज इन्सेफलाइटिसको संक्रमण दर पछिल्ला वर्षमा बढ्दै गएपछि ३५ वर्ष माथिका नागरिकलाई लक्षित गरी यही १ देखि ५ चैतसम्म खोप अभियान सञ्चालन गरिएको हो । अभियानअन्तर्गत करिब १ लाख ५० हजार नागरिकलाई खोप लगाउने लक्ष्य छ । लक्षित उमेर समूहका सबै नागरिकलाई नजिकको खोप केन्द्रमा गई अनिवार्य रूपमा खोप लगाउन आग्रह गरिएको प्रमुख चापागाईंले बताए । स्वास्थ्य कार्यालयका अनुसार चालु आर्थिक वर्षमा मात्र जिल्लामा जापानिज इन्सेफलाइटिसका १५ संक्रमित फेला परेका छन् । जसमध्ये ६ जनाको मृत्यु भइसकेको छ ।


## Haripurwa Municipality

**office of Municipal Executive**

**Haripurwa Sarlahi**

**Madhesh Province, Nepal**

**Invitation of Electronic Bids**

**First Date Publication: 2082/12/05 (19-03-2026**

1. The Haripurwa Municipality office, invites electronic bids from nepalese eligible bidders for the following works under National Competitive Bidding Procedure.

| S.N. | Contract ID No. | Name of the project Work | Cost Estimate(NRs) Without Vat And PS | Bid Security Amount (NRS.) | Fee For Bid Document(NRs.) |
|---|---|---|---|---|---|
| 1 | HRP/NCB/W/ 02/2082-083 | Nagarpalikama Aawshyakta Anushar Deep Boring Jadan. | | 770000 | 5000 |
| 2 | HRP/NCB/W/ 03/2082-083 | Construction of School Building Haripurwa 03 | 5576975.30 | 165000 | 3000 |
| 3 | HRP/NCB/W/ 04/2082-083 | Haripurwa 05 ko teli kutti ko Adhuro Bhawan Ko Aawshyak Purwdhar Nirman. | 1689108.19 | 50000 | 3000 |

2. Eligible bidders may refer complete set of bid document for further information at office of Haripurwa Municipality, Haripurwa, Sarlahi or PPMO'S website: bolpatra.gov.np/egp.And Bidders shall have the option of submitting their bids electronically only.
3. For Details bidders areadvised to visit website: bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Pakhribas Municipality

**Office Of The Municipal Executive**

**Dhankuta, Koshi Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of publication: March 19, 2026**

1. Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal invites electronic seal quotation from Nepalese eligible registered bidders/suppliers.
2. Eligible Bidders may obtain further information from office of Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs. 1000 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank : NIC ASIA Bank, Pakhribas Branch**
   **Account Holder's Name : Ga 1.1 - Antarik Rajaswa Khata - Pakhribas Nagarpalika**
   **Account no. : 0882050028483002**
   **Office Code no. : 1126007**
   **Rajaswa Shirsak No : 14229**
   (Note: Bid document fee must be deposit from SuTRA Revenue model, SuTRA Revenue model bank interface, LLRP-Local level revenue portal)
4. Electronic bids must be submitted to the office Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs of 3rd April 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs of 3rd April 2026 at the office of Pakhribas Municipality, Office of the Municipal Executive. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid (75 days).

   **Name of the Bank : NIC ASIA Bank, Pakhribas Branch**
   **Account Holder's Name : Ga 3 - Dharauti Khata-Pakhribas Nagarpalika**
   **Account no. : 88CA502647524003**

| S. N. | Contract ID | Name of Contract | Estimated Amount (Vat Free Item) | Cost of Bid Documents (NRs.) | Last date of bid submission | Bid Opening date | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1. | PKBSMUN/SQ/ GOODS/2082/083-02 | Procurement of Mini Tiller for Ward office (85% Anudan) | 16,02,000 | 1,000 | 12:00 Hrs of 3rd April 2026 | 13:00 Hrs of 3rd April 2026 | 40,500 |

**Chief Executive Officer**

## Gauradaha Municipality

**Office of the Municipal Executive**

**Gauradaha, Jhapa**

**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: 19th March 2026 (2082/12/05 BS)**

1. The **Gauradaha Municipality** invites electronic bids for all the Nepalese eligible bidders for the following construction works/Goods under NCB Bidding procedures:-

| Contract No./Notice No./Tender type | Description of Works | Minimum Bid Security Amount | Estimated Amount (with VAT and PS.) | Bid documents fee | Bid Submission /Open Date/ Rajaswa Detail/Pre Bid | Procurement Category/ Method/Bid Validity/Bid Bond Validity/Account |
|---|---|---|---|---|---|---|
| GMO/W/NCB/ AGRO/1/082-083; First Notice ; 1S1E;WORKS | Supply And Fitting Of Motor Boring Works Under Small Irrigation Program, Gauradaha, Jhapa | Nrs.1,85,000 | Nrs.84,63,697.23 | Nrs.3000 | 12:00 hrs of 19th April 2026 (2083/01/06 BS); 14:00 hrs of 19th April 2026 (2083/01/06 BS) Name of Bank:- NIC Asia Bank, Gauradaha Rajaswa (revenue) Shirshak no. :14229 Gauradaha Municipality Office (Antarik Rajaswa Khata) Office Account no. 0872050028408002 Office code no:-80112403300 Pre Bid:- 14:00 hrs on 7th April 2026 (2082/12/24 BS). | Works/NCB /Bid validity period 90 days/ Bid bond should be valid 30 days beyond bid validity. In case of cash deposit Security deposit account no : 87CA750361152401, Dharauti Shirshak. : Gauradaha municipality office (Dharauti khata) |
| GMO/NCB/ AGRO/G/11/082-083; First Notice; 1S1E;GOODS | Supply Of Chaff Cutter, Power Triller And Mini Triller Under Agricultural Mechanization Promotion And Machinery Distribution Program,Gauradaha, Jhapa | Nrs.1,10,000 | N/A; Rajaswa (revenue) Shirshak no. :14229 Gauradaha Municipality Office(Antarik Rajaswa Khata) Office Account no. 0872050028408002 Office code no:-80112403300 ; In case of cash deposit Security deposit account no : 87CA750361152401, Dharauti Shirshak. : Gauradaha municipality office (Dharauti khata) | Nrs.3000 | | Goods/NCB /Bid validity period 90days/ Bid bond should be valid 30 days beyond bid validity. |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gauradaha Municipality, Technical Section, Jhapa, Telephone No: 023-597006/9842147978 within office hours. The bidders may visit the E-Procurement Section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer.**

## आवश्यकता सम्बन्धि सूचना

यस छिन्घा राङ्जेन सामुदायिक स्वास्थ्य इकाई हेलम्बु १, मेलम्ची ह्याङमा रहेको नेपाल सरकारबाट संचालित यस स्वास्थ्य इकाईमा दन्त सेवा उपलब्ध गराई स्थानिय समुदायलाई स्वास्थ्य क्षेत्रमा थप सेवा पुर्याउने र स्वास्थ्य इकाईमा कार्यरत नर्स तथा कर्मचारीहरुलाई दन्त सेवा सम्बन्धि तालीमको व्यवस्था समेत गर्ने उद्देश्यले यस स्वास्थ्य इकाई व्यवस्थापन समितिको निर्णय अनुसार स्वयम सेवक रुपमा काम गर्न इच्छुक स्वदेशी तथा विदेशी दन्त चिकित्सकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस स्वास्थ्य इकाईको कार्यालय वा निम्न **E-Mail** ठेगानामा आवश्यक कागजात सहित दरखास्त आह्वान गरिन्छ ।

तपशिल

| विज्ञापन नं | पद/तह | सेवा/किसिम | संख्या | योग्यता |
|---|---|---|---|---|
| १/२०८२ | दन्त चिकित्सक | स्वयम सेवक | १ | स्नातकोत्तर दन्त विषयमा |

**अन्य जानकारी**

- दन्त चिकित्सकले आफुलाई आइलाग्ने सम्पूर्ण खर्च आफै गर्नुपर्ने छ ।
- आवश्यक दन्त सेवाका लागि चाहिने सामाग्री तथा व्यवस्थापनमा सहयोग तथा तालीम संचालनमा सहयोग पुर्याउनु पर्नेछ ।

Email: purna@melamclighyang.edu.np, aryalgoma179@gmail.com
Phone: 9841357220 / 9849492948

# एसइईको नतिजा सुधारभन्दा गुणस्तरीयतामा ध्यान दिन सुझाव

**सौर्य समाचार**

सुर्खेत । कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले माध्यमिक शिक्षा परीक्षा (एसइई) नतिजाको सुधारभन्दा पनि गुणस्तरीयतामा ध्यान दिन सुझाव दिएका छन् । शिक्षा विकास निर्देशनालय सुर्खेतद्वारा बुधबार आयोजित एसइई व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले केवल नतिजाले मात्र शिक्षाको गुणस्तर मापन नहुने भएकाले गुणस्तरीयता प्रमुख आधार भएको जिकिर गर्नुभयो । यसका लागि विद्यालय शिक्षा सुधारका लागि सबै तहले जिम्मेवार बन्नुपर्ने उनको भनाइ छ ।  शिक्षा ऐनलाई मात्र देखाएर कतिपय सामान्य काम पनि हुन नसकिरहेको टिप्पणी गर्दै मन्त्री भण्डारीले सबैले आफ्नो भूमिका अनुसारको जिम्मेवारी पूरा गर्न निर्देशन दिए । उनले भने, 'शैक्षिक गुणस्तर सुधारका लागि प्रदेश तहबाट विभिन्न काम भइरहेको छ र आगामी दिनमा गर्नुपर्ने नीतिगत कामप्रति हामी प्रतिबद्ध छौं ।'

# बरण्डाभार जंगल क्षेत्रमा हाइकिङ र सन्ध्याकालीन सफारीको तयारी

**सौर्य समाचार**

चितवन । चितवनको बरण्डाभार जंगल क्षेत्रमा पर्ने टिकौलीदेखि पञ्चकन्या र चर्तुमुखी सामुदायिक वनसम्म करिब १२ किलोमिटर दुरीमा जिप सफारीसँगै हाइकिङ र सन्ध्याकालीन सफारीको सम्भावना रहेकाले यसको अध्ययन तथा व्यवस्थापनका लागि डिभिजन वन कार्यालय सक्रिय भएको छ । यहाँका सामुदायिक वनसँग आम्दानी र जैविक पर्यटनलाई जोड्न कार्यालयले अध्ययन थालेको हो । सोहीअनुरूप मंगलबार डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यसहित भरतपुरस्थित सप्तगण्डकी बहुमुखी क्याम्पसमा वातावरण विज्ञान अध्ययनरत विद्यार्थी, शिक्षक, संरक्षणकर्मी तथा नेचर गाइडहरूको टोलीले सो क्षेत्रमा पदयात्रा (हाइकिङ) गरी अध्ययन र अवलोकन अघि बढाएको छ ।

पदयात्रा क्रममा यहाँ आवश्यक पूर्वाधार, वन्यजन्तु, चराचुरुंगी, बनस्पति, सुरक्षा व्यवस्था र भ्यू पोइन्ट व्यवस्थापनको अवलोकन गरिएको थियो । जिल्लाको इच्छाकामनाबाट सुरु हुने खगेरी खोला सिँचित क्षेत्रले जैविक पर्यटनका लागि सम्भावना प्रदान गरेको हुँदा यस क्षेत्रमा पदयात्रा र सन्ध्याकालीन सफारी महत्वपूण कार्य हुने सरोकारवालाहरूले बताएका छन् । डिभिजन प्रमुख आचार्यले यस विकासका लागि दूरदृष्टिसहित योजना बनाएर अघि बढेको बताउँदै भने, 'चितवनको पर्यटन भन्नासाथ सौराहा र कसरा मात्रै हेर्ने गरिन्छ, तर डिभिजन वन कार्यालयको क्षेत्राधिकारभित्र रहेका सामुदायिक वन क्षेत्र राम्रो पर्यटन गन्तव्य हुन सक्छन् ।' उनले उक्त क्षेत्र ताल-तलैया, घाँसे मैदानको अवस्थाका कारण वन्यजन्तु व्यवस्थापन र पर्यटनका लागि नेपालको एउटा महत्वपूर्ण गन्तव्य बन्न सक्ने बताए ।

पर्यटनका लागि जिप सफारी सञ्चालन गरिएको छ । त्यहाँ हाइकिङ र सन्ध्याकालीन सफारी पनि गर्न सकिन्छ । यस क्षेत्रमा सन्ध्याकालीन सफारीका लागि नयाँ अभ्यास गर्न सकिन्छ । निकुञ्जमा सन्ध्याकालीन सफारी सम्भव नभएकाले यहाँ साँझको समयमा वन्यजन्तु अवलोकन गर्ने सफारी सञ्चालन गर्न सकिने डिभिजन प्रमुख आचार्यले जानकारी दिए । सोहीअनुसार कार्ययोजना तयार पार्न लागिएको उनले बताए । चर्तुमुखी सामुदायिक वनका अध्यक्ष हरिकुमार गुरुङले सामुदायिक वनले रुख-दाउरा मात्रै बिक्री गरेर नभई फरक ढंगले पर्यटन प्रवर्द्धनमार्फत आम्दानी गर्ने उद्देश्यले जिप सफारी तथा पर्यटन गतिविधिलाई प्राथमिकताका साथ अघि बढाएको बताए । उनले वन कार्यालयसँगको समन्वयमा हाइकिङको सम्भावना अध्ययन गरिएको र यसबाट क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे । अध्यक्ष गुरुङका अनुसार यहाँ पर्यटकले रात बिताउन सक्ने गरी मचानघर निर्माण समेत गरिएको छ ।

उक्त क्षेत्रबाट बाघ, गैंडा लगायतका वन्यजन्तु अवलोकन गर्न सकिने तथा विभिन्न चराचुरुंगीसमेत देख्न पाइने उनले बताए । डिभिजन वन कार्यलयले पर्यटन प्रवर्द्धनका लागि हौसला थप्दै सक्रियता देखाएकामा खुशी व्यक्त गर्दै, यस क्षेत्रको पर्यटन विकासका लागि आफूहरू सक्रिय रहने अध्यक्ष गुरुङले बताए । पञ्चकन्या सामुदायिक वनका अध्यक्ष कृष्णिप्रसाद बगालेले यहाँ सिमसार क्षेत्र, सिसौ वन, साल वन, खयर लगायत विभिन्न जडीबुटी भएको जङ्गल रहेको बताए ।

उनले यो क्षेत्र राजमार्ग र सौराहा नजिक रहेकोले पर्यटकका लागि थप आकर्षक गन्तव्य हुन सक्ने बताए । अध्यक्ष बगालेका अनुसार गत पुसदेखि यहाँ जिप सफारी सञ्चालन गरिएको छ र त्यसको सफलता देखिएकाले अब हाइकिङ र सन्ध्याकालीन जिप सफारीको सम्भावना छ । यसले पर्यटकका लागि नयाँ गन्तव्य सिर्जना गर्ने र वन उपभोक्ताका लागि थप आयको स्रोत बन्ने छ । पञ्चकन्या, चर्तुमुखी र भीमवली सामुदायिक वनमा सन्ध्याकालीन जिप सफारीको सम्भावना रहेको छ ।

## बरियारपट्टी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२/१२/०५ गते)**

यस बरियारपट्टी गाउँपालिकाबाट बिद्युतिय बोलपत्र माध्यमबाट प्रकाशित गरीएको तपसिल बमोजिमको NCB ठेक्का नं. को सुचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्रही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र कुनै उजुरी नपरेमा प्रचलित ऐन, नियमावली बमोजिम ठेक्का स्वीकृत गरी सम्झौता गर्ने प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | छनौट भएको फर्म | ठेगाना | कबोल अक्त रु. (मू.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | BRM/01/2082/083 | श्री काब्या कन्स्ट्रक्सन | बरियारपट्टी गा.पा. ५ | १००४१७१०।३२ |
| २ | BRM/02/2082/083 | श्री सिद्धान्त बिल्डर्स | अर्नमा गा.पा. ४ | ५३२०८८८।१९ |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Sudurpashchim Province
## Ministry of Physical Infrastructure Development
## Water Supply and Sanitation Division Office
Kailali

**NOTICE for LETTER OF INTENT(LOI)**

**(First date of publication: March. 19, 2026 (2082 Chitra 05)**

1. This is to notify (as per clause 27(2) of Public Procurement Act, 2063) to all concerned bidders that, we are going to award following contracts as per notice published on national level newspaper and PPMO's e-GP portal bolpatra.gov.np/egp on Feb. 13, 2026 (2082 Phalgun 01) to the following bidders selected as substantially responsive lowest evaluated bid. This notice is published for the purpose of clause 47 of Public Procurement Act, 2063.

| S.N. | Contract ID | Description | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (Inclusive of VAT) (NRs.) |
|---|---|---|---|---|
| 1 | WSSDO/KAILALI/NCB/WORKS/07/2082-083 | Supply, Installation, Testing and Commissioning of Complete Water Purification and Dispensing System with Hot, Cold and Normal Water at different locations of Kailaliand Kanchanpur Districts | New Anand Trade House Pvt. Ltd.Biratnagar-6, Morang , Nepal Morang Nepal | 11,748,380.40 |

**Division Chief**

सुदुरपश्चिम प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय
राजपुर, डोटी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२ चैत्र ०५**

शहरी विकास तथा भवन कार्यालय, राजपुर डोटीबाट मिति २०८२/१०/२६ गते सौर्य राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.np मा प्रकाशित सूचना सूचना अनुसार तोकिएको मिति भित्र रीतपूर्वक दर्ता हुन आएका विद्युतिय बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही देखिएका तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| क्र. सं. | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित पि एस बाहेक) |
|---|---|---|---|
| १ | UDBO-Doti/NCB/Building/01/082/083/Doti | HL Construction & Suppliers, Dipayal Silgadhi, Muncipality-04, Doti | ८१,०३,०६५.९३ |
| २ | UDBO-Doti/NCB/Building/03/082/083/Doti | R. N. Nirman Sewa Pvt. Ltd.Baneshwor, Kathmandu, | ५६,९५,३८८.१६ |
| ३ | UDBO-Doti/NCB/Roads/04/082/083/Achham | Malika Nirman Sewa, Achham, | २७,२२,५६५.९ |
| ४ | UDBO-Doti/NCB/Roads/05/082/083/Achham | Malika Nirman Sewa, Achham, | १४,०१,६५३.०० |
| ५ | UDBO-Doti/NCB/Roads/06/082/083/Achham | Shodashadevi Nirman Sewa Pvt.LtdAchham, | १६,६४,८४५.०४ |
| ६ | UDBO-Doti/NCB/Roads/07/082/083/Achham | Khaptad Baba Nirman sewa & order Suppliers5 Bajura, | १६,७८,२१२.५४ |
| ७ | UDBO-Doti/NCB/Roads/08/082/083/Achham | Indrasara ConstructionAchham, | १४,५७,५०३.६ |
| ८ | UDBO-Doti/NCB/Roads/09/082/083/Achham | Malika Nirman Sewa,Achham, | २३,७३,५४४.७२ |
| ९ | UDBO-Doti/NCB/Playground/10/082/083/Bajura | T.S. Construction & Oder SuppliersBajura, | ११,५९,८२७.७ |
| १० | UDBO-Doti/NCB/Roads/11/082/083/Dadeldhura | Omtara ConstrutionDadeldhura, | २०,२९,६११.९७ |
| ११ | UDBO-Doti/NCB/Roads/12/082/083/Dadeldhura | Himanshu Engineering Consultancy and Constructions Dadeldhura, | ५६,४०,६८३.७९ |
| १२ | UDBO-Doti/NCB/Roads/13/082/083/Dadeldhura | Bipin Nirman SewaDadeldhura, | ८८,५५,६१०.०७ |
| १३ | UDBO-Doti/NCB/Buspark/14/082/083/Achham | Padmaratna Construction and Consultants Pvt.Ltd Kamalbazar-05, Achham, | ९३,९५,५९९.३६ |
| १४ | UDBO-Doti/NCB/Roads/16/082/083/Achham | MUNA NIRMAN SEWASanfebagar Mun-06, Achham, | १७,०३,४३३.४ |

**कार्यालय प्रमुख**

## झन्डै दुई...
### कुन पार्टीले कसलाई बनाउँदै छन्...

अब यिनैमध्येबाट दलको नेता तथा सचेतकहरूको चयन हुने देखिन्छ । तर, दलको नेता बन्न अर्जुननरसिंह केसीले लबिइङ सुरु गरिसकेका छन् । आफूलाई सर्वसम्मत बनाउन उनले अहिले सांसद चुनिएकाहरूसँग पालैपालो भेट गरिरहेका छन् । उनले पार्टीका नेताहरूलाई आफू सर्वसम्मत भए दलको नेता बन्ने, नत्र नबन्ने सन्देशसमेत दिइसकेका छन् । तर, केसीमाथि परिवारवादको ट्याग लागेको र उनको स्वास्थ्य तथा सदनमा नियमित हुने सम्भावनासमेत कम हुने आकलनसहित भीष्मराज आङ्देम्बे वा मोहन आचार्यलाई दलको नेता बनाउन सक्ने पनि चर्चा छ ।

एमालेले भने अहिलेसम्म यसबारे औपचापरिक/अनौपचारिक कुनै छलफल गरेको छैन । अहिले पार्टी अध्यक्ष केपी शर्मा ओली पितृशोकमा भएकाले पनि यसबारे कुनै छलफल हुन नपाएको एमाले नेताहरू बताउँछन् । यस पटक एमालेमा प्रत्यक्षतर्फ उम्मेदवार बनेका केन्द्रीय कमिटीका सबै पदाधिकारी पराजित भएकाले अब समानुपातिकतर्फ छनोट भएका पदाधिकारी दलको नेता बन्ने देखिन्छ । एमाले उपाध्यक्ष रामबहादुर थापा बादल र सचिव पद्मा अर्याल समानुपातिकमार्फत् सांसद बनेका छन् । एमाले विरासतको हिसाबमा र ओलीनिकट मानिएकाले पद्मा अर्यालको सम्भावना बलियो देखिन्छ । तर, बदलिएको परिस्थितिसँगै एमालेले पनि दलको नेता तथा सचेतकहरू चयन गर्ने सचिव छविलाल विश्वकर्मा बताउँछन् । युवाको समेत प्रतिनिधित्व हुने गरी संसदीय दल तयार हुने उनले बताए । नयाँ परिस्थितिमा भएको निर्वाचन र त्यसको परिणामलाई आत्मसात् गर्दै सुहाङ नेम्वाङलाई दलको नेता वा प्रमुख सचेतकको भूमिका दिनुपर्ने माग पनि एमालेभित्र छ ।

## न विपक्षीलाई...

जनतासँग सुमधुर सम्बन्ध भएको नेतृत्व बन्नुस्, ५ वर्ष जनताले आत्मसात् गर्न सक्ने, तपाईंको सम्बन्धले हरेक दिन उत्सव मनाउन सक्ने बनाउनुपर्छ,' उनले भने ।

रास्वपालाई जनताले कानुन बनाउने जिम्मेवारी दिएको भन्दै सभापति लामिछानेले कानुन निर्माताका रूपमा गहन जिम्मेवारी छन् भन्ने सबैले बुझ्नुपर्ने बताउँदै भने, 'बहाना बनाउन नपाउने गरी जनताले जिम्मेवारी दिएका छन्, पुराना राजनीतिक दललाई जनताले ३६ वर्ष कुरे, हामीलाई ३६ महिना पनि कुर्दैनन् । हामीले आफूलाई केन्द्रमा राखेर होइन, जनता र देशलाई केन्द्रमा राखेर काम गर्नुपर्छ ।' सभापति लामिछानेले पार्टी जन्मेदेखि मुद्दा चलेको स्मरण गर्दै आफूहरूले संरक्षण गर्दै यहाँसम्म पुगेकाले आगामी दिनमा यसलाई थप मजबुत बनाउने जिम्मेवारी पनि थपिएको बताए । उनले भने, 'नागरिकको चेतनामाथि विश्वास गरेर हामी अगाडि बढ्छौं । बिचौलियासँग बसेर चिया खानुअघि सहिदको बलिदानलाई सम्झिनुहोला ।'

यो सामान्य निर्वाचनबाट आएको जनमत नभएको भन्दै सभापति लामिछानेले विशेष परिस्थमा जनताले रास्वपालाई विश्वास गरेकाले जिम्मेवारीबोध गरेर काम गर्न सबैलाई आग्रह गरे । सामाजिक न्याय नभएको समाज मानिस बस्ने समाज नभएको भन्दै उनले एउटा चुनावबाट अर्को चुनावका लागि होइन एउटा पुस्ताबाट अर्को पुस्ताका लागि लडेको बताए । अब सुशासनको क्षेत्रमा नयाँ मानक कायम हुने विश्वास व्यक्त गर्दै उनले पार्टीबाट निर्वाचित सांसदहरूलाई देशको संविधान, संसद्को नियमावली र पार्टीको विधानअनुसार मुलुक र जनताप्रति इमानदार भएर काम गर्न आग्रह गरे ।

## सांसदलाई देश र जनताप्रति जिम्मेवार हुन निर्देशन

लामिछानेले निर्वाचनमा जनताले दिएको अभिमतलाई सम्मान गर्दै देश र जनताप्रति जिम्मेवार भएर प्रस्तुत हुन नवनिर्वाचित सांसदलाई निर्देशन दिएका छन् । अभिमुखीकरण कार्यक्रममा सभापति लामिछानेले सार्वजनिक रूपमा जथाभावी अभिव्यक्ति दिने र प्राप्त अभिमतलाई मनोरञ्जनका रूपमा लिने छुट कसैलाई नरहेको समेत स्पष्ट पारे । 'सञ्चारमाध्यममा बोल्दाखेरी वैदेशिक सम्बन्धमा कस्तो प्रभाव पार्छ भन्नेसमेत सोचेर जिम्मेवार भएर बोल्नुस् । नागरिकसँगको सम्पर्कलाई बलियो बनाउनुस् । हामीमाथि देश बनाउने, देशमा परिवर्तन गर्ने जिम्मेवारी छ । जनताले दिएको अभिमतको पूर्णसम्मान गर्दै सकारात्मक परिवर्तनका पक्षमा लाग्नुछ,' उनले भने ।

## बालेन सरकारका...

सार्वजनिक-निजी साझेदारी प्रणाली बलियो बनाउँदै ठुला पूर्वाधार परियोजनामा निजी लगानी परिचालन गर्न, जोखिमयुक्त तथा रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्न, सहकारीको लगानी घरजग्गा र सेयर बजारमा प्रवाह गर्न नदिने नीति लिन सुझाव दिएको छ । निरन्तर घाटामा रहेका सार्वजनिक संस्थानहरूको पुनर्संरचना, मर्जर वा निजीकरण गर्न समितिको सुझाव छ । विद्यालय तहदेखि नै सदाचार र नैतिक शिक्षामार्फत् सामाजिक सोचमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिइएको छ । समितिका अनुसार रणनीतिक सडक, पुललगायत महत्वपूर्ण पूर्वाधार आयोजना निर्माण, स्तरोन्नति तथा मर्मत गर्न वार्षिक कार्यतालिका नै तयार गरी कार्यान्वयन गर्ने, खेतीयोग्य सार्वजनिक भूमिको पहिचान गरी तुलनात्मक लाभ भएका बालीमा आधारित कृषि उद्योग स्थापना गर्न लिज प्रणालीमार्फत् उपयोग गर्ने नीति लिन सुझाव दिइएको छ ।

अस्पतालबाटै जन्मदर्ता गर्नुपर्ने, राष्ट्रिय परिचयपत्रको छपाइ र वितरणमा भइरहेको ढिलाइ अन्त्य गर्न प्रदेशस्तरमा मुद्रण केन्द्र विस्तार गर्ने, विदेशबाट फर्केका श्रमिकहरूको सीप स्वदेशी उद्यमसँग आबद्ध गर्न नीतिगत सुधार गर्ने, कर्मचारी नियुक्ति तथा पदोन्नतिलाई पूर्ण रूपमा मेरिट र प्रतिस्पर्धामा आधारित बनाउने तथा न्यायाधीश नियुक्ति प्रक्रियालाई पूर्ण रूपमा मेरिटमा आधारित र पारदर्शी बनाउनुपर्नेमा जोड दिइएको छ । सार्वजनिक खरिदका चुनौती समाधान गर्न सार्वजनिक खरिद व्यवस्थापनमा व्यापक संरचनात्मक रूपान्तरण आवश्यक देखिएको प्रतिवेदनको निष्कर्ष छ । कानुनी सुधारसहित आयोजना तयारी प्रणाली सुदृढ गर्ने, संस्थागत क्षमता र खरिद विशेषज्ञता विकास गर्ने तथा विद्युतीय खरिद प्रणालीलाई योजना, बोलपत्र, सम्झौता व्यवस्थापन र भुक्तानीसम्म विस्तार गर्ने प्रस्ताव गरिएको छ ।

साढे २ महिना लगाएर जेनजी प्रतिनिधिसहित विभिन्न क्षेत्रका विज्ञ-विशेषज्ञ, तीनै तहका सरकार र तिनका अंग, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चार जगत्लगायतसँग बृहत् छलफल र सुझाव ग्रहण गरी समितिले तयार पारेको प्रतिवेदन मंगलबार मुख्यसचिव सुमनराज अर्यालले बुझेका छन् । विगतका अध्ययन, समिति तथा कार्यदलका प्रतिवेदनसमेत अध्ययन गरेर १ हजार ७६५ क्रियाकलाप समेटेर तयार पारेको हजार पृष्ठभन्दा लामो प्रतिवेदन अर्याललले आगामी सरकारलाई हस्तान्तरण गर्नेछन् ।

## विद्युत मिटर हराएको सूचना

का.जि.का.म.न.पा. वडा न. २६ स्थित कित्ता नं २०१ मा उत्तम राज भट्टराइको नाममा रहेको विद्युत प्राधिकरण बाट प्राप्त भएको ग्राहक संख्या नं. ००००००३२३७८ को मिटर मिति २०८२/११/२० गते हराएको हुदाँ पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिएमा आभारी हुने थिए ।

नाम : सिता कार्की
ग्राहक संख्या नं. : ००००००३२३७८
ठेगाना : का.म.न.पा.-२६, काठमाडौं
फोन नं.: ९८४१२१२४७८

## काठ लिलाम बिक्रि सम्बन्धी सुचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२।१२।०५**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात साल, जामुन, सिसौ, हल्दु, खयर, गरी ६६४ थानको ३३१७६१ क्युफी, काठ र साल दाउरा ५, सिसौ दाउरा ०।५ र अन्य दाउरा १ चट्टालाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले सिटीपोष्ट राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र १६ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**अध्यक्ष**
**श्री तुलसीपुर सामुदायिक वन उपभोक्ता समुह**
**घोडाघोडी न.पा.१० कैलाली**

# बैंकिङ क्षेत्रको तरलता उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड




■ सौर्य समाचार

काठमाडौं । अर्थमन्त्री रामेश्वरप्रसाद खनालले उपलब्ध तरलतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरी राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुनुपर्ने बताएका छन् । नागरिक लगानी कोषको ३६औँ वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री खनालले हाल बैंकिङ प्रणालीमा ब्याजदर घटेको र तरलता पर्याप्त रहेको अवस्थामा त्यसलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याएका हुन् । उनले ठुला पूर्वाधार तथा दीर्घकालीन लगानी आवश्यक पर्ने आयोजना अघि बढाउनुपर्ने बताउँदै बुढीगण्डकी जलविद्युत् आयोजनाजस्ता परियोजनामा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमार्फत लगानी बढाउन सकिने गरी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । निष्क्रिय पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा उनले जोड दिए ।

अर्थमन्त्री खनालले मध्यपूर्व क्षेत्रमा देखिएको द्वन्द्वले नेपालको आपूर्ति शृंखलामा असर पर्न सक्ने र मूल्यवृद्धि जस्ता समस्या आउन सक्ने भन्दै त्यसलाई समाधान गर्न आगामी दिनमा विशेष ध्यान दिनुपर्ने धारणा राखे । उनले भने, 'अहिले शोधनान्तर र चालु खाता बचतमा छन्, गत आर्थिक वर्षको तुलनामा सरकारी राजस्व पनि बढेको छ, धेरै आर्थिक सूचकहरू सुधारोन्मुख छन् । अब लगानीकर्ताको हातमा पुँजी पुग्ने वातावरण सिर्जना गर्नुपर्ने बेला आएको छ ।'

उनले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन शीघ्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै विभिन्न अवकाश कोषमा लागिरहेको करको विषयमा पुनर्विचार गरिनुपर्ने बताए । समान प्रकृतिको आम्दानी तथा सामाजिक सुरक्षासम्बन्धी रकममा न्यून कर लगाउनुपर्नेमा अर्थमन्त्री खनालले जोड दिए । सरकारी स्वामित्वका धेरै संस्थाहरू समस्याग्रस्त हुने गरेको उल्लेख गर्दै नागरिक लगानी कोषले व्यवसायिक सफलता हासिल गर्न सफल भएको उनले बताए ।

नेपाल वायुसेवा निगममा कोषबाट प्रवाहित कर्जाको असुलीका विषयमा पनि सरकारको नीतिगत जमानीको आधारमा उपयुक्त विकल्प खोज्नुपर्ने उनको भनाइ छ । कोषले लगानी गर्दा जोखिम व्यवस्थापनमा सचेत हुनुपर्ने उल्लेख गर्दै विभिन्न अवकाश कोषको सम्पत्ति-दायित्व व्यवस्थापनका लागि दीर्घकालीन ऋणपत्र जारी गर्न आवश्यक रहेको उनले बताए ।

कार्यक्रममा नागरिक लगानी कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले उच्च तथा दिगो आर्थिक विकासका लागि कोषले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताए । उनले उत्पादनशील तथा पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै कोषले विभिन्न बचत योजनाहरू सफलतापूर्वक कार्यान्वयन गरिरहेको जानकारी दिए । नियामक निकायको मार्गदर्शन र कर्मचारीको समर्पणका कारण कोषले व्यावसायिक प्रगति हासिल गर्न सकेको उनको भनाइ छ ।

नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको लगानीलाई विविधीकरण गर्न आवश्यक रहेको बताए । उनले कोषले संकलित रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्दै आएको जानकारी दिए । हाल कोषको करिब आधा हिस्सा बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपका रूपमा लगानी गरिएको, करिब २२ प्रतिशत सापटी तथा कर्जामा र विभिन्न संस्थाका सेयरमा लगानी रहेको उनले बताए ।

उनका अनुसार करिब आधा लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा रहेको र ब्याजदरमा आएको गिरावटका कारण कोषको नाफामा पनि असर पर्नसक्ने देखिएको छ । लगानी विविधीकरण हुन नसके आम्दानीमा गिरावट आउने जोखिम रहेको उनको भनाइ छ ।

कार्यकारी निर्देशक कार्कीले सरकारले प्राथमिकतामा राखेका पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याए । कोषले सबै प्रदेशमा शाखा सञ्जाल विस्तार गर्दै सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग बढाएको पनि उनले बताए । आन्तरिक सुशासन, पारदर्शी तथा अद्यावधिक हिसाब प्रणालीलाई सुदृढ गर्दै कोषलाई दिगो प्रतिफल दिने संस्थाका रूपमा विकास गर्ने लक्ष्य रहेको उनले उल्लेख गरे । साथै ठूलो आयोजनामा लगानी गर्नसक्ने सक्षम संस्थाका रूपमा कोष विकास हुँदै गएको उनको भनाइ छ ।

उनले नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका काममा केही समानता रहेको उल्लेख गर्दै त्यसमा स्पष्टता आवस्यक रहेको बताए । नेपाल वायुसेवा निगममा करिब २२ अर्ब रुपैयाँ लगानी गरिएको र उक्त रकम असुलीमा केही कठिनाइ देखिएको जानकारी दिँदै उनले सरकारको ग्यारेन्टीमा ऋण प्रवाह भएकाले त्यसको व्यवस्थापनमा पहल भइरहेको बताए ।

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले नागरिक लगानी कोषको वार्षिकोत्सव कार्यक्रममा दीर्घकालीन र सुरक्षित प्रतिफल सुनिश्चित गर्न कोषको लगानी विविधीकरण आवश्यक भएको बताए । अध्यक्ष कोइरालाका अनुसार हालको न्यून ब्याजदर (फिक्स्ड डिपोजिटमा २.७५ प्रतिशत) ले पारंपरिक निक्षेपमा मात्र निर्भर हुँदा जोखिम र आम्दानीको अस्थिरता बढेको छ । उनले भने, 'फिक्स्ड डिपोजिटमा मात्र केन्>त हुँदा जोखिम बढी हुन्छ । हाइब्रिड इन्स्ट्रुमेन्टहरूमा लगानी विस्तार गर्दा दीर्घकालीन आम्दानी सुनिश्चित हुन्छ र बजारमा स्थायित्व आउँछ ।'

उनले वैकल्पिक वित्तीय उपकरणमा लगानीले क्यापिटल मार्केटको विकासमा समेत सहयोग पुग्ने बताए । यसले लगानी विविधीकरण सुनिश्चित गर्दै एकै प्रकारको आम्दानीमा केन्द्रित हुने जोखिम कम गर्छ र दीर्घकालीन आम्दानीको सर्टेनिटी कायम राख्छ । कोइरालाका अनुसार हाल देशभर करिब ७७ खर्ब रुपैयाँ निक्षेप संकलन भएको छ भने करिब ५८ खर्ब रुपैयाँ कर्जा प्रवाहमा छ । चालु आर्थिक वर्षमा बैंकिङ क्षेत्रको कर्जा वृद्धिदर करिब ३.९ प्रतिशतमा सीमित रहेको छ ।

बैंकिङ प्रणालीमाथि बढ्दो चुनौतीप्रति चिन्ता व्यक्त गर्दै अध्यक्ष कोइरालाले भने, 'सार्वजनिक धम्की, कालोमोसो दल्ने र नाम सार्वजनिक गर्ने गतिविधि समग्र आर्थिक वातावरण बिगार्ने खतरा सिर्जना गर्छ । 'ऋण लिनु पर्दैन, तिर्न पर्दैन, राज्यले तिर्दिन्छ' भन्ने भाष्य अर्थतन्त्रका लागि घातक छ ।'

# लुम्बिनी सरकारले आयोजना बैंक सञ्चालनमा ल्याउने




■ सौर्य समाचार

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले प्रदेश आयोजना बैंक सञ्चालनमा ल्याउने तयारी थालेको छ । प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश आयोजना बैंक (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ पनि स्वीकृत गरी आयोजना बैंक सञ्चालनको प्रक्रिया थालेको हो ।

उक्त निर्देशिकामार्फत प्रदेशका प्राथमिकता प्राप्त आयोजना छनोट, व्यवस्थापन र कार्यान्वयनलाई व्यवस्थित बनाउने उद्देश्य राखिएको प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले जानकारी दिए । बैठकले हालै विभिन्न तहमा बढुवा भएका कर्मचारीहरूको पदस्थापन तथा प्रदेश सचिवहरूको जिम्मेवारी हेरफेर गर्ने निर्णयसमेत गरेको मन्त्री सारुले जानकारी दिए ।

उनका अनुसार बैठकबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको थप जिम्मेवारी विनोद लामिछाने, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सचिवको थप जिम्मेवारी नारद गौतम र सामाजिक विकास मन्त्रालयको सचिवको जिम्मेवारी दिवाकर भण्डारीलाई दिने निर्णय गरिएको छ । त्यस्तै प्रदेश स्वास्थ्य सेवातर्फ रोशनलाल चौधरीलाई प्रदेश स्वास्थ्य निर्देशनालयको प्रमुख जनस्वास्थ्य प्रशासकका रूपमा पदस्थापन गरिएको छ ।

डा.राजेन्द्रकुमार गिरीलाई प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र रूपन्देहीमा प्रमुख जनस्वास्थ्य प्रशासकका रूपमा पदस्थापन गरिएको छ । त्यस्तै डा.मोहम्मद नुरुल होदालाई राप्ती प्रादेशिक अस्पताल तुलसीपुर, डा.पदमराज अधिकारीलाई गुल्मी जिल्ला अस्पतालमा पदस्थापन गरिएको छ । डा.शकुन्तला कुमारीलाई रामपुर अस्पतालमा प्रमुख कन्सल्टेन्ट मेडिकल जनरलिस्टका रूपमा जिम्मेवारी दिइएको मन्त्री सारुले जानकारी दिए ।

बैठकले डा.अनुप थापालाई लुम्बिनी प्रादेशिक अस्पतालमा प्रमुख कन्सल्टेन्ट अब्स्टेट्रिक्स एन्ड गायनोकोलोजिस्ट, डा.भुवन पौडेललाई सोही अस्पतालको प्रमुख कन्सल्टेन्ट सर्जन तथा डा. सुरेन्द्र कुँवरलाई प्रमुख कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट, डा.पुष्पराज जोशीलाई प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन, डा.कृष्णहरि सुवेदीलाई प्रमुख कन्सल्टेन्ट पेडियाट्रिसियन तथा डा.प्रभात पोखेल प्रमुख कन्सल्टेन्ट डर्माटोलिस्टिका रूपमा पदस्थापन गरिएको छ ।

त्यस्तै डा.गोपालप्रसाद ज्ञवालीलाई प्रमुख कन्सल्टेन्ट अर्थोपेडिक सर्जनका रूपमा लुम्बिनी प्रादेशिक अस्पतालमा जिम्मेवारी दिइएको छ । प्रदेश इन्जिनियरिङ सेवातर्फ अनिल मरासिनीलाई यातायात पूर्वाधार निर्देशनालयमा सुपरिटेन्डेन्ट इन्जिनियरका रूपमा पदस्थापन गरिएको छ । प्रदेश वन सेवातर्फ ईश्वरीप्रसाद पौडेललाई वन महानिर्देशकको जिम्मेवारी दिइएको छ ।

# आगामी आवको लागि आन्तरिक ऋणको सीमा निर्धारण

## संघले जिडिपीको ५.५ र प्रदेश तथा स्थानीय १२ प्रतिशत ऋण लिन पाउने

■ सौर्य समाचार

काठमाडौं । अब संघीय सरकारले कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को अधिकतम ५.५ प्रतिशत र प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक राजस्वको १२ प्रतिशतसम्म मात्रै ऋण उठाउन पाउने भएका छन् । आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण भइरहेका बेला राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले यस्तो व्यवस्थासहितको आन्तरिक ऋण परिचालनको सीमा सिफारिस गरेको हो । आयोगले समष्टिगत आर्थिक अवस्था, राजस्व-खर्चको अनुमान र बजार स्थितिको विश्लेषणका आधारमा आन्तरिक ऋण उठाउन सक्ने जनाएको छ । स्थानीय पूर्वाधारका लागि नेपाल सरकारले स्थापना गरेको विशिष्टीकृत संस्थामार्फत प्रवाह हुने ऋणमा भने यो सीमा लागू नहुने उल्लेख गरिएको छ । आयोगका अनुसार समष्टिगत आर्थिक सूचक, राजस्व-खर्चको अवस्था, अन्तर्राष्ट्रिय अभ्यास तथा नेपालको विगतको अनुभवलाई आधार मानेर सीमा तय गरिएको हो । चालु आर्थिक वर्षमा नेपालको जिडिपी करिब ७१ खर्ब ५२ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ ।

आयोगले दिएको सिफारिसअनुसार संघीय सरकारले करिब ३ खर्ब ९३ अर्ब रुपैयाँ, प्रदेशहरूले १४ अर्ब ७५ करोड रुपैयाँ र स्थानीय तहले १७ अर्ब ६२ करोड रुपैयाँसम्म आन्तरिक ऋण परिचालन गर्न सक्नेछन् । आयोगले आन्तरिक ऋणलाई भविष्यको आम्दानी अग्रिम खर्च गरेसरह हुने भन्दै ऋणको साँवा-ब्याज तिर्न सक्ने सुनिश्चितता हुनुपर्नेमा जोड दिएको छ । प्रदेश र स्थानीय तहको हकमा भने राजस्वको आधारमा सीमा निर्धारण गरिएको छ । गत वर्षको राजस्व वृद्धिदरलाई आधार मान्दा प्रदेशहरूले औसत २ अर्ब १० करोड रुपैयाँ र प्रत्येक स्थानीय तहले करिब २ करोड ३४ लाख रुपैयाँसम्म ऋण उठाउन सक्नेछन् । आयोगका अनुसार ऋण सीमा निर्धारण गर्दा राजस्व-ऋण अनुपात, जिडिपीसँग सार्वजनिक लगानीको सम्बन्ध, ऋण सेवा क्षमता, ब्याजदर, मुद्रास्फीति तथा सार्वजनिक ऋणको संरचना जस्ता सूचकहरूलाई आधार बनाइएको हो ।


**मण्डनदेउपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**महादेवस्थान, काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

**फोन नं. ०११४१२११३**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/०५)**

यस नगरपालिकाको सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरुको कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि मुल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाहरुको लागी तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| (01/Goods/NCB/ MDM/082/83) | Supply and Delivery of Medicine 2082/83 | Sohan Medi Health, Bhaktapur | रू १२,४५,९१५।३० (बाह्र लाख पैतालिस हजार नौ सय पन्ध्र रुपैया तिस पैसा मात्र) |
| **कार्य नं** | **योजनाको नाम** | **प्रस्तावदाताको नाम/ठेगाना** | **कबोल अंक (भ्याट सहित)** |
| (40/Works/NCB/ MDM/082/83) | Ward no 1 ko bibhinna yojana phase 2 | Deep Laxmi Construction, Kavre | रू १६,७६,८६४।८५ (सोह्र लाख छयत्तर हजार आठ सय चौसठी रुपैया पचासी पैसा मात्र) |
| (43/Works/NCB/ MDM/082/83) | Ward No 02 ko Bibhinna Sadak Yojana Phase-2 | Deep Laxmi Construction, Kavre | रू ३९,१०,६७६।३३ (उन्नाचालीस लाख दस हजार छ सय छयत्तर रुपैया तेतिस पैसा मात्र) |
| (44/Works/NCB/ MDM/082/83) | Ward No.11 Ka Bibhinaa Yojanaharu Phase-2 | Bhagawoti Nirman Sewa, Kavre | रू ३१,१७,४५५।३५ (एकतीस लाख सत्र हजार चार सय पचपन्न रुपैया पैतिस पैसा मात्र) |
| (45/Works/NCB/ MDM/082/83) | Ward no 2 ko bhawan sambandhi bibhinna yojana | N S BUILDERS, Dhanusha | रू ३९,५०,९२४।१८ (उन्नाचालीस लाख पचास हजार नौ सय चौबिस रुपैया अठार पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Bagamati Province**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

**Infrastructure Development Office**

**Lalitpur**

**Invitation for Bids**

IFB No: 15/082-83, First Date of publication: 2082/12/05 (19th March, 2026)

1. Infrastructure Development Office, Lalitpur invites electronic bids from eligible bidders under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Infrastructure Development Office, Lalitpur or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit NRs. 3000.00 for each contract as the cost of bidding document in the Office's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Nepal Bank Ltd.** Name of Office: **Infrastructure Development Office, Lalitpur**
   Office Code no.: **3370134013** Office Account no.: **27202000001001000001** Rajaswa (revenue) Shirshak no.: **14229**
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Lalitpur on **2082/12/26 (9th April 2026)** at **12:00 hrs**.
5. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hrs** on **2083/01/06 (19th April 2026).**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs** on **2083/01/06 (19th April 2026)** at the office of Infrastructure Development Office, Lalitpur. Bids must be valid for 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum as **mentioned in table**, which shall be valid for **30 days** beyond the validity period of the bid.

| SN | Description of Work and Contract Id No. | Bid Security Amount | Estimated Cost NRs excluding VAT |
|---|---|---|---|
| 1 | Construction of RCC Box Culvert at Gairigaun Muhan Pokhari, Budhanilkantha-3, Kathmandu [IDOLTP/W/NCB/206/2082-83] | NRS 0.181 Million | 72,04,315.3 |
| 2 | Construction of Culvert connecting Chapali Khadka Tole, Budhanilkantha-4, Kathmandu [IDOLTP/W/NCB/207/2082-83] | NRS 0.094 Million | 37,21,616.23 |
| 3 | Construction of Culvert at Sundar Basidol Naya Planning to Chardobato Kholsa, Mahalaxmi Na.Pa -08, Lalitpur [IDOLTP/W/NCB/208/2082-83] | NRS 0.121 Million | 48,37,068.39 |
| 4 | Construction of RCC Box Culvert at Dhungre Khola, Mahalaxmi Na. Pa.-07, Lalitpur [IDOLTP/W/NCB/209/2082-83] | NRS 0.171 Million | 78,20,379.17 |
| 5 | Construction of RCC Box Bridge Over Bal Kumari Balkhukhola, Chandragiri Na. Pa.-14, Kathmandu [IDOLTP/W/NCB/210/2082-83] | NRS 0.425 Million | 1,49,99,252.20 |
| 6 | Construction of RCC Box Bridge at Futung Kavresthali connecting to in front of Valley Tahara, Mahadev Khola, Tarkeshwor- 2 & 7, Kathmandu [IDOLTP/W/NCB/211/2082-83] | NRS 0.375 Million | 15,135,259.64 |
| 7 | Construction of RCC Box Bridge connecting Basnetgaun to Suwal Gaun at Dhungre Khola, Suryabinayak Mun. 1, Bhaktapur [IDOLTP/W/NCB/212/2082-83] | NRS 0.215 Million | 86,16,660.23 |
| 8 | Construction of Godawari Rammandir RCC Box Bridge, Godawari Mun. 2,3, Lalitpur [IDOLTP/W/NCB/213/2082-83] | NRS 0.365 Million | 1,45,30,601.16 |
| 9 | Construction of RCC Box Culvert connecting Dakshinkali Ward No. 3 and 7, Dakshinkali Mun. 7, Kathmandu [IDOLTP/W/NCB/214/2082-83] | NRS 0.415 Million | 1,64,75,512.97 |

**The Office Chief**

# लेखनाथ-दमौली २२० केभी प्रसारण लाइन शिलान्यास



■ सौर्य समाचार

काठमाडौँ । नेपाल विद्युत् प्राधिकरणले जर्मनी सरकारको सहकार्यमा लेखनाथ-दमौली २२० केभी प्रसारण लाइन परियोजनाको शिलान्यास गरेको छ । बुधबार तनहुँको दमौली सबस्टेसनमा भएको कार्यक्रममा प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्य, नेपालका लागि जर्मन राजदूत उडो भोल्ज, केएफडब्लु विकास बैंकका बंगलादेश तथा नेपाल निर्देशक माइकल सुम्सरलगायतका प्रतिनिधिको सहभागिता थियो ।

जर्मनी सरकारको केएफडब्लु विकास बैंकमार्फत सह-वित्तपोषित यस परियोजनाअन्तर्गत करिब ४५ किलोमिटर लामो २२० केभी डबल-सर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक 'ग्यास-इन्सुलेटेड सबस्टेसन' स्थापना गरिने यहाँस्थित जर्मनी दूतावासले जनाएको छ । करिब १ हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने र तनहुँ जलविद्युत् आयोजनालगायतका जलविद्युत् परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्नेछ । साथै, ग्रिडको भरपर्दोपन बढाउँदै नवीकरणीय ऊर्जाको समावेशलाई प्रोत्साहन गर्दै नेपालको दिगो आर्थिक विकास र ऊर्जा सुरक्षामा महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ ।

जर्मन राजदूत भोल्जले भने, 'नेपालको बढ्दो ऊर्जा आवश्यकतालाई पूरा गर्न विश्वसनीय प्रसारण पूर्वाधारको विस्तार अत्यन्त आवश्यक छ । नेपालसँग सहकार्य गर्दै यसको विद्युत् सञ्जाल सुदृढ गर्न र यसको विशाल नवीकरणीय ऊर्जा सम्भावनालाई उपयोग गर्न पाउँदा जर्मनी सरकार गर्व गर्छ । यस्ता परियोजनाले स्वच्छ ऊर्जा घरपरिवार, व्यवसाय र उद्योगसम्म पुर्‍याउँदै दिगो आर्थिक वृद्धिमा योगदान पुर्‍याउन सहयोग विश्वास लिएको छु ।'

उक्त परियोजनाले नेपाल-जर्मनीबीचको उन्नत ऊर्जा सहकार्यलाई पनि प्रतिविम्बित गर्दछ । जर्मन वित्तीय सहकार्यले दशकौँदेखि नेपालको ऊर्जा क्षेत्रमा योगदान गर्दै आएको छ, जसको सुरुआत तल्लो र मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनाबाट भएको थियो । नेपालको विद्युत् प्रणाली विस्तारसँगै सहकार्य प्रसारण पूर्वाधार सुदृढीकरणतर्फ केन्द्रित हुँदै चिलिमे-त्रिशूली प्रसारण लाइन तथा राष्ट्रिय भार प्रसारण केन्द्रमा सहयोग प्रदान गरिएको छ ।

साथै, घरेलु सौर्यप्रणाली, सौर्य सिँचाइदेखि ग्रिडमा जडित सौर्य परियोजनासम्म सहयोग गर्दै नेपालमा करिब ५५ मेगावाट सौर्य ऊर्जा उत्पादन क्षमतामा योगदान पुर्‍याइएको छ । आगामी दिनमा जर्मन वित्तीय सहकार्यले विद्युत् वितरण प्रणाली सुदृढीकरणमा अझ ध्यान केन्द्रित गर्नेछ, जसले उपभोक्ता र व्यवसायलाई भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । यी भौतिक पूर्वाधार लगानीसँगै 'जिआइजेड'मार्फत सञ्चालन हुने जर्मन प्राविधिक सहकार्यले नीति, प्रणाली तथा दक्षता विकासमा सहयोग गर्दै विद्युत् पूर्वाधार विस्तारको प्रत्यक्ष लाभ जनतालाई पुग्ने सुनिश्चित गर्दछ ।

गण्डकी प्रदेशमा यसले पोखरा महानगरपालिकालाई ५ वर्षीय नगर ऊर्जा योजना निर्माणमा सहयोग पुर्‍याएको छ, जसले ऊर्जा दक्षता र स्वच्छ ऊर्जाको प्रयोगलाई मार्गदर्शन गर्नेछ । साथै, पोखरा र दमौलीमा २ वटा विद्युतीय सवारी 'चार्जिङ स्टेसन' स्थापना तथा बागलुङका २ साना जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा समाहित गर्न सहयोग गर्नेछ ।

लेखनाथ-दमौली प्रसारण लाइनजस्ता पूर्वाधारले विद्युतीय सवारी तथा अन्य न्यून-कार्बन प्रविधिहरूको प्रयोग बढाउन आधार तयार पार्दै नेपाललाई आयातित जीवास्म इन्धनमा निर्भरता घटाउने लक्ष्यमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

# महासंघको आगामी नेतृत्व सर्वसम्मत रूपमा चयन गर्नुपर्नेमा अध्यक्ष ढकालको जोड

■ सौर्य समाचार



काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको आगामी नेतृत्व सर्वसम्मत रूपमा चयन गर्नुपर्नेमा जोड दिएका छन् । ललितपुर उद्योग वाणिज्य महासंघको ५९औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा अध्यक्ष ढकालले महासंघभित्र सहमति र सहकार्यमार्फत नेतृत्व चयन गर्नसके संस्थागत एकताको आधार हुने बताए । उनले निजी क्षेत्रको साझा संस्था भएकाले यसको नेतृत्व पनि साझा सहमतिमै चयन हुँदा महासंघ अझ सशक्त र प्रभावकारी बन्ने धारणा राखे ।

अध्यक्ष ढकालले ललितपुरलाई मौलिक उत्पादनको सहरका रूपमा विकास गर्दै यहाँको उत्पादनको गुणस्तर कायम राख्दै उत्पादन पनि बढाउनुपर्नेमा जोड दिए । 'यहाँका परम्परागत सीप, कला र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नसके निर्यात वृद्धि गर्ने ठूलो सम्भावना रहेको छ । तर मौलिक उत्पादनलाई अन्तरराष्ट्रिय बजारसँग जोड्न गुणस्तरसँगै परिमाण पनि बडाउन आवश्क छ,' उनले भने । उनले निजी क्षेत्रको आवाजलाई राज्यले गम्भीरतापूर्वक सुन्नुपर्ने र नीति निर्माण प्रक्रियामा निजी क्षेत्रको प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि निजी क्षेत्रको एउटै आवाज हुनुपर्ने धारणा राखे ।

अध्यक्ष ढकालले जिल्ला तथा नगरस्तरबाट उठेका माग र सुझावलाई समेट्दै महासङ्घको विधान संशोधन गरिएको जानकारी दिँदै उहाँले यसले संगठनलाई थप समावेशी, प्रतिनिधिमूलक र सुदृढ बनाउने विश्वास व्यक्त गरे । संशोधित विधानले जिल्ला नगर तथा महिला उद्यमीको प्रतिनिधित्व बढ्ने बताए ।

# बैतडीमा आर्थिक गणना कार्यालय स्थापना

■ सौर्य समाचार

बैतडी । बैतडीमा आर्थिक गणना कार्यालयको स्थापना गरिएको छ । दोस्रो आर्थिक गणनाका लागि जिल्ला सदरमुकाम गोठालापानीमा कार्यालय स्थापना गरिएको हो । बुधबार कार्यालय स्थापना गरि काम अघि बढाइएको जिल्ला आर्थिक गणना अधिकारी धर्मानन्द गिरीले जानकारी दिए । कार्यालय स्थापना भइसकेको र यो महिनाभित्र आन्तरिक तयारी पूरा गरिसक्ने उनले बताए । कर्मचारी छनोट प्रक्रिया पूरा भएपछि गणनाका लागि खटाइने कर्मचारीलाई प्रशिक्षण दिएपछि वैशाख २ गतेदेखि असार ७ गतेसम्म कार्य क्षेत्रमा पठाइने आर्थिक गणना अधिकारी गिरीले जानकारी दिए ।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' नाराका साथ वैशाख २ गतेदेखि दोस्रो आर्थिक गणना सुरु हुँदैछ । यसका लागि बैतडीमा १६ गणक र ३ सुपरिवेक्षक खटिने उनले बताए । आर्थिक गणनाको समयमा गणकहरुले वस्तु तथा सेवा उत्पादन क्षेत्र, आर्थिक क्षेत्रमा संलग्न सबै क्षेत्रको गणना गर्ने कार्यालयले जनाएको छ । आर्थिक क्रियाकलाप, बजार व्यवसाय लगायतका क्षेत्रमा आर्थिक गणना केन्द्रित हुने गिरीले जानकारी दिए ।

# हुरीले व्यावसायिक केराखेतीमा क्षति

■ सौर्य समाचार

सिन्धुली । हुरीका कारण यहाँको दुधौली नगरपालिका-१ बंकामा ठुलो क्षति पुगेको छ । गत सोमबार पानीसँगै आएको हुरीले केराखेतीमा क्षति गरेको हो । यहाँका किसानले लगाएको ७ बिघा क्षेत्रफलको केराखेतीमा क्षति पुर्‍याएको स्थानीय किसान रामकुमार घिमिरेले जानकारी दिए । ' यहाँ हामीले सात बिघामा व्यावसायिक केराखेती गरेका थियौँ । त्यसमध्ये तीन बिघाको केराखेती पूर्ण रुपमा नष्ट भएको छ । बाँकीमा आंशिक क्षति पुगेको छ,' उनले भने । यहाँ जयप्रसाद पडाडी, युवराज पहाडी र रामकुमार घिमिरेले संयुक्त रूपमा ४ वर्षअघि भित्रीमधेस बहुद्देश्यीय कृषि फार्ममार्फत व्यावसायिक केराखेती सुरु गरेका थिए ।

३ दिनअघिको हुरीले उक्त खेतीमा १३ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । उक्त फार्मले गत वर्ष ४३ लाख रुपैयाँ बराबरको केरा बिक्री गरेको थियो । कृषि विकास कार्यालय, सिन्धुलीका अनुसार जिल्लामा ३६४ हेक्टरमा व्यावसायिक केराखेती हुँदै आएको छ । व्यावसायिक केराखेती भएको अधिकांश क्षेत्रमा आंशिक क्षति पुगेको किसान बताउँछन् ।

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/०५ गतेको सौर्य राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

**क्र.सं. १. ऋणीको विवरण**

**नाम : इन्द्र बहादुर कामी**
बाबुको नाम : किने कामी, बाजेको नाम : दले कामी
ठेगाना : हँसपुर - ४, कास्की हाल : रुपा - १, स्यास्त्री, कास्की
ना.प्र.प.नं. : ४८५८६, जि.प्र.का. कास्की, जारी मिति : २०५३/०७/१८

**नाम : रुपा विश्वास मेटल उद्योग**
ठेगाना : रुपा - १, स्यास्त्री, कास्की
दर्ता नं. : २०९०८/०७८/०७९, पान.नं. : ६१६५३४६८७
दर्ता मिति : २०७८/०५/१५, दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश कास्की
**संचालक तथा शेयरधनी : विवेक बि.क. शाखा कार्यालय : राजाकाचौतारा, कास्की**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : विवेक बि.क.**<br>बाबुको नाम : इन्द्र बहादुर कामी<br>बाजेको नाम : किने कामी<br>ठेगाना : हँसपुर - ४, कास्की<br>हाल : रुपा - १, स्यास्त्री, कास्की<br>ना.प्र.प.नं. : ४६-०१-७१-०४८३३<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०७१/०५/०५ | **२. नाम : सेती कामी**<br>पतिको नाम : इन्द्र बहादुर कामी<br>ससुराको नाम : किने कामी<br>ठेगाना : हँसपुर - ४, कास्की<br>हाल : रुपा - १, स्यास्त्री, कास्की<br>ना.प्र.प.नं. : ४६३०३०/१६२<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०६३/१०/१९ |

**३. नाम : इन्द्र बहादुर कामी**
बाबुको नाम : किने कामी, बाजेको नाम : दले कामी
ठेगाना : हँसपुर - ४, कास्की हाल : रुपा - १, स्यास्त्री, कास्की
ना.प्र.प.नं. : ४८५८६, जि.प्र.का. कास्की, जारी मिति : २०५३/०७/१८

**धितोको विवरण**
सेती कामीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको फल्याङ्गकोट - ८ कास्की स्थित कित्ता नं. २६८ को क्षेत्रफल ६-१५-१-० (रोपनी) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. २. ऋणीको विवरण**

**नाम : राम कृष्ण अधिकारी**
बाबुको नाम : महेन्द्र प्रसाद अधिकारी, बाजेको नाम : रोम नाथ अधिकारी
ठेगाना : आरुघाट-१०, गोरखा, हाल : नागार्जुन-१, काठमाडौं
ना.प्र.प.नं. : १४०४७६, जि.प्र.का. गोरखा, जारी मिति : २०६३/०६/३०
**शाखा कार्यालय : ढुंगेधारा**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : गणेश अधिकारी**<br>बाबुको नाम : महेन्द्र प्रसाद अधिकारी<br>बाजेको नाम : रोम नाथ अधिकारी<br>ठेगाना : आरुघाट-१०, गोरखा<br>हाल : नागार्जुन-१, काठमाडौं<br>ना.प्र.प.नं. : ४४/३/०४९/१९०<br>जि.प्र.का. गोरखा<br>जारी मिति : २०६३/११/१९ | **२. नाम : शुनिता अधिकारी**<br>बाबुको नाम : हिमलाल खनाल<br>बाजेको नाम : हरि प्रसाद खनाल<br>ठेगाना : आरुचनौटे-५, गोरखा<br>हाल : नागार्जुन-१, काठमाडौं<br>ना.प्र.प.नं. : ४४१०४९/३६७<br>जि.प्र.का. गोरखा<br>जारी मिति : २०६६/१२/२७ |

**धितोको विवरण**
राम कृष्ण अधिकारीको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको धर्मस्थली-९, काठमाडौं स्थित कित्ता नं. १५६४ को क्षेत्रफल १२३.२० (व.मि.) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ३. ऋणीको विवरण**

**नाम : शुभ धारणा ग्रुप प्रा.लि.**
दर्ता गर्ने निकाय : नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : १८९०२५/७४/०७५, दर्ता मिति : २०७५/०१/२७
ठेगाना : मनमैजु -९, काठमाडौं
**संचालक तथा सेयरधनीहरु : मुना अधिकारी, इश्वरी प्रसाद पोखरेल रामहरी पोखरेल, दिपक ढुंगाना, दिपा सिटौला, गोविन्द रिमाल, रामचन्द्र अर्याल कला देवी मरहट्ठा, कृष्ण प्रसाद ढकाल, मोहन प्रसाद सापकोटा, राजेन्द्र ढकाल कृष्ण प्रसाद रिमाल, निराकार सुवेदी, प्रदिप के.सी., राम चन्द्र घिमिरे, किरण श्रेष्ठ रामहरि ढकाल, बसन्त कुमार खत्री, दामोदर सापकोटा र कमला कुमारी शर्मा**
**शाखा कार्यालय : ढुंगेधारा**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : मुना अधिकारी**<br>पतिको नाम : निराकार सुवेदी<br>ससुराको नाम : रेश्मी कुमार सुवेदी<br>ठेगाना : तम्फुला-७, तेह्रथुम<br>ना.प्र.प.नं. : ३१६६७, जि.प्र.का. तेह्रथुम<br>जारी मिति : २०५६/०७/२६ | **२. नाम : इश्वरी प्रसाद पोखरेल**<br>बाबुको नाम : छविलाल पोखरेल<br>बाजेको नाम : उदय नन्द पोखरेल<br>ठेगाना : छोप्राक-२, गोरखा<br>ना.प्र.प.नं. : १९०१, जि.प्र.का. गोरखा<br>जारी मिति : २०४२/०१/१४ |
| **३. नाम : रामहरी पोखरेल**<br>बाबुको नाम : इश्वरी प्रसाद पोखरेल<br>बाजेको नाम : हिरण्य शर्मा<br>ठेगाना : छोप्राक-२, गोरखा<br>ना.प्र.प.नं. : ८४३४, जि.प्र.का. गोरखा<br>जारी मिति : २०५८/०८/२७ | **४. नाम : दिपक ढुंगाना**<br>बाबुको नाम : मणिराज ढुंगाना<br>बाजेको नाम : यदु कुमार ढुंगाना<br>ठेगाना : तारुका-९, नुवाकोट<br>ना.प्र.प.नं. : ६१५४८, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५६/०४/१७ |
| **५. नाम : दिपा सिटौला**<br>बाबुको नाम : खगेन्द्र प्रसाद सिटौला<br>बाजेको नाम : नेत्र प्रसाद सिटौला<br>ठेगाना : फुङलिङ-२, ताप्लेजुङ<br>ना.प्र.प.नं. : ६०२९६/७६४९<br>जि.प्र.का. ताप्लेजुङ<br>जारी मिति : २०६१/०३/२१ | **६. नाम : गोविन्द रिमाल**<br>बाबुको नाम : मुक्तिनाथ रिमाल<br>बाजेको नाम : परमानन्द रिमाल<br>ठेगाना : खड्गभञ्याङ-२, नुवाकोट<br>ना.प्र.प.नं. : ५६२८३<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५५/०२/०७ |
| **७. नाम : कला देवी मरहट्ठा**<br>पतिको नाम : राजेन्द्र प्रसाद मरहट्ठा<br>ससुराको नाम : देवी प्रसाद मरहट्ठा<br>ठेगाना : आँपपिपल-९, गोरखा<br>ना.प्र.प.नं. : ४१००६, जि.प्र.का. गोरखा<br>जारी मिति : २०५१/०२/०४ | **८. नाम : कृष्ण प्रसाद ढकाल**<br>बाबुको नाम : खिलनाथ ढकाल<br>बाजेको नाम : सोमनाथ ढकाल<br>ठेगाना : हर्मी-९, गोरखा<br>ना.प्र.प.नं. : ३५९९८, जि.प्र.का. गोरखा<br>जारी मिति : २०५२/०९/१७ |
| **९. नाम : मोहन प्रसाद सापकोटा**<br>बाबुको नाम : मोदनाथ सापकोटा<br>बाजेको नाम : टिकाराम सापकोटा<br>ठेगाना : सामरी-४, नुवाकोट<br>ना.प्र.प.नं. : ४८४४१, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५३/१०/२१ | **१०. नाम : कृष्ण प्रसाद रिमाल**<br>बाबुको नाम : मुक्तिनाथ रिमाल<br>बाजेको नाम : परमानन्द रिमाल<br>ठेगाना : खड्गभञ्याङ-२, नुवाकोट<br>ना.प्र.प.नं. : ६३१६०, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५६/०९/१२ |
| **११. नाम : निराकार सुवेदी**<br>बाबुको नाम : रेश्मीराज सुवेदी<br>बाजेको नाम : गोविन्द राज सुवेदी<br>ठेगाना : बगनाह-१, बर्दिया<br>ना.प्र.प.नं. : ८२१९<br>जि.प्र.का. बर्दिया<br>जारी मिति : २०५६/०९/२५ | **१२. नाम : प्रदिप के.सी.**<br>बाबुको नाम : कृष्ण बहादुर खत्री<br>बाजेको नाम : कुल बहादुर खत्री<br>ठेगाना : मनमैजु-३, काठमाडौं<br>ना.प्र.प.नं. : २७१७९३/१९२२७<br>जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५५/०९/०२ |
| **१३. नाम : राजेन्द्र ढकाल**<br>बाबुको नाम : खिलनाथ ढकाल<br>बाजेको नाम : सोमनाथ ढकाल<br>ठेगाना : हर्मी-९, गोरखा<br>ना.प्र.प.नं. : ६७९००<br>जि.प्र.का. गोरखा<br>जारी मिति : २०५५/०७/१२ | **१४. नाम : राम चन्द्र घिमिरे**<br>बाबुको नाम : विश्वनाथ घिमिरे<br>बाजेको नाम : भवनाथ घिमिरे<br>ठेगाना : तारकेश्वर-४, नुवाकोट<br>ना.प्र.प.नं. : २५१००३/१२३<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०६५/०७/१५ |
| **१५. नाम : रामहरि ढकाल**<br>बाबुको नाम : हिमाकान्त ढकाल<br>बाजेको नाम : सहर्षनिधि ढकाल<br>ठेगाना : हर्मी-९, गोरखा<br>ना.प्र.प.नं. : ३४८१३, जि.प्र.का. गोरखा<br>जारी मिति : २०४९/०५/०१ | **१६. नाम : किरण श्रेष्ठ**<br>बाबुको नाम : हरि बहादुर श्रेष्ठ<br>बाजेको नाम : गणेश बहादुर श्रेष्ठ<br>ठेगाना : भिमेश्वर-५, दोलखा<br>ना.प्र.प.नं. : ४७६२८, जि.प्र.का. दोलखा<br>जारी मिति : २०६३/०६/२३ |
| **१७. नाम : रामचन्द्र अर्याल**<br>बाबुको नाम : पिताम्बर अर्याल<br>बाजेको नाम : नन्दलाल अर्याल<br>ठेगाना : चारघरे-३, नुवाकोट<br>ना.प्र.प.नं. : ७४२२०<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५८/०९/२९ | **१८. नाम : बसन्त कुमार खत्री**<br>बाबुको नाम : यज्ञ बहादुर खत्री<br>बाजेको नाम : रविलाल खत्री<br>ठेगाना : थुम्पाखर-५, सिन्धुपाल्चोक<br>ना.प्र.प.नं. : ५०३६७/११४६७३<br>जि.प्र.का. सिन्धुपाल्चोक<br>जारी मिति : २०६०/०७/१६ |
| **१९. नाम : दामोदर सापकोटा**<br>बाबुको नाम : मोदनाथ सापकोटा<br>बाजेको नाम : टिकाराम सापकोटा<br>ठेगाना : सामरी-४, नुवाकोट<br>ना.प्र.प.नं. : ८८८९८, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०६०/०८/२३ | **२०. नाम : कमला कुमारी शर्मा**<br>पतिको नाम : दिपक कुमार भुसाल<br>ससुराको नाम : शिव प्रसाद भुसाल<br>ठेगाना : रापाकोट-१, स्याङजा<br>ना.प्र.प.नं. : ७२९७२, जि.प्र.का. स्याङजा<br>जारी मिति : २०६०/०७/१९ |

**धितोको विवरण**
शुभ धारणा ग्रुप प्रा.लि. को नाममा मालपोत कार्यालय मनमैजु दर्ता रहेको काभ्रेस्थली-५, काठमाडौं स्थित कित्ता नं. १३४ को क्षेत्रफल ०-१०-१-२ (रोपनी) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/०५ गतेको सौर्य राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

**क्र.सं. १. ऋणीको विवरण**

**नाम : प्रजल कृषि फर्म**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन
दर्ता नं. : १५७६/०७८/०७९, दर्ता मिति : २०७९/०३/३१
रजिष्टर्ड कार्यालय : भरतपुर - २१, चितवन
**प्रोप्राइटर : विष्णु कुमारी क्षेत्री अधिकारी, शाखा कार्यालय : हाकिमचोक**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : यादव अधिकारी**<br>बाबुको नाम : लिला विक्रम अधिकारी<br>बाजेको नाम : .धर्म बहादुर अधिकारी<br>ठेगाना : पार्वतीपुर - ६, चितवन<br>हाल : भरतपुर - २१, चितवन<br>ना.प्र.प.नं. : १३८७<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०४८/१२/२७ | **२. नाम : विन्दु देबी अधिकारी**<br>पतिको नाम : लिला विक्रम अधिकारी<br>ससुराको नाम : धर्म बहादुर अधिकारी<br>ठेगाना : पार्वतीपुर - ६, चितवन<br>हाल : भरतपुर - २१, चितवन<br>ना.प्र.प.नं. : १७०१<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०४३/०९/२९ |

**३. नाम : विष्णु कुमारी क्षेत्री अधिकारी**
पतिको नाम : यादव अधिकारी, ससुराको नाम : लिला विक्रम अधिकारी
ठेगाना : पार्वतीपुर - ६, चितवन, हाल : भरतपुर - २१, चितवन
ना.प्र.प.नं. : ३५०४८७९४, जि.प्र.का. चितवन, जारी मिति : २०६६/११/११

**धितोको विवरण**
यादव अधिकारीको नाममा मालपोत कार्यालय चनौली, चितवनमा दर्ता रहेको पार्वतीपुर - ६, चितवन स्थित कित्ता नं. १२९४ को क्षेत्रफल ४१३१.२८ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. २. ऋणीको विवरण**

**नाम : बाबुराम गैरे**
बाबुको नाम : कृष्ण राज गैरे, बाजेको नाम : बासु देब गैरे
ठेगाना : भरतपुर - ९, चितवन, हाल : भरतपुर - ६, चितवन
ना.प्र.प.नं. : ३०८२/०३५, जि.प्र.का. चितवन, जारी मिति : २०४९/११/२०
**शाखा कार्यालय : हाकिमचोक**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : तुलसी कुमारी गैरे**<br>पतिको नाम : कृष्ण राज गैरे<br>ससुराको नाम : बासु देब गैरे<br>ठेगाना : भरतपुर - ९, चितवन<br>हाल : भरतपुर - ६, चितवन<br>ना.प्र.प.नं. : ३१३४, जि.प्र.का. चितवन<br>जारी मिति : २०४५/०२/१८ | **२. नाम : सबिता गैरे**<br>पतिको नाम : बाबुराम गैरे<br>ससुराको नाम : कृष्ण राज गैरे<br>ठेगाना : भरतपुर - ९, चितवन<br>हाल : भरतपुर - ६, चितवन<br>ना.प्र.प.नं. : ३५३०२२/५५५, जि.प्र.का. चितवन<br>जारी मिति : २०६३/११/२० |

**धितोको विवरण**
१. तुलसी कुमारी गैरेको नाममा मालपोत कार्यालय चितवनमा दर्ता रहेको गितानगर - ९ क, चितवन स्थित कित्ता नं. ७७१ र ७७३ को क्षेत्रफल क्रमशः ०-०-८.७५ र ०-०-६.२५ (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. बाबुराम गैरेको नाममा मालपोत कार्यालय चितवनमा दर्ता रहेको गितानगर-९ क, चितवन स्थित कित्ता नं. ११६६ को क्षेत्रफल ०-०-३.२५ (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ३. | **नाम : मनोज कुमार टण्डन क्षेत्री**<br>बाबुको नाम : आमिर बहादुर टण्डन<br>बाजेको नाम : उजुर बहादुर टण्डन<br>ठेगाना : का.म.न.पा. - ९, काठमाडौं<br>ना.प्र.प.नं. : ४७४९/४५८०/५८३२/९२४<br>जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०४६/१०/२०<br>**शाखा कार्यालय : कपन** | **नाम : शान्ती टण्डन**<br>पतिको नाम : मनोज कुमार टण्डन क्षेत्री<br>ससुराको नाम : आमिर बहादुर टण्डन<br>ठेगाना : का.म.न.पा. - ९, काठमाडौं<br>ना.प्र.प.नं. : ६६४७<br>जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५२/०८/२८ |

**धितोको विवरण**
मनोज कुमार टण्डन क्षेत्रीको नाममा मालपोत कार्यालय चावहिलमा दर्ता रहेको का.म.न.पा. - ९, काठमाडौं स्थित कित्ता नं. २०४ र ३१३ को क्षेत्रफल क्रमशः ०-१-२-३ र ०-३-०-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र २५ गते बुधबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र २६ गते बिहीबार ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# मध्यपूर्व तनावको असर विश्वभर फैलिने संकेत



■ एजेन्सी

**पेरिस ।** मध्यपूर्वमा जारी युद्धले अब क्षेत्रीय सीमाभन्दा बाहिर प्रभाव पार्ने स्पष्ट संकेत देखिएको छ । इजरायल र इरानबीचको प्रत्यक्ष-अप्रत्यक्ष सैन्य टकरावसँगै खाडी क्षेत्र, अन्तर्राष्ट्रिय शक्ति सन्तुलन र ऊर्जा सुरक्षासमेत प्रभावित हुने अवस्था देखिँदै गएको छ ।

इजरायली सेनाले बुधबार दक्षिणी लेबनानका ४ सहरका बासिन्दालाई तत्काल सुरक्षित स्थानतर्फ जान आग्रह गर्दै इरान समर्थित हिजबुल्लाहविरुद्ध लक्षित आक्रमण हुने चेतावनी दिएको छ । यसअघि नै यस्तै चेतावनीपछि मध्य बेरुतमा आक्रमण भएको त्यहाँका सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन् । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बिनाचेतावनी भएका २ आक्रमणमा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् । इजरायलले आफ्नो भूमितर्फ भएका रकेट प्रहारको जवाफस्वरूप आसपासका क्षेत्रमा हिजबुल्लाहका लक्ष्यमा निरन्तर आक्रमण गरिरहेको जनाएको छ ।

यता, इरानले युद्धको असर विश्वव्यापी हुने चेतावनी दिएको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै विश्वव्यापी प्रतिक्रिया सुरु भइसकेको र यसले सबै वर्गलाई असर गर्ने बताएका छन् । उनको उक्त अभिव्यक्तिसँगै अमेरिकी राष्ट्रिय आतंकवादविरोधी केन्द्रका निर्देशक जोसेफ केन्टको राजीनामा दिएका छन् । ट्रम्प प्रशासनद्वारा नियुक्त केन्टले इरानविरुद्धको युद्धलाई समर्थन गर्न नसक्ने भन्दै आफ्नो पद त्यागेको घोषणा गरेका हुन् ।

इरानी सैन्य नेतृत्वले पनि कडा प्रतिक्रिया जनाउँदै सुरक्षा प्रमुख अली लारिजानीको हत्याको 'निर्णायक र खेदजनक बदला' लिने चेतावनी दिएको छ । इरानको रिभोलुसनरी गार्ड्सले मध्य इजरायलमा मिसाइल प्रहार गरेको दाबी गर्दै लारिजानीसहित मारिएकाहरूको बदला लिने प्रतिबद्धता व्यक्त गरेको छ । हमासले पनि इरानप्रति ऐक्यबद्धता जनाउँदै यो द्वन्द्वले सम्पूर्ण क्षेत्रको सुरक्षा र स्थिरता जोखिममा पार्ने उल्लेख गरेको छ । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले लारिजानीको मृत्यु पुष्टि गरिसकेको छ ।

खाडी क्षेत्रमा पनि सुरक्षा चुनौती तीव्र बनेको छ । संयुक्त अरब इमिरेट्समा अस्ट्रेलियाली सैन्य मुख्यालय नजिक इरानी क्षेप्यास्त्र खसेको जानकारी सार्वजनिक भएको छ । साउदी अरेबियाले प्रिन्स सुल्तान एयर बेस नजिक ब्यालेस्टिक मिसाइल रोकेको जनाएको छ भने ८ वटा ड्रोनसमेत निष्क्रिय पारेको छ । कुवेत र कतारले पनि रकेट तथा ड्रोन आक्रमणहरू विफल पारेका छन् ।

यसैबीच, अमेरिकी सेनाले होर्मुज जलडमरूमध्य नजिक इरानी क्षेप्यास्त्र केन्द्रहरूमा शक्तिशाली 'बंकर बस्टर' बम प्रयोग गरी आक्रमण गरेको जनाएको छ । यो क्षेत्र विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त संवेदनशील मानिन्छ, जसले द्वन्द्वको आर्थिक प्रभावलाई अझ गम्भीर बनाएको छ ।

उता इजरायलतर्फ पनि क्षति बढ्दो छ । तेलअभिव नजिक इरानबाट प्रहार गरिएको मिसाइल आक्रमणमा थप २ जनाको मृत्यु भएको छ, जससँगै यस प्रकारका आक्रमणबाट ज्यान गुमाउनेको संख्या १४ पुगेको छ । उता बगदादस्थित अमेरिकी दूतावासमा ड्रोन र रकेट आक्रमण हुँदा परिसरभित्र आगलागी भएको बताइएको छ । युद्धले अन्तर्राष्ट्रिय आयाम लिँदै जाँदा युक्रेनले पनि आफ्नो भूमिका देखाएको छ । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार इरानद्वारा डिजाइन गरिएका ड्रोनविरुद्ध सहयोग गर्न २०० भन्दा बढी युक्रेनी विशेषज्ञहरू मध्यपूर्वका विभिन्न देशमा परिचालन गरिएका छन् ।

इरानभित्र भने सरकारले राष्ट्रव्यापी र्‍याली आह्वान गरेपछि विभिन्न सहरहरूमा ठुलो भिड जम्मा भएको छ । फारसी नयाँ वर्ष 'नौरोज' को अवसरमा हुने यस्ता जमघटलाई सरकारले आन्तरिक एकता प्रदर्शनका रूपमा उपयोग गर्न खोजेको देखिन्छ ।

यसैबीच अन्तर्राष्ट्रिय राजनीतिक मतभेद पनि सतहमा आएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा सहयोग नगरेको भन्दै नाटो र बेलायतको आलोचना गरेका छन् । बेलायती प्रधानमन्त्री किर स्टार्मरप्रति निराशा व्यक्त गर्दै उनले सहयोगको आवश्यकता नरहेकोसमेत उल्लेख गरेका छन् ।

यसबीच लेबनानमा मानवीय क्षति बढिरहेको छ । दक्षिणी क्षेत्रमा इजरायली आक्रमणमा ३ सैनिक मारिएका छन् । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च २ देखि सुरु भएको द्वन्द्वमा मृत्यु हुनेको संख्या ९१२ पुगेको छ । यो अघिल्लो दिन ८८६ थियो । समग्रमा, घटनाक्रमहरूले युद्धको दायरा फराकिलो हुँदै गएको र यसको प्रभाव विश्वव्यापी बन्ने संकेत प्रष्ट रूपमा देखिएको छ ।

# ट्रम्पको चीन भ्रमण अन्योलमा



■ एजेन्सी

बेइजिङ । मध्यपूर्वमा चर्किएको युद्ध र बढ्दो भू-राजनीतिक तनावका बीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बहुप्रतीक्षित चीन भ्रमण अन्योलमा परेको छ । बेइजिङले वासिंगटनसँग सम्पर्क कायम रहेको जनाए पनि भ्रमणको समयतालिका सार्वजनिक गर्न भने मौनता अपनाएको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले पत्रकार सम्मेलनमा दुवै देशबीच ट्रम्पको सम्भावित भ्रमणबारे संवाद जारी रहेको बताए । यद्यपि उनले मिति वा औपचारिक तालिकाबारे कुनै स्पष्ट जानकारी दिन अस्वीकार गरे ।

सुरुमा मार्च ३१ देखि तय गरिएको यो भ्रमण अमेरिका-चीनबीच बढ्दो रणनीतिक र व्यापारिक प्रतिस्पर्धाको सन्दर्भमा निकै महत्त्वपूर्ण मानिएको थियो । विशेषगरी ट्रम्प प्रशासनको आक्रामक भन्सार (ट्यारिफ) नीतिले २ देशबीचको सम्बन्ध थप जटिल बनाएको छ ।

तर, मध्यपूर्वमा सुरु भएको युद्धले उक्त योजना अवरुद्ध भएको छ । ट्रम्पले मंगलबार आफ्नो चीन भ्रमण '५ वा ६ हप्ता' भित्र हुने संकेत गरेका थिए । यसअघि आइतबार उनले होर्मुज जलडमरूमध्य खुलाउन चीनले सहयोग गर्ने वा नगर्ने कुराले भ्रमणको मिति निर्धारणमा असर पार्न सक्ने बताएका थिए ।

तेहरानमा अमेरिकी-इजरायली आक्रमणपछि इरानले उक्त रणनीतिक जलमार्ग प्रभावकारी रूपमा अवरुद्ध गरेको छ । यसले विश्व ऊर्जा आपूर्ति र कूटनीतिक समीकरणलाई थप संवेदनशील बनाएको छ । ट्रम्पले त्यसको भोलिपल्ट भ्रमण ढिलाइ हुने सम्भावना स्वीकार्दै युद्धकै कारण आफूलाई अमेरिकामै रहनुपर्ने अवस्था रहेको स्पष्ट पारेका थिए ।

चीनले भने आफ्नो परम्परागत अभ्यासअनुसार उच्चस्तरीय भ्रमणहरूको मिति अग्रिम रूपमा सार्वजनिक नगर्ने नीति कायम राख्दै यसबारे औपचारिक पुष्टि नगरेको जनाएको छ । समग्रमा, वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिले अमेरिका-चीन सम्बन्धको उच्चस्तरीय संवादलाई समेत अनिश्चित बनाएको देखिएको छ ।

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/०५

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/११/१२ र २०८२/११/१७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | वोलपत्र नं. | कामको विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट र पि.एस.सहित) |
|---|---|---|---|---|
| 1. | NMUN/NCB/ Works/09/082/83 (Re-Tender) | Construction Of Medical Store For The Health Section at Namobuddha Municipality. | S.O,Construction Pvt.Ltd, Baneswor-10, Kathamandu. | NRs. 32,00,000.00 |
| 2. | NMUN/NCB/ Works /11/082/83 | Maintenance Work at Khaksi and Chargngefedi Helth Center Ward-6. | Unique Builder, Namobuddha-9 Kavrepalanchowk | NRs. 36,48,644.98 |
| 3. | NMUN/NCB/ Works/12/082/83 | Upgrading Of Phulbari-Buchchakot Road and Tallochaur Manegau Tamangbasti Namobuddha-1. | Greater Nepal Builders Pvt.Ltd., Namobuddha, Kavre. | NRs. 41,04,914.75 |
| 4. | NMUN/NCB/ Works /13/082/83 | Upgrading Of Gairapati Ukalo Kotpari Karkichheda Sadak Namobuddha-9. | Greater Nepal Builders Pvt.Ltd., Namobuddha, Kavre | NRs. 19,55,165.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## Triyuga Municipality
## Office of The Municipal Executive

Gaighat, Udayapur
Koshi Province, Nepal

### Invitation For Bid

**Date of Publication: - 2082-12-05 (2026-03-19)**

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-26/2082-083 | Maintenance of different roads at Triyuga Municipality ward No.10 & 11, Udayapur | 6,162,039.84 | 3,000.00 | 166,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2083-01-06 (19th Apr. 2026) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2083-01-06 (19th Apr. 2026) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2082-12-26 (09th Apr. 2026) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 133006510 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

चरिकोट, दोलखा

### आर्थिक बोलपत्र खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति: २०८२/१२/०५**

यस कार्यालयबाट मिति २०८२/१० /११ को मध्यान्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम तपसिलको आयोजनामा रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रहरुको मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा ITB 25.7 तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम १(५) बमोजिम निजहरुको आर्थिक बोलपत्र निम्न स्थान, मिति र समयमा खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| S.N | Description Of Contract | Qualified Bidders |
|---|---|---|
| 1. | Upgrading of Bhirkot Jhule Chhaude Sadak(Baki Khanda), Tamakoshi Ga.pa ra Baiteshwor Ga.pa, Dolakha(Ch. 4+250 to Ch.6+000 km) (IDODLK/W/ NCB/109/082/083) | **1.** M/s Kali Mata- Gaura- Rehan and Sundara J.V., Mahankal-6, Kathmandu<br>**2.** M/s Triveni Lafa Construction Pvt. Ltd., KMC-15, Kathmandu<br>**3.** M/s SRP-BG JV, Chandragiri-13, Kathmandu |
| *(आर्थिक बोलपत्र खोलिने स्थान: पूर्वाधार विकास कार्यालय, चरिकोट, दोलखा, मिति :२०८२/१२/१२ समय: दिनको १ बजे)* | | |

**कार्यालय प्रमुख**

## कृषि ज्ञान केन्द्र

कलैया, बारा

### सुक्ष्म खाद्य तत्व आपुर्तिका लागि शिलबन्दी सूचिकृत हुने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२।१२।०५)**

यस कार्यालयको चालु आ.ब. २०८२।८३ को बार्षिक स्वीकृत विभिन्न कार्यक्रम रहेकोमा सो कार्यक्रम अन्तर्गत सुक्ष्मखाद्य तत्व अनुदानमा वितरण गर्नुपर्ने भएकोले सो सामाग्री उपलब्ध गराउन योग्यता पुगेका ईजाजत प्राप्त संस्था, फर्म तथा कम्पनीबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजपत्र सहित मिति 208२।०१।0६ गते दिनको 12:00 बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ। सो सम्बन्धि थप विस्तृत सूचना तथा निर्दिष्ट फाराम कार्यालयको वेबसाईट https://www.bara.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

Government of Sudur Pashchim Province
Ministry of Social Development

## Province Health Logistic Management Center

Dhangadhi, Kailali Nepal

### Re-Invitation for Electronic Bid

**Date of Re-publication: 2082/12/05 (March 19, 2026)**

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali re-invites electronic bids from eligible bidders. Under National Competitive Bidding – Single Stage Single Envelope procedures specified in public procurement Act & Regulations as:

| Invitation for Bids No:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/NCB-13.1/082-083 (RE) | Procurement Supply & Delivery of Reagents (Package I: Sickle Cell Test kit) | NRs 52,000/- (Rupees Fifty Two Thousand only) | 2083/04/16 (Aug 01, 2026) or 120 days beyond the day of bid opening. |
| PHLMCSP/G/NCB-13.2/082-083 (RE) | Procurement Supply & Delivery of Reagents (Package II: Tb machine mWRD Test) | NRs 1,28,000/- (Rupees One Lakh Twenty Eight Thousand only) | |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

**Acting Director**

२ महिनापछि उल्टियो नतिजा

# सेनेगलबाट उपाधि खोस्दै मोरक्को अफ्रिकन च्याम्पियन घोषित



■ एजेन्सी

दोहा । अफ्रिकी फुटबलको सर्वोच्च निकाय कन्फेडेरेसन अफ अफ्रिकन फुटबल (सिएएफ) ले सनसनीपूर्ण निर्णय गर्दै सेनेगललाई अफ्रिका कप अफ नेसन्स (अफकन) को उपाधिबाट वञ्चित गरेको छ भने मोरक्कोलाई आधिकारिक रूपमा च्याम्पियन घोषणा गरेको छ । २ महिनाअघि अत्यन्त विवादास्पद रूपमा सम्पन्न भएको फाइनल खेलपछि आएको यो निर्णयले अफ्रिकी फुटबलमा ठुलो तरंग उत्पन्न गरेको छ। सिएएफले मंगलबार जारी गरेको निर्णयअनुसार अपिल बोर्डले सेनेगललाई फाइनल खेल 'त्याग गरेको' ठहर गर्दै उनीहरूको १-० को जितलाई बदर गरेको छ। अब उक्त खेलको नतिजा ३-० ले मोरक्कोको पक्षमा दर्ता गरिने बताइएको छ। सो खेल मोरक्कोको राजधानी रबाटमा सम्पन्न भएको थियो ।

उक्त फाइनल निकै तनावपूर्ण र अव्यवस्थित बनेको थियो । खेलका क्रममा समर्थकहरू मैदान छिर्न खोज्ने, खेलाडीहरूबीच झडप हुने, पत्रकारहरूबीच विवाद हुनेजस्ता घटनाहरू भएका थिए। त्यस्तै, मोरक्कन बल ब्वाइजहरूले सेनेगलका गोलकिपर एडुआर्ड मेन्डी प्रयोग गरिरहेको तौलिया खोस्न खोजेको घटना पनि चर्चामा आएको थियो, जसलाई विपक्षीलाई विचलित पार्ने प्रयासका रूपमा हेरिएको थियो। गत जनवरीमा बसेको अनुशासन समितिको सुनुवाइमा सिएएफले दुवै टोलीका खेलाडी तथा पदाधिकारीलाई प्रतिबन्ध र १० लाख अमेरिकी डलरभन्दा बढी जरिमाना तोकेको थियो। तर त्यतिबेला खेलको नतिजा यथावत राखिएको थियो । पछिल्लो अपिल प्रक्रियामा भने मोरक्कोको उजुरीलाई समर्थन गर्दै निर्णय उल्ट्याइएको हो ।

फाइनल खेलको क्रममा ९० मिनेटको अन्त्यतिर सेनेगलविरुद्ध पेनाल्टी दिइएपछि टोलीले करिब १४ मिनेटसम्म मैदान छाडेर विरोध जनाएको थियो। प्रशिक्षक पापा बौना थियावको पहलमा भएको उक्त विरोधपछि उनीमाथि लामो प्रतिबन्धसमेत लगाइएको छ। सो अवस्थामा अनुभवी स्ट्राइकर साडियो मानेले टोलीलाई पुनः मैदानमा फर्काउन भूमिका खेलेका थिए। खेल पुनः सुरु भएपछि मोरक्कोले पाएको पेनाल्टी अवसर गुमायो र खेल अतिरिक्त समयमा प्रवेश गर्यो । अतिरिक्त समयमा मिडफिल्डर पापे गेएले निर्णायक गोल गर्दै सेनेगललाई १-० को जित दिलाएका थिए। तर सिएएफ अपिल बोर्डले मैदान छाड्ने निर्णयलाई प्रतियोगिता नियमको उल्लंघन ठहर गर्दै सेनेगललाई अयोग्य घोषणा गरेको हो ।

यस निर्णयप्रति सेनेगल फुटबल महासंघले कडा आपत्ति जनाएको छ। महासंघले यसलाई 'अन्यायपूर्ण, अभूतपूर्व र अस्वीकार्य' भन्दै अफ्रिकी फुटबलमाथि नै प्रश्न उठाएको जनाएको छ। साथै, आफ्नो अधिकार र प्रतिष्ठा जोगाउन उनीहरूले खेलसम्बन्धी मध्यस्थता अदालतमा छिट्टै अपिल गर्ने घोषणा गरेका छन् । यसअघि पनि सन् २०१९ मा अफ्रिकी च्याम्पियन्स लिगको फाइनलमा यस्तै विवाद उत्पन्न भएको थियो, जहाँ मोरक्कोको क्लब वाइडाड कासाब्लान्काले भिडियो सहायक रेफ्री (भिएआर) सम्बन्धी विवादमा खेल छाडेको थियो। उक्त घटनामा पनि अन्ततः मध्यस्थता अदालतले हस्तक्षेप गर्दै निर्णय उल्ट्याएको थियो।

यसपटकको निर्णयले रेफ्रीको भूमिकामाथि समेत प्रश्न उठाएको छ। नियमअनुसार रेफ्रीको निर्णय अन्तिम हुने भए पनि, जनवरीको फाइनलमा कंगोका रेफ्री जीन-ज्याक न्दालाले खेल जारी राख्ने निर्णय गरेका थिए। पूर्वप्रशिक्षक क्लाउड ले रोयले यस्तो निर्णय अप्रत्याशित भएको प्रतिक्रिया दिएका छन्। उनले सीएएफ का निर्णयहरूले विगतदेखि नै रेफ्रीको अधिकार कमजोर बनाएको आरोप पनि लगाएका छन् । अब यो विवाद अन्तर्राष्ट्रिय स्तरमा अझै चर्किने सम्भावना देखिएको छ, र अन्तिम निर्णय मध्यस्थता अदालतबाट आउने अपेक्षा गरिएको छ ।

# सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन ५ गल्फर शीर्षस्थानमा







■ सौर्य समाचार

पोखरा। सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६औं संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन ५ गल्फर संयुक्तरूपमा शीर्षस्थानमा रहेका छन्। प्रोफेसनल गल्फर शुक्रबहादुर राई, भुवन नगरकोटी, भुबहादुर गुरुङ र जयराम श्रेष्ठ तथा एमेच्योर राहुल विश्वकर्माले इभन-पार ६९ को स्कोरमा शीर्षस्थान बाँडे। १-ओभर ७० को स्कोरमा सञ्जय लामा छैटौं, २-ओभर ७१ को स्कोरमा रमेश अधिकारी सातौं र र ३-ओभर ७२ सहित भुवन कुमार रोक्का आठौं स्थानमा रहेका छन्। ४-ओभर ७३ स्कोर निकालेका रवि खड्का र प्रदीपकुमार लामाले संयुक्तरुपमा नवौं स्थान बाँडे।

हिमालयन गल्फ कोर्समा शुक्रले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए। पहिलो, तेस्रो, छैटौं र सातौं होलमा बोगी खेपेका उनले पाँचौं र नवौं होलमा १-१ सट बचाए। ब्याक नाइनमा सम्हालिँदै २-अन्डर ३३ खेले। १५औं होलमा १ सट खेर फाल्दा १०औं, १४औं र १७औं होलमा बर्डी प्रहार गरे। पछिल्लो २ प्रतियोगिता जितेका भुवनले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाउने क्रममा पहिलो ९ होलमा पार जोगाए। ब्याक नाइन पनि इभन-पार ३५ खेले। १० औं र १३औं होलमा बर्डी प्रहार गर्दा ११औं र १२ औं होलमा बोगी खेपे। उनले कुल १४ वटा होलमा पार जोगाए।

पोखराका घरेलु गल्फर भुबहादुरले पनि फ्रन्ट नाइन इभन-पार ३४ र ब्याक नाइन इभन-पार ३५ मा सकाए। उनले तेस्रो होलमा बर्डी र सातौं होलमा बोगी खेपे। यसपछि १२औं र १६औं होलमा बोगी खेप्दा १०औं र १५औं मा बर्डी प्रहार गरे। जयरामले बोगीबाट दिनको सुरुआत गरे र पाँचौं र नवौं होलको बर्डीले फ्रन्ट नाइन १-अन्डर ३३ मा सकाए। यसपछि १६औं होलमा बोगी खेल्दा बाँकी होलमा पार जोगाउँदै ब्याक नाइन १-ओभर ३६ मा सकाए ।

एमेच्योर राहुलले फ्रन्ट नाइन इभन-पार ३४ र ब्याक नाइन इभन-पार ३५ मा पूरा गरे। पहिलो र १७औं होलमा १-१ सट बचाउँदा नवौं र १० औं होलमा बोगी खेले। एमेच्योरतर्फ राहुलले ५ स्ट्रोकको अग्रता बनाए। प्रज्वल गुरुङ ५-ओभर ७४ सहित दोस्रो स्थानमा रहेका छन्। ८-ओभर ७७ खेलेका कवि थापा तेस्रो स्थानमा रहेका छन्। नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए) द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीको सहभागिता रहेको छ। ३ दिने प्रतियोगिता ५४ होलको हुनेछ। दोस्रो दिनको समाप्तीपछि कट लागू हुनेछ। १८ शीर्ष प्रोफेसनल र एमेच्योर खेलाडीहरूले अन्तिम १८ होलको लागि कट बनाउनेछन्।

सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यसपटक कुल पुरस्कार राशि वृद्धि गरिएको छ। कुल १० लाख ५० हजार रुपैयाँ पुरस्कार रहेको यो प्रतियोगिताको विजेताले १ लाख ७० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। यस्तै दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश १ लाख २५ हजार र १ लाख रुपैयाँ प्राप्त गर्नेछन्। साथै शीर्ष १८ स्थानमा रहने अन्य प्रोफेसनल खेलाडीहरूले पनि नगद पुरस्कार प्राप्त गर्नेछन्। शनिबारको प्रो-एम इभेन्टसँगै प्रतियोगिता समाप्त हुनेछ।

# महिला लिगमा संकटाको विजयी सुरुआत

■ सौर्य समाचार



काठमाडौं। सहिद स्मारक एन्फा महिला लिग फुटबल प्रतियोगितामा संकटा एफसीले न्युरोड टिम (एनआरटी) लाई पराजित गर्दै विजयी सुरुआत गरेको छ।। ललितपुरस्थित च्यासल रंगशालामा भएको खेलमा संकटाले एनआरटीमाथि ४-० गोलको फराकिलो जित निकालेको हो।

संकटाको जितमा विन थेइंगी, टुन, लुसी होजे मोकाम्बी, सुक्रिया मिया र क्विनाबेल अमानक्रहले समान १ गोल गरे। अखिल नेपाल फुटबल संघ (एन्फ)को आयोजनामा बुधबारदेखि सुरुआत भएको उक्त प्रतियोगितामा विभिन्न ९ टोलीको सहभागिता रहेको छ।

# एचजेएनबिएल : हाउन्ड्सको दोस्रो जित

■ सौर्य समाचार

काठमाडौं। केभिसी हाउन्ड्सले हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबिएल) मा लगातार दोस्रो जित हात पारेको छ। सुरुआती ३ खेलमा लगातार पराजित भएको हाउन्ड्सले बुधबार कीर्तिपुर बास्केटबललाई ६८-५१ ले पराजित गर्दै दोस्रो जित निकालेको हो। त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा भएको खेलमा हाउन्ड्सले पहिलो क्वाटरमा १६-११ को अग्रता बनाएको थियो। दोस्रो क्वाटरमा हाउन्ड्स र कीर्तिपुरले १६-१६ अंक जोड्दा हाफटाइम्सम्म हाउन्ड्सले ३२-२७ को अग्रता बनाएको थियो। तेस्रो क्वाटर कीर्तिपुरले १८-१७ ले आफ्नो पक्षमा पार्दै खेलमा फर्कने संकेत देखाएको थियो। तर चौथो क्वाटरमा हाउन्ड्सले एकपक्षीय प्रदर्शन गर्दै १९-६ ले आफ्नो पक्षमा पार्दै खेल जितेको हो। हाउन्ड्सका कप्तान विजय बुर्जाले सर्वाधिक २६ 



अंक स्कोर गरे। उनी म्यान अफ दी म्याच घोषित भए। लगातार दोस्रो जितपछि हाउन्ड्सले ५ खेलबाट ७ अंक जोडेर चौथो स्थानमा उक्लिएको छ। कीर्तिपुरको भने यो तेस्रो हार हो। कीर्तिपुरले पनि ५ खेलबाट ७ अंक नै जोडेको छ र पाँचौं स्थानमा छ।

यस्तै, मंगलबार राति सम्पन्न खेलमा गोल्डेनगेट इन्टरनेसनल क्लबले प्लेबक्स एरेनामाथि १ अंकको रोमाञ्चक जित हात पारेको छ। निकै रोमाञ्चक र प्रतिस्पर्धात्मक खेलमा गोल्डेनगेटले प्लेबक्सलाई ७७-७६ ले पराजित गर्‍यो। गोल्डेनगेटले पहिलो क्वाटर १७-१५ र दोस्रो क्वाटर १८-१६ ले आफ्नो पक्षमा पारेपछि हाफटाइमसम्म ३५-३१ को अग्रता बनाएको थियो। त्यस त्यसपछि प्लेबक्स खेलमा फर्कियो। तेस्रो क्वाटर प्लेबक्सले २०-१८ ले आफ्नो पक्षमा पार्दै अग्रता छोट्याएको थियो र चौथो क्वाटरअघि खेल रोमाञ्चक मोडमा पुगेको थियो। चौथो क्वाटर पनि प्लेबक्सले २५-२४ ले आफ्नो पक्षमा पार्‍यो। तर पनि खेल जित्न भने सकेन। अन्तिममा गोल्डेनगेट एक अंकले विजयी भयो। खेलमा गोल्डेनगेटका विकास गुरुङले सर्वाधिक १८ अंक स्कोर गरे। गुरुङ म्यान अफ दी म्याच घोषित भए। ४ खेलमा गोल्डेनगेटको तेस्रो जित हो भने प्लेबक्सको तेस्रो हार हो। गोल्डेनगेट ४ खेलबाट ७ अंक जोडेर तेस्रो स्थानमा उक्लिएको छ। नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा भइरहेको दोस्रो संस्करणको एचजेएनबिएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन्। डबल राउन्ड रोबिनका आधारमा हुने लिगमा कूल ५६ खेल हुनेछ। लिग चरणपछि शीर्ष ४ मा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन्। प्लेअफअन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीबीच पहिलो क्वालिफायर हुनेछ भने लिगमा तेस्रो र चौथो हुने टोलीबीच एलिमिनेटर खेल हुनेछ। पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबीच दोस्रो क्वालिफायर हुनेछ। पहिलो र दोस्रो क्वालिफायरको विजेताबीच फाइनल खेल हुनेछ। प्रतियोगिताको विजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछन् भने उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख हात पार्नेछन्। यसैगरी, प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित हुनेलाई पनि आकर्षक पुरस्कार प्राप्त गर्ने नेबाले जनाएको छ।


## शैल्यशिखर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।१२।०५

यस कार्यालयबाट मिति २०८२।०८।२२ गते प्रकाशित सूचना अनुसार तपशीलका निमाण व्यवसायिको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपाम प्रभावग्राही भई स्वीकृतिका लागी सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृति सम्बन्धी ७ (सात) दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. स. | ठेक्काको नाम, नम्बर | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | कबोल अंक रू. (भ्याट बाहेक) |
|---|---|---|---|
| 1 | Construction Of Shree Gokuleshwor Secondary Building Shailyashikhar Municipality-9, Darchula(SM/NCB/W/1/2082/83) | R & C S – DNS – SKNS J.V., Mahakali -5, Darchula | 8,32,87,800.7 |

प्रमुख प्रशासकीय अधिकृत



## भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सुचना

प्रकाशित मितिः २०८२/१२/०५

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयबाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं | क्षेत्रफल |
| १. | स्व. सुवराती दर्जी | बाँके | होलिया | ९क | १३९ | ०-०-११.२५ | - | - | - | - |
| २. | अमर सिंह ठाकुर | बाँके | हिरमिनिया | ८ख | १३६ | २-१-८ | ८ | ०४१००५३ | ४३ | १४६४५.०० |
| | | बाँके | हिरमिनिया | ८ख | १३४ | ०-१२-२० | ८ | ०४१००५३ | ६५ | ५११०.०० |
| | | बाँके | हिरमिनिया | ८ख | १६४ | ०-७-८ | ८ | ०४१००५३ | ८६ | २९९५.०० |
| | | बाँके | हिरमिनिया | ८ख | १६६ | ०-३-१० | ८ | ०४१००५३ | १४६ | १४००.०० |
| | | बाँके | हिरमिनिया | | | | ८ | ०४१००५३-१७ | ४ | १८६.०० |
| | | बाँके | हिरमिनिया | | | | ८ | ०४१००५३-१७ | ८ | १४०.३४ |
| ३. | फिरोज खां | बाँके | हिरमिनिया | ८क | ७१ | १-६-२ | १७ | ०४१००५२ | १७ | ४७५०.०० |
| ४. | अजित कुमार सिंह | बाँके | हिरमिनिया | ८ख | १२९ | ०-१३-१६ | ८ | ०४१००५३ | ७२ | ४७४०.०० |
| | | | | ८क | १२५ | ०-४-१५ | ८ | ०४१००५३ | १४० | ६१९०.०० |
| | | | | ८क | २३१ | ०-१४-५ | | | | |
| | | | | ८ख | १२७ | १-८-१७ | ८ | ०४१००५३ | १४४ | १००१५.० |
| | | | | ८ख | १२५ | ०-५-४ | ८ | ०४१००५३ | १५१ | १२६०.०० |
| | | | | | | | ८ | ०४१००५३ | १७३ | ६००.०० |
| | | | | | | | ८ | ०४१००५३ | १८६ | ८५०.०० |
| | | | | | | | ८ | ०४१००५३ | १९५ | १८८५.०० |
| | | | | | | | ८ | ०४१००५३ | २६३ | २७३५.०० |
| | | | | | | | ८ | ०४१००५३ | २९४ | २३९०.०० |
| | | | | | | | ८ | ०४१००५३-१७ | ६ | ८४.५० |
| | | | | | | | २ | ०४१००११ | ८८३ | १६४.५० |
| | | | | | | | २ | ०४१००११ | ८८५ | ४४.५० |
| | | | | | | | ८ | ०४१००५३-१७ | ७ | ८६.५० |
| | | | | | | | ८ | ०४१००५३-१७ | १० | १८७.०० |
| ५. | पुनम बर्मा समेत-२ | बाँके | नगर | १ख | १२० | ०-०-१० | - | - | - | - |
| | | | नगर | १ख | १२१ | ०-०-१० | - | - | - | - |
| | | | साईगाउं | - | - | - | ६ | ०३५१५२६ | २७० | ६६०.०० |
| | | | साईगाउं | - | - | - | ५ | ०३५१५२६ | २२९ | ११२०.०० |
| | | | साईगाउं | - | - | - | ५ | ०३५१५२६ | २८७ | २४५५.०० |
| | | | परसपुर | ६ख | ७ | ०-८-४ | - | - | - | - |
| ६. | हनुमान कुर्मी | बाँके | बेलभार | ४ख | २०३ | ०-१०-०५ | ४ | ०३५१४०५ | २५१ | ३४४५.०० |
| | | बाँके | बेलभार | ३ख | ४१३ | ०-२-२.५ | ३ | ०३५१४४६ | ५३ | ४०५.०० |
| | | बाँके | बेलभार | | | | ३ | ०३५१४४६ | ३७१ | २०५.०० |
| ७. | बांके लाल कुर्मी | बाँके | बेलभार | १ख | १३ | ०-४-१ | १ | ०३५१४४५ | १२६ | १४३०.०० |
| | | | बेलभार | १ख | ३९ | ०-०-१९ | १ | ०३५१४४५ | १४९ | ३४५.०० |
| | | | बेलभार | १ख | ३६ | ०-०-१८ | १ | ०३५१४४५ | १५२ | ३१०.०० |
| | | | बेलभार | २क | १३६ | ०-२-२ | २ | ०३५१४४५ | १४६ | ७३०.०० |
| | | | बेलभार | २क | २३२ | ०-२-१८ | २ | ०३५१४४५ | १९२ | ९९०.०० |
| | | | बेलभार | २क | १०८ | ०-४-५ | २ | ०३५१४४५ | १७४ | १५००.०० |
| | | | बेलभार | २क | ९४ | ०-०-१५ | २ | ०३५१४४५ | १८४ | २२५.०० |
| | | | बेलभार | २क | २२८ | ०-२-१७ | २ | ०३५१४४५ | १८८ | १०५०.०० |
| | | | बेलभार | २क | २३१ | ०-४-१० | २ | ०३५१४४५ | १९१ | १४९५.०० |
| | | | बेलभार | २क | २५७ | ०-१-१८ | २ | ०३५१४४५ | २१२ | ६६५.०० |
| | | | बेलभार | २ख | १४३ | ०-५-४ | २ | ०३५१४४६ | १३७ | १८६०.०० |
| | | | बेलभार | ३ख | ४ | ०-२-९ | ३ | ०३५१४४५ | ५९ | ९१०.०० |
| | | | बेलभार | ३ख | ९२ | ०-०-१० | ३ | ०३५१४४६ | २१ | २४५.०० |
| | | | बेलभार | ३ख | ८९ | ०-०-१२ | ३ | ०३५१४४६ | ४७ | १९५.०० |
| | | | बेलभार | ३ख | २६३ | ०-३-२ | ३ | ०३५१४४६ | २४७ | ९९५.०० |
| | | | बेलभार | | | | ४ | ०३५१४४६ | ५२४ | २७०.०० |
| ८. | उर्मिला देवी यादव | बाँके | हिरमिनिया | | | | ६ | ०४१००१३ | २७२ | १९०५.०० |
| | | | हिरमिनिया | | | | ६ | ०४१००१३ | २७० | ११८५.०० |
| | | | हिरमिनिया | | | | ६ | ०४१००१३ | २६९ | १०४५.०० |
| | | | हिरमिनिया | | | | ६ | ०४१००१३ | २६८ | ११८०.०० |
| | | | हिरमिनिया | | | | ६ | ०४१००१४ | ६०८ | ७५३.०० |
| | | | हिरमिनिया | | | | ६ | ०४१००५२ | ९४७ | ६७७.२० |


सुजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोनः ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेलः info@souryadaily.com, मुद्रणः समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादकः बोधराज त्रिपाठी